
असार ८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



वार्ता छिनोफानोतिर




- राजाले संसद्मा शपथ लिनुपर्ने
- छोरी पनि 'राजा' हुन सक्ने
- राजाको योग्यता संसद्ले जाँच्ने
- मन्त्री नियुक्ति र फेरबदल प्रधानमन्त्रीले गर्ने
- कार्यसम्पादन नियमावली गोप्य नरहने
- सेनासम्बन्धी ३० ऐन नियम संशोधन हुने

# नयाँ–नयाँ कानुन




भास्कर ओझा

प्रतिनिधिसभा




वर्ष ३, अंक १११, असार २–८, २०६३




आवरण : प्रतिनिधिसभाको पृष्ठभूमिमा राजा ज्ञानेन्द्र
*तस्वीरः समय*


**आवरण :** प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजालाई सेरेमोनियल भूमिका दिने धारणा व्यक्त गरेकै बेला राजगद्दी उत्तराधिकारसम्बन्धी ऐनमा परिवर्तन गर्दै राजाले संसद्मा शपथ लिनुपर्ने र राजपरिवारको जेठो सन्तान राष्ट्रप्रमुख रहने व्यवस्था गरिएको छ । ३२

## स्वास्थ्य

आफन्तले दिएको पीडा बोकेर बाँचिरहेका एचआइभी संक्रमितहरू ! १४

## रिपोर्ट

युद्धमा त्रासदीहरूले अझै पिरोलिरहेका छन् १८

रुकुमेलीहरूको पीडा र त्रास २०

माओवादी पीडितलाई खै सहयोग ? २२

सहरमा नयाँ पागलप्रेमीहरू ३७

## राजनीति

अब शिखर वार्ताको तयारी २४

सरकारमा नयाँ समीकरणको खेल ३०

## व्यक्तित्व

नयाँ उपप्रधानमन्त्री अमिक शेरचन २९




भास्कर ओझा


**रंग :** नदेखेको भए हुन्थ्यो अनु तिमीलाई...सहरमा नयाँ मोडल ! ५४

| | |
|---|---|
| सम्पादकीय | ५ |
| डाँक | ८ |
| मुलुक | ११ |
| टिपोट | १२ |
| साहित्य | ५१ |
| खेलकुद | ४७ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
राष्ट्रिय साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा **(प्रबन्धक)**
दीपक श्रेष्ठ **(वितरण)**
मिलन लम्साल **(वितरण)**
गोपाल भट्टराई **(लेखा)**
राजकुमार श्रेष्ठ **(लेखा)**
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# सफल भ्रमण

## सम्पादकीय

**प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको** हालै सम्पन्न भारत भ्रमणलाई नेपालले तत्काल हासिल गरेको आर्थिक सहयोग (अनुदान या ऋण)को आधारमा नाप्नु दुई मुलुकबीच सुदृढ बन्न लागेको मित्रताको मर्मविपरित मानिनेछ। निश्चय पनि नेपाल र भारतको मित्रता प्राचीन र बहुआयामिक छ। एउटा कुनै विशेष यात्राले त्यसमा मौलिक परिवर्तन ल्याउन सक्छ भन्नु स्वयंमा अतिशयोक्ति पूर्ण हुनेछ। तर, विशेष परिस्थितिमा गरिएका निर्णय र उच्चस्तरीय भ्रमण अवश्य नै भावी सम्बन्धमा निर्णायक आधार बन्न सक्छन्। सम्भवतः कोइरालाको भ्रमणलाई त्यसै रूपमा लिइनु पर्छ।

मुलुकमा हालै सम्पन्न जनआन्दोलन अवश्य पनि खोसिन नसक्ने प्रजातन्त्रका लागि थियो। तर, आन्दोलन नेपालीको राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको अभिमत तथा अभिव्यक्ति पनि बन्न पुगेको थियो। कोइरालाले यात्रामा आन्दोलनको त्यो अभिमत तथा अभिव्यक्तिलाई पनि प्रतिनिधित्व गरेका थिए। त्यसैले उनले यसपल्ट भारत सरकारबाट त्यो सम्मान हासिल गरे, जुन उनलाई पहिलेका दुई (सन् १९९२ र सन् २०००) यात्रा ताका उपलब्ध थिएनन्। प्रधानमन्त्री मनमोहन सिंहले प्रोटोकल तोड्दै कोइरालालाई विमानस्थलमा नै स्वागत गर्न आउनु नेपाली जनताको प्रजातन्त्रप्रतिको प्रतिबद्धता र त्यो प्रतिबद्धताका प्रतिनिधिका रूपमा कोइरालाप्रतिको सम्मानको अभिव्यक्ति थियो।



द्विपक्षीय मित्रतामा पूर्वमा जस्तै कुनै विवाद उत्पन्न नहोस् भन्ने हिसाबले नै नेपालभन्दा बढी भारत यसपल्ट चिन्तित देखिएको थियो। छिमेकको जनअपेक्षा र संवेदनशीलता बुझेर दुवै पक्षले आफ्ना नीति तथा व्यवहार निर्धारण गरेमा सम्भवतः भारत र नेपालबीचका प्रायः सबै अस्थायी असमझदारीहरुको समाधान पाइनेछ।

नेपाललाई तत्काल आर्थिक संकटबाट माथि उठ्न अनुदानका साथै अल्पावधिक सहज ऋण, विकासका लागि भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने अपेक्षित घोषणाका साथै भारतले नेपालमा माओवादी सशस्त्र विद्रोहबाट उत्पन्न समस्या समाधानमा संयुक्त राष्ट्रसंघको संलग्नताका बारेमा निकै लचिलोपन देखाएको छ। यद्यपि, त्यो पर्याप्त नभएको र वार्ता प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानी प्रक्रियाले भारतको संवेदनशीलतालाई चोट पुऱ्याउने कुरा कोइरालाले आफ्ना समकक्षीसमक्ष उठाएका छन्।

प्रजातन्त्रको पक्षमा राजनीतिक तथा जनस्तरमा आम सहमति बनेजस्तै नेपालमा वैदेशिक मामिला र खास गरी छिमेकीहरुसँगको सम्बन्धका आधार तथा प्रकृतिबारे पनि विश्वास तथा सहमतिको वातावरण बन्नु आवश्यक छ। भारत विरोधलाई राष्ट्रियता मान्ने जड मानसिकताबाट पनि नेपाली विशिष्ट वर्ग मुक्त हुनु आवश्यक छ। जुन मुलुकमा लाखौंको संख्यामा नागरिक राष्ट्रियता र राष्ट्रिय स्वाभिमान तथा प्रजातन्त्रका लागि सडकमा आउन सक्छन्। जनता जागेको त्यो मुलुकको राष्ट्रियता त्यति कमजोर हुँदैन। यो अहिलेको परिप्रेक्ष्यमा नेपालका लागि मात्र नभएर विश्वको महान् प्रजातान्त्रिक मुलुक भारत तथा यी दुई छिमेकीको सम्बन्धका सन्दर्भमा पनि त्यतिकै प्रासंगिक हुन्छ। अपरिहार्य अवस्थामा या सरकार तथा माओवादी त्यस्तो निष्कर्षमा पुगेको अवस्थामा वार्ता अनुगमनमा संयुक्त राष्ट्रसंघको संलग्नताले भारतको हित या द्विपक्षीय सम्बन्धमा प्रतिकूल असर अवश्य पनि पार्ने छैन, खासगरी भारतले भावी संयुक्त राष्ट्रसंघमा सुरक्षापरिषद्को स्थायी सदस्यको भूमिका चाहेको अवस्थामा। ■




## समय साता

### जेठ २५ गते

- अख्तियार अनुसन्धान आयोगद्वारा प्रधामन्त्री गिरिजाप्रसाद कोइरालालाई सफाइ दिएकोमा कांग्रेसका सांसदहरूद्वारा आपत्ति, अनुसन्धानमा देखिएको कुरा बाहिर ल्याउनुपर्ने माग ।
- नेपालगन्जमा माओवादीको विशाल जनसभा, वार्ताका लागि माओवादीको दबाब कायम रहने नेताहरूको भनाइ ।

### जेठ २६ गते

- भारतद्वारा १० अर्ब रुपैयाँ सहयोग, वार्षिक अनुदान बढाएर एक अर्ब ५० करोड भारु बनाइयो ।
- व्यग्र प्रतीक्षा गरिएको विश्वकप फुटबल जर्मनीमा सुरु ।
- सैनिक एफएम इजाजत खारेज गर्न सञ्चार राज्यमन्त्रीद्वारा कर्मचारीलाई निर्देशन ।

### जेठ २७ गते

- प्रतिनिधिसभा नियमावली पारित, राजाका अधिकार कटौती ।
- शाहीसत्ताबाट रकम लिने पत्रकारहरूको विवरण सार्वजनिक, रकम लिनेमा नाम कहलिका पत्रकारहरूदेखि नाम नसुनिएका पत्रकार सम्म ।

### जेठ २८ गते

- मन्त्रिपरिषद्को विस्तार, उपप्रधानमन्त्रीमा जनमोर्चाका अमिक शेरचन, वाणिज्य तथा आपूर्तिमन्त्रीमा सद्भावना आनन्देवीका हृदयेश त्रिपाठी र जलस्रोत राज्यमन्त्रीमा प्रजातान्त्रिकका ज्ञानेन्द्रबहादुर कार्की नियुक्त ।
- अज्ञात समूहद्वारा एक विद्यार्थीको हत्या भएपछि त्यसको विरोधमा जनकपुर बजार पूर्ण बन्द ।

### जेठ २९ गते

- नेपाल सरकारद्वारा माओवादीलाई लागेका सबै मुद्दा फिर्ता, हिरासतमा रहेका सबै बन्दी रिहा गरिने ।
- भारतको आसाममा विद्रोहीहरूले गरेको बम आक्रमणमा परी सातजनाको मृत्यु, ७० घाइते ।

### जेठ ३० गते

- विस्तृत युद्धविराम सम्झौता गर्न संयुक्त राष्ट्रसंघद्वारा आह्वान ।
- चीनमा कर्मचारीहरूको सुविधामा केही कटौती भएपछि कर्मचारीलाई कार चढ्न रोक ।

### जेठ ३१ गते

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा राजालाई 'सेरेमोनियल किङ'को स्थान दिइनुपर्ने धारणा व्यक्त ।
- एमालेद्वारा आफ्ना कार्यकर्तालाई लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभिन आग्रह ।




## खै कम्प्युटरको स्क्रिनमा ?

म *समय* साप्ताहिकको नियमित पाठक हुँ। यसमा समावेश गरिएका लेख रचना र विश्लेषणको प्रशंसा गर्नै पर्छ। कतिपय सन्दर्भमा *समय*ले पस्किएका विचारले राजनीतिक महत्त्व राख्ने गर्छन्। तर, स्थापनाको दोस्रो वर्ष पूरा गरेर तेस्रो वर्षमा पाइला टेक्दासमेत *समय* जस्तो पत्रिकाले सूचना प्रविधिको महत्त्वलाई बुझ्न सकेन। सूचना प्रविधिको विकासले यत्रो फड्को मार्दा समेत *समय* भने समयसँगै नचलेर प्रेस प्रतिमा मात्र सीमित भएको छ।

नेपालका सुविधा प्रयोग गर्नको लागि मात्र निकालिएका पत्रिकाहरू त इन्टरनेटमा राखेको अवस्थामा *समय*ले किन सूचना प्रविधिको महत्त्व बुझ्न नसकेको हो ? कतै इन्टरनेटमा राखेर ग्राहक घट्छन् भन्ने भ्रम त छैन। यदि त्यसो हो भने इन्टरनेटमा राख्दा त झनै पत्रिका विदेशमा समेत लोकप्रिय हुने भएकाले ग्राहक घट्ने होइन, पत्रिकाको प्रवर्द्धन भएर झनै बढ्छ। यसका साथै हामीजस्ता विदेशमा मजदुरी गरिरहेकाहरूका लागि समयमै *समय* पढ्ने अवसर मिल्नेछ। आशा गरौं, अब चाँडै नै *समय*लाई कम्प्युटरको स्क्रिनमा पढ्न पाइन्छ।

■ **राजकुमार सुन्दास**
अल विक्रा होटल
अबुधाबी, युएई

## भारतको स्वार्थ ?

*समय*को वर्ष ३ अंक १०९ मा कसियो सम्बन्ध पढेपछि भारत सरकारले गरेको सहयोगको पछाडि केही आशंका छ कि जस्तो लाग्यो। विस्तारवादी नीति लिएको भारतले केही स्वार्थ पूरा गर्ने उद्देश्य नराखी नेपाललाई सहयोग गरेको पक्कै छैन होला। नेपालप्रति भारतको हेर्ने दृष्टिकोण सधैं शंकास्पद छ। सशस्त्र विद्रोही माओवादीहरू वार्ताको टेबुलमा आएको समयमा भारतले यसभन्दा अगाडि जस्तै वार्तालाई भाँजो हाल्ने काम नगरोस्। नेपाल र भारतबीच भएका गोप्य सम्झौताले कतै भोलि नेपालको सुनौलो भविष्यलाई हस्तक्षेप गर्न त खोजेको छैन अहिले नै सचेत हुनु पर्छ। जनताको एउटै मागको रूपमा रहेको गणतन्त्रलाई अस्वीकार गरेर राजालाई पुनः ठाउँ दिने खेलमा भारत नलागोस्। अन्यथा फेरि पनि जनताले त्यस्ता सम्झौतालाई कडा प्रतिवाद गर्नेछन्।

■ **सञ्जीव वगाले**
कलंकी-१४, काठमाडौं

## सानो दर्जा समयको

*समय*को वर्ष ३, अंक ११० हेर्ने मौका पाएँ र पछिल्लो पटकको जस्तै यसपालि पनि सेनाको बारेमा खोजीपूर्ण रिपोर्ट पस्केकोमा *समय* परिवारलाई बधाई नदिइ रहन सकिनँ। सेनाको सञ्जाल बुझी नसक्नु छ। हामीजस्ता सिपाहीमाथि त ठूला भनाउँदा सा'पहरूले शोषण मात्रै होइन उग्रशोषण नै गरेका छन्। यस्ताखाले समाचार बाहिर ल्याउने आँट सितिमिती सञ्चारमाध्यमले गर्दैनन्। त्यसैले हामीजस्ता तल्लो दर्जाका सिपाहीहरू सधैं मर्कामै रहेका छौं। हाम्रो आवाज *समय*ले अब पनि बोलिदेओस्।

■ **बहालवाला एक सिपाही**
काठमाडौं

## सलाम अमरबहादुर



*समय* वर्ष ३, अंक ११० को विशेष रिपोर्टअन्तर्गत सैनिक कल्याणकारी कोषको बारेमा खोजीपूर्ण समाचार पढें। भूतपूर्व अमल्दार अमरबहादुर थापालाई सलाम गर्न मन लाग्यो। जर्सापको अगाडि उभिँदा पनि औंला कमाउने नेपाली सेनाको अधिकारको लडाइँमा माथिल्ला सा'पहरूसँग कुस्ती खेल्न पछि नपर्ने अमरको त्यागपूर्ण समाचार पढ्न पाउँदा *समय*लाई समेत साधुवाद दिन मन लाग्यो।

सेनाभित्र रहेको चाकडी प्रथा उन्मूलन गर्न र सिपाहीका लागि आवज बुलन्द पार्न अमरले गरेको योगदानको कदर गर्न मन लाग्यो। सेनाभित्रको अन्याय अन्त्य गर्न अमरजस्ताहरू एक भएर लाग्नु पर्छ। सिपाहीको गाँस काटेर आफू मोटाएकाहरू विरुद्ध अमरको त्याग अन्य सिपाहीका लागि पनि पाठ सिक्नु पर्ने विषय हो। यस्ताखाले रिपोर्टलाई *समय*ले सार्वजनिक गर्दै जाओस्।

■ **विजय राजवंशी**
नक्साल-१, काठमाडौं

## दोषीलाई सजाय होस्



*समय* वर्ष ३, अंक ११० को अपराध रिपोर्ट हेर्दा केही लेख्नै मन लाग्यो। पक्कै पनि राजधानीमा बढेको चोरी र डकैतीबाट प्रहरी प्रशासनलाई टाढा राख्न सकिँदैन। विगत वर्षहरूमा पनि यस्ताखाले समाचार सार्वजनिक भएकै हुन् र यद्यपि भइरहेकै छन्। के प्रहरी प्रशासनलाई यो झमेलाबाट मुक्त गराउन सरकारले कुनै कदम चाल्न सक्दैन ? प्रहरी प्रमुखलाई समेत निलम्बन गरिसकेको अवस्थामा यस्ता साना समस्याको निराकरणका लागि सम्बन्धित दोषीमात्र होइन ऊ कसको नेतृत्वमा रहेको छ, उसलाई पनि कारबाही प्रक्रियाको थालनी गरे कसो होला ?

■ **विनोद बस्याल,**
गोकर्ण, काठमाडौं

## अझै श्री ५ को सरकार !

*समय*को अंक ११० पढ्दा पृष्ठ १० मा पनि आँखा पुग्यो। त्यो पृष्ठमा सेता अक्षरमा 'श्री ५ को सरकार...' लेखिएको विज्ञापन देखियो। पुछारमा दाम खर्च गर्नेको नामचाहिँ 'साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड' रहेछ। हामीलाई आयोडिन नुन बेच्न गरेको त्यो विज्ञापनमा नुनसँगै अमान्य घोषित 'श्री ५ को सरकार...' पनि बेच्ने जमर्को गरेको किन हो ? दामै कमाउन सचेत रुपमा छापियो वा भूलवश त्यस्तो हुन गयो ? जान्न मन लाग्यो।

■ **कपिल बन्धु**
काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# बुटवल अस्पतालमा अझै तनाव

**बुटवलको स्वास्थ्य** क्षेत्रमा भएको अप्रिय घटनापछि धेरै दिनहरू बितिसके पनि तनाव भने अझै सकिएको छैन ।

चिकित्सक, अस्पताल, निजी क्लिनिक र एम्बुलेन्सहरूमाथि केही दिन अघि एकैसाथ भएको आक्रमणका पीडितहरूले अझै क्षतिपूर्ति पाएका छैनन् । घटनाप्रति सरकारी भूमिका सकारात्मक नभएको भन्दै पीडित व्यवसायीहरूले दबाबमूलक संघर्षका कार्यक्रम संचालन गरेका छन् ।

जेठको दोस्रो साता बुटवलमा त्यस्तो अप्रिय घटना भएको थियो, जुन घटनामा उत्तेजित समूहद्वारा एक चिकित्सक डा. श्रीकृष्ण गिरी मरणासन्न हुने गरी कुटिएका थिए । एम्बुलेन्स जलाइएको थियो, बुटवलका प्रायः क्लिनिक र औषधी पसलहरू तोडफोड भएका थिए ।

सवारी दुर्घनामा घाइते भएका दीपक सापकोटाको मृत्यु प्रकरणलाई लिएर उत्तेजित र अनियन्त्रित ठूलो समूहले सो दिन त्यस्तो अराजक परिणाम निम्त्याएको थियो, जुन घटनाको विरोधमा इतिहासमै पहिलो पटक बुटवलका सम्पूर्ण स्वास्थ्य केन्द्र र औषधी पसलहरू धेरै दिनसम्म ठप्प भएका थिए ।

घटनामा संलग्न रहेको ठान्दै प्रहरीले चारजनालाई पक्राउ गरेको थियो । तर, घटनाका यति धेरै दिनसम्म पनि क्षतिपूर्ति नदिइएको भन्दै औषधी व्यवसायीहरू फेरि आन्दोलनमा उत्रिएका छन्, जुन आन्दोलनमा बुटवलका ३२ वटा संघसंस्था संगठित संजालले पनि सक्रिय समर्थन जनाएको छ ।

व्यवसायीहरूले क्षतिपूर्ति दिन र दोषीहरूलाई कारबाही गर्न प्रशाासन इमानदार नदेखिएको जनाएका छन् । औषधी व्यवसायी संघ लुम्बिनीका अध्यक्ष रोहितराज क्षेत्रीले क्षतिपूर्ति नदिने र दोषी उम्काउने खेल सुरु भएको आरोप लगाए ।

सो घटनाबारे छानबिन गर्न सरकारी तहबाट गठित छानबिन समितिले प्रतिवेदन सार्वजनिक गर्न अझसम्म आलटाल गरे पनि संघसंस्थाहरूको संजालबाट गठित नागरिकस्तरीय छानबिन समितिले तत्कालै छानबिन प्रतिवेदन सार्वजनिक गरेको थियो । उसले सो घटनामा डाक्टरको लापर्वाही नभएको ठहर गरेको थियो ।



■ दीपक ज्ञवाली/बुटवल (तस्वीर पनि)





नेपालगन्जमा आयोजित एक कार्यक्रममा माओवादी नेताहरू

# खुला राजनीतिमा पनि पोख्त

कार्यक्रम सुरु हुन लागेको थियो । प्रमुख अतिथि को हुने भन्ने निर्णय भइसकेको थिएन । सर्वसाधारणमा चासो थियो, जेठ २५ को नेपालगन्जको माओवादी सभामा प्रमुख वक्ता को बन्दैछ भन्ने । कार्यक्रम सुरु हुनु केही घन्टाअघि निश्चित भयो, नेपालगन्जको जनसभाको प्रमुख वक्ता मातृका यादव बन्दैछन् भने पश्चिमका प्रभावकारी कमाण्डर प्रभाकर (जनार्दन शर्मा) पनि उपस्थित हुँदै छन् ।

माओवादी जनसेनाका डेपुटी कमान्डर प्रभाकरको उपस्थिति हुने घोषणा सार्वजनिक भएलगत्तै नेपालगन्जस्थित रंगशाला एकैछिनमा भरीभराउ भयो ।

ठूला, अप्ठेरा ब्यारेक र राजमार्गमा आक्रमण गरेर दर्जनौं युद्ध जित्न सफल भइरहने छापामार समूहको नेतृत्व गरेका प्रभाकरको बारेमा चासो नराख्ने मान्छे सायद कमै थिए । युद्ध कलामा निकै सिपालु प्रभाकरको भाषण दोस्रो युद्धविरामको बेला पनि सुनेका थिए, नेपालगन्जवासीले । दोस्रो युद्धविरामको बेला गरेको जोसिलो, प्रस्ट र ओजपूर्ण भाषण नै यसपालि उनलाई पछ्याउने कारण बनेको थियो ।

युद्धकलामा सिपालु भए जत्तिकै भाषण र अरूलाई प्रभावित पार्न सक्ने क्षमता भएका प्रभाकर यसपालिको कार्यक्रममा पनि प्रमुख आकर्षक बने । पटक-पटक गर्ने जोसिला भाषणले प्रभाकर खुला राजनीतिमा पोख्त भइरहेको प्रमाण दिइरहेको थियो ।

एक दशकभन्दा लामो जनयुद्धको अधिकांश समय छापामार युद्धको लागि कहिले योजना बनाउने त कहिले लड्न जाने अनि कहिले सुरक्षाकर्मीहरूको आक्रमणबाट पन्छिँदै दर्जनौं युद्धको नेतृत्व गरेका प्रभाकरको भाषण शैली र ज्ञानका कारण खुला राजनीतिमा उनको स्तर अझ माथि उठेको सर्वसाधारणले महसुस गरेका छन् ।

'हामी शान्ति चाहन्छौं, अब युद्धमा फर्कदैनौं', पटक-पटक दोहोरिने उनको भनाइप्रति सर्वसाधारणले तालीले स्वागत गर्दै जाँदा उनले देशमा संविधानसभा अपरिहार्य भएको र संविधानसभापछि जे परिणाम आउँछ, त्यो सबैले पालना गर्नुपर्ने थिए । जनताले शान्ति चाहेको बेला पुनः माओवादीलाई हतियार बोक्न बाध्य नपारियोस्, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा रहेको बेला उनले चेतावनी दिए, 'भारतले नेपालमा हतियार सहयोग गरेर जनताको शान्तिपूर्वक बाँच्ने चाहनामा खेलवाड नगरोस् ।'

राजा यति बेला लाठीले हानेको सर्पझैं थपक्क बसेको अभिनय गरे पनि अहिलेको कानुन र गतिविधिमा परिवर्तन नभए राजा जुनसुकै बेला सक्रिय हुन सक्ने प्रति प्रभाकरले सबैलाई सचेत तुल्याए ।

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# टुक्रियो दलित गैरसरकारी महासंघ

**मुलुक संविधानसभामार्फत** राज्य पुनर्संरचना र समावेशी लोकतन्त्रको बाटोमा गएको समयमा दलित गैरसरकारी संस्थाहरू भने आन्तरिक विवादमा डुबेका छन्। दलित गैरसरकारी संस्था महासंघको हालै पोखरामा सम्पन्न सम्मेलन पश्चात महासंघ टुक्रिएको हो। डिबीसागर विश्वकर्माको नेतृत्वमा रहेको महासंघले आफ्ना माग सम्मेलनमा पाखा लगाएका कारण असन्तुष्ट पक्षले मेतीलाल नेपालीको नेतृत्वमा अर्को महासंघको घोषणा गरेको छ।

संस्थापन पक्षले निर्वाचनमा मतदान भएको अवस्थामा पराजित हुने भएपछि मतदानबाट बाहिरिएकाहरूले अर्को महासंघ घोषणा गरेको बताएको छ। तर, यो आरोपको असन्तुष्ट पक्षले खण्डन गरेको छ। असन्तुष्ट पक्षले तोकिएको समयअगाडि आफूहरूलाई जानकारी नदिई मध्यरातमा निर्वाचन गराएको आरोप लगाएको छ। संस्थापन पक्षका नवनिर्वाचित अध्यक्ष विश्वकर्मा भन्छन्, 'उहाँहरूले बन्दसत्रमा आफ्ना माग र असन्तुष्टि पोख्न सक्नुहुन्थ्यो। तर, त्यति बेला चुप लागेर पराजित हुने निश्चित भएपछि नियोजित रूपमा महासंघ फुटाउने षड्यन्त्र गरे।' तर असन्तुष्ट पक्षले भने महासंघभित्र पनि समानुपातिक र प्रजातान्त्रिक प्रणाली लागू गर्नु पर्ने लगायत शाही सत्ताको पक्षमा लागेका र भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने लगायतका माग संस्थापन पक्षले पाखा लगाएका कारण आफूहरूले अर्को महासंघ बनाउन बाध्य भएको बताएका छन्। असन्तुष्ट खेमाका अध्यक्ष नेपाली भन्छन्, 'महासंघभित्र पारदर्शिता र प्रजातान्त्रीकरणको आवाज उठाउँदा रातारात निर्वाचन अधिकृत परिवर्तन गरेर दादागिरी शैलीमा निर्वाचन गराएर आफैले निर्वाचन जितेको घोषणा गरेर बनेको महासंघ कसरी वैधानिक हुन्छ?'

संघको वैधताको बारेमा दुवै पक्षले सम्बन्धित निकायमा दाबी गरे पनि संस्थापन पक्षले १ सय ५५ प्रतिनिधिमा १ सय ३५ मत खसेको कारण असन्तुष्टहरूको दाबीमा कुनै तुक नभएको बताएको छ भने असन्तुष्ट पक्षले आफूहरूसँग साठीभन्दा बढी संस्थाको समर्थन रहेको दाबी गरेको छ।

विगतमा विवादमा पर्दै आएको महासंघको यो विवादले दलित हकहितभन्दा पनि व्यक्तिगत स्वार्थ र पदमोहमा दलित गैरसरकारी संस्थाहरू रमाउने गरेको देखाएको विश्लेषकहरूले बताएका छन्। अहिलेको परिवर्तित राजनीतिक अवस्थामा नयाँ संविधानमा दलितहरूको हक अधिकार कसरी सुनिश्चित गर्ने भन्नेमा दलितको गाउँ गाउँमा गएर छलफल गर्नु पर्नेमा एकापसमै आरोप प्रत्यारोप लगाउने गतिविधिले आन्दोलनलाई नै कमजोर बनाउने दलित बुद्धिजीवीहरूले बताएका छन्। महासंघमा १ सय ५५ संस्था आबद्ध छन भने आबद्ध नहुनेको संख्या त्यो भन्दा अत्यधिक छ। देश एक हजारभन्दा बढी दलितको हकहितमा काम गर्ने उद्देश्य बोकेका संस्था कार्यरत छन्। ■

## अब सार्वजनिक ठाउँमा धुमपान निषेध

**सार्वजनिक ठाउँमा** धुम्रपान निषेध गर्न सर्वोच्च अदालतले सरकारका नाममा परमादेश जारी गरेको छ। सर्वोच्चले धुम्रपान र सुर्तीजन्य वस्तुको सेवनबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असरका जनचेतना जगाउन र व्यापक प्रचार प्रसार गरी धुम्रपान रोक्ने आवश्यक कानुन तर्जुमा गर्नसमेत सरकारलाई निर्देशन दिएको छ। जनहित संरक्षण मञ्चले दायर गरेको रिटमा न्यायाधीशद्वय अनुपराज शर्मा र राजेन्द्रप्रसाद कोइरालाको इजलासबाट यस्तो आदेश भएको हो। यो आदेशले चुरोट र सुर्तीजन्य वस्तुको विज्ञापनमा समेत रोक लगाउन भनेको छ।

सार्वजनिकस्थलमा धुम्रपान नियन्त्रण गरी जनस्वास्थ्य र वातावरणीय स्वच्छता कायम गराउनु सरकारको दायित्व रहेको रिटमा उल्लेख गरिएको थियो। छिमेकी मुलुक भारतमा विगत दुई वर्षदेखि सार्वजनिकस्थलमा धुम्रपान गर्न निषेधित छ। भारतमा सीमित क्षेत्रबाहेकका मदिरा पसल, होटल र रेस्टुराँमा समेत धुम्रपान गर्न पाईदैन। भारतलगायत अमेरिका, अस्ट्रेलिया, क्यानडा, आयरल्यान्ड, इटाली, नर्वे, सिंगापुर लगायतका मुलुकमा सार्वजनिकस्थलमा धुम्रपान पूर्णरूपमा निषेधित गरिएको छ।

■ गोविन्द परियार/काठमाडौं

## परराष्ट्र सचिवमा बस्न्यात

**झन्डै १० महिना** रिक्त रहेको परराष्ट्र सचिवको पदपूर्ति तत्काल गर्ने निर्णय सरकारले लिएको छ। बंगलादेशका लागि राजदूत भागीरथ बस्न्यातलाई उक्त दायित्व दिने सहमति प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा परराष्ट्र मन्त्रालयको जिम्मेवारी पाएका उपप्रधानमन्त्री खड्ग ओलीबीच भएको बुझिएको छ। बस्न्यातलाई अनौपचारिक रूपमा स्वदेश फर्कन पनि मन्त्रीस्तरबाट सन्देश दिइएको परराष्ट्र मन्त्रालय सूत्रले बताएको छ।

परराष्ट्र सचिव मधु आचार्यलाई गत वर्ष संयुक्त राष्ट्रसंघमा महाधिवेशनको पूर्वसन्ध्यामा स्थायी प्रतिनिधि बनाएर न्युयोर्क पठाएपछि शाही सरकारले कसैलाई पनि उक्त दायित्व दिएको थिएन। शाही सत्ताको समाप्तिपछि जगेडामा पुऱ्याइएका वरिष्ठ सहसचिव प्रदीप खतिवडालाई फिर्ता बोलाई कामु सचिव मुकरर गरिएको थियो। ■


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# थाई आत्मबलका ६० वर्ष

**विश्वमा राजतन्त्र** अब विरल संस्था बन्न पुगेको छ । जनताको राजकाजमा सहभागिताको अनुपात प्रजातन्त्रको विस्तारसँग झन् बढेको छ । विश्वमा अहिले सम्पूर्ण मुलुकका करिब ६६ प्रतिशतभन्दा बढी मुलुकमा प्रजातन्त्र स्थापित छ र त्यसमध्ये कयौंमा अलोकप्रिय बन्दै गएको राजतन्त्रले उपभोग गर्दै आएको अधिकार जनताका प्रतिनिधिमा हस्तान्तरण गरिएको छ ।

तर, एसियाली राष्ट्र थाइल्यान्ड आफैमा एउटा अपवाद बन्न पुगेको छ । सत्ता परिवर्तन र दलहरूको अलोकप्रियताले राजालाई कुनै रूपमा प्रभावित गरेको छैन । बरु उनी जनताका नजरमा अति प्रिय र आदरणीय मात्र हैन, विवादभन्दा धेरै माथि छन् ।

राजा भूमिबोल अदुल्लाद (७८) ले राज्यारोहणको ६० वर्ष पूरा गरे गत साता (जुन ९ मा) राजनीतिशास्त्रमा स्विटजरल्यान्डबाट उच्चशिक्षा हासिल गरेका सम्राट भूमिबोल वास्तवमा व्यवहारिक, वैज्ञानिक तथा राज्यको कल्याणकारी आदर्श पक्षको प्रयोग र कार्यान्वयनमा तल्लीन रहँदै आएका छन् । उनको त्यही निरन्तरताले नै भूमिबोल एक्लो राजा बन्न



पुगेका छन्, एक्काइसौं शताब्दीमा पनि । राजा साँच्चै नै आदर र मुलुकको एकताका पात्र बन्न सक्छन् भन्ने थाइ जनताको विश्वास खुकुलो हैन, बरु दरिलो बन्दै गएको छ ।

अधिकांश जनता कृषिमा निर्भर मुलुकका राजाले कम्मर कसे । उक्त पेसालाई सम्मान दिए मात्र जनता सम्मानित महसुस गर्छन् भन्ने मान्यताका साथ उनी किसानहरूका पथप्रदर्शक बन्न पुगे- माटोको संरक्षण, बाली विकास, वातावरण संरक्षण तथा भूमि प्रवर्द्धनजस्ता परियोजना आफै जन्माएर । कृषिसम्बन्धी अनुसन्धानकै लागि उनले आफ्नो 'चित्रलेखा भिल्ला' दरवार उक्त परियोजनालाई दिए सन् १९६२ मा ।

यसका साथै जनसामान्यलाई आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराउन उनले 'शाही स्वास्थ्य टोली' अवधारणालाई व्यवहारमा उतारे । ग्रामीण स्वयंसेवीहरूलाई स्वास्थ्यसम्बन्धी तालिम दिँदै डाक्टर नपुग्ने ठाउँका जनताले पनि स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाए उनले ।


अर्थात् उनी सत्तामा टाँसिएर या त्यसलाई नियन्त्रण गर्नुभन्दा त्यसबाट टाढिएर जनताको मूल आवश्यकतापूर्तिमा आफूलाई जोड्ने प्रक्रियामा नै रही रहे । विगत ६० वर्षमा उनले आफ्नो प्रयोगबाट राजा मुलुकको अग्रगमन, विकास तथा आर्थिक समृद्धिका लागि बाधक हैन, अपरिहार्य तथा प्रेरक कारक भएको पुष्टि गर्न सके । त्यसैले थाइ नरेश मुलुकमा अत्यन्त लोकप्रिय बनेका छन् । ■

# हण्डी खाने पत्रकारमाथि छानबिन

**लोकतन्त्रविरोधी शाही** सरकारको पक्षपोषण गर्ने सर्तसहित हन्डी खाने पत्रकारहरूमाथि नेपाल पत्रकार महासंघले छानबिन गर्ने बताएको छ । शाही सत्ताले निरंकुशतन्त्र मजबुत बनाउन विभिन्न सञ्चारमाध्यमका पत्रकार र सञ्चार गृहहरूलाई गैरकानुनी रकम वितरण गरेको हालै खुलासा भएको छ । गत असोजमा शान्तिका लागि प्रचार प्रसार गर्न भनी राज्यकोषबाट ७५ लाख रुपैयाँ पत्रकार र सञ्चारसंस्थाहरूलाई वितरण गरेको तथ्य सञ्चार मन्त्रालयले सार्वजनिक गरेको छ । रकम लिनेमा गनिएका पत्रकारहरूले आफूहरूले रकम नलिएको दाबी गरे पनि त्यसको पुष्टि हुन सकेको छैन । निरंकुश सत्ताको पृष्ठपोषण गर्नको लागि रकम लिएका कारण नेपाल पत्रकार महासंघले काठमाडौं शाखाका सभापति युवराज विद्रोही र महोत्तरी शाखाका सभापति हरि मण्डललाई निलम्बन गर्दै स्पष्टीकरण मागेको छ । महासंघले रकम वितरणको विवरण र रकम बुझ्दा प्रयोग गरिएका कागजातहरू उपलब्ध गराइदिन सरकारसँग अनुरोध गरेको छ ।

उता प्रेस चौतारी नेपालले पनि आफ्ना चार सदस्यहरूलाई शाही सरकारबाट रकम लिएका कारण तीन महिनाको लागि साधारण सदस्यसमेत नरहने गरी निलम्बन गरेको छ । कतिपय पत्रकारहरूले रकम नलिएको दाबी गरेको सन्दर्भमा सञ्चार मन्त्रालयले छानबिन समिति बनाएर सत्य तथ्य प्रमाणित गर्नु पर्ने आवाज उठ्न थालेको छ । केही पत्रकारले रकम लिएको प्राणित गर्न चुनौती दिएपछि निष्पक्षरूपमा छानबिन गराउने जिम्मेवारी मन्त्रालयमा थपिएको छ । निरंकुश सत्ताविरुद्ध समग्र सञ्चारजगत् आन्दोलित भएका बेला रकम लिएको आरोप लागेका केही पत्रकारहरूले आफू संलग्न भएको संस्थाबाट राजीनामा दिएका छन् ।

■ गोविन्द परियार/काठमाडौं



# आफन्तकै पीडा

■ मनीष गौतम/काठमाडौं (तस्वीर पनि)

**गर्भमै छँदा** एचआइभी संक्रमित एक वर्षीया नीलमका आमाबाबुको मृत्यु एड्सबाट भएको थियो । नीलमकी आमा गृहिणी थिइन् । उनलाई पतिबाट एचआइभी संक्रमण भएको थियो । त्यसैगरी डेढ वर्षीया सारालाई पनि जन्मँदै एचआइभी संक्रमण भएको हो । उनका बाबुआमाको मृत्यु पनि एड्सकै कारण भयो ।

अहिले यी दुवै बालिकाले माइती नेपालमा आश्रय पाएका छन् । टुकुटुकु हिँड्ने र तोतेबोली बोल्ने यी नानीहरूको जीवन आमबच्चाको झैं बितिरहेको छ । बुझ्ने भएपछि उनीहरूले आफूलाई कस्तो अवस्थामा पाउलान् ? बाल मनोविज्ञानसँग जोडिएको यो प्रश्नको उत्तर पक्कै सहज छैन ।

डेढ वर्षदेखि माइती नेपालमा रहँदै आएकी सात वर्षीया जुना (नाम परिवर्तन) आजभोलि विद्यालय गएकी छैनन् । खेल्ने क्रममा अचानक लडेकी उनको निधारमा चोट लागेको छ । उनकी नौ वर्षीया दिदी पढ्न गएकी छन् । स्कुल नगएका बेला उनी नीलम र सारासँगै खेल्छिन् । जुना र उनकी दिदी पनि एचआइभी संक्रमित हुन् । यी दुवै दिदीबहिनीलाई पनि गर्भमै एचआइभी सरेको थियो । मुसुक्क हाँस्ने तर बोल्न संकोच मान्ने जुनाले एचआइभी-एड्सको शब्दसमेत सुनेकी छैनन् । तर, यति बेला जीवन आयु लम्ब्याउने 'एन्टी रेट्रोभाइरल-एआरभी' औषधी सेवन गरिरहेकी छन् ।


गोकर्णस्थित माइती नेपालद्वारा एचआइभी संक्रमित महिला तथा बालबालिकाको हेरचाह तथा उपचारका लागि सञ्चालित 'हस्पिस'मा अहिले एक वर्षदेखि १२ वर्षका २४ जना बालबालिका आश्रित छन् । गाँस, बास तथा शिक्षाको सुनिश्चतता भए पनि एचआइभी/एड्सले निम्त्याएको पारिवारिक विखण्डनले उनीहरूलाई सधैं पछ्याइरहनेछ ।

दस वर्षीया कविता (नाम परिवर्तन)लाई एचआइभी भनेको के हो थाहा छैन, तर यसका नाममा उनले प्रशस्तै मानसिक तनाव झेलेकी छन् । भारतमा काम गर्ने उनका बाबुलाई त्यहाँ छँदा असुरक्षित यौनसम्पर्कबाट एचआइभी संक्रमण भयो र त्यो उनको आमामा पनि सऱ्यो । संक्रमित आमाबाबुबाट जन्मिएकी कवितालाई एचआइभी छ । 'गाउँको स्कुलमा मलाई साथीहरूले तलाई एड्स छ छुनु हुँदैन, तेरो बाउ त एड्स लागेर मऱ्यो भनेर जिस्काउँथे', हाल राजधानीस्थित एक पुनःस्थापना केन्द्रमा रहँदै आएकी कविताले भनिन्, 'स्कुलका मिसहरूले पनि एड्स लागेकालाई त काठमाडौं लग्छन्, तँलाई चाहिँ कहिले लग्ने हुन् भनेर सोधिरहन्थे ।' सानै उमेरमा एड्सका नाममा भोगेको पीडाले उनलाई अझै झस्काइरहन्छ ।

एचआइभी संक्रमित बालबालिकाको संख्या यकिन नभए पनि यो संख्या हजारभन्दा माथि रहेको अनुमान गरिएको छ । त्यसैगरी एड्सले गर्दा आमाबाबुविहीन अवस्थामा पुगेका बालबालिकाको संख्या १५ हजार नाघेको अनुमान गरिएको छ । सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने तथा असुरक्षित यौनव्यवहारमा संलग्न आमाबाबुका कारण यी बालबालिकाले विना कुनै दोष पीडा खेप्नु परिरहेको छ ।

त्यसैगरी मुलुकमा १५ हजारभन्दा बढी महिला एचआइभी संक्रमित भएको अनुमान गरिएको छ ।

**सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने तथा असुरक्षित यौनव्यवहारमा संलग्न आमाबाबुका कारण बालबालिकाले विना कुनै दोष पीडा खेप्नु परिरहेको छ ।**



सारा र नीलम

# छोराछोरीको मृत्युमा असहाय 'आमा'


पम्फा अधिकारी

**उनी सत्र वर्षको** उमेरमा बेचिएकी थिइन्। ११ वर्षअघिको कुरा, काठमाडौंबाट पुर्ख्यौली घर गोरखा जाने क्रममा उनलाई अपरिचित युवकले नौबीसेमा बेहोस पारेपछि २८ वर्षीया पम्फा अधिकारीको होस एकै पटक मुम्बईको कोठीमा खुलेको थियो। 'मैले तीन वर्ष त्यस काल कोठरीमा बिताएँ', नारकीय जीवन सम्झिँदै पम्फा भन्छिन्, 'तीन वर्षमा पहिलो पटक म कोठीबाट निस्कँे र त्यो नै मेरो अन्तिम बसाइँ बन्यो।' मौकाले त्यतिका वर्षपछि एकपटक कोठीबाट बाहिर निस्कन पाएकी उनी सीधै प्रहरी थानामा पुगेर जीवन रक्षाका लागि 'आत्मसमर्पण' गरेकी थिइन्। भारतीय प्रहरीले उनलाई उद्दार गरी माइती नेपाल पठायो। यसबीचमा उनी तीन पटक मात्र आफ्नो घर गोरखा गएकी छन्।

'मलाई एचआइभी संक्रमण भएको छ भन्ने थाहा पाएको पाँच वर्ष मात्रै पुगेको छ', पम्फा भन्छिन्, 'मलाई एचआइभी छ भन्दा केही फरक परेन किनकि त्योभन्दा पनि ठूलो आँधीबेहरी मैले मेरो जिन्दगीमा व्यहोरेकी थिएँ।'

अहिले पम्फा माइती नेपालद्वारा एचआइभी संक्रमित महिला तथा बालबालिकाका लागि सञ्चालित 'हस्पिस'मा रहँदै आएकी छन् आफूसरह जिन्दगी बाँच्दै आएका एचआइभी संक्रमित महिलाका साथ। पम्फाले 'हस्पिस'मा रहेका एचआइभी संक्रमित दुई दर्जन बालबालिकाको आमाको भूमिका निर्वाह गरेकी छन्। 'यहाँ सबै एउटै परिवारझैं लाग्छ किनकि सबैको कथाव्यथा समान छ,' पम्फा भन्छिन्।

एचआइभी संक्रमित अधिकांश बच्चाले उनलाई आमा भनेर सम्बोधन गर्छन्। यहाँ रहेका तेह्रजना एचआइभी संक्रमित बालबालिकाका आमाबाबु दुवै छैनन्। 'मैले मेरै काखमा उनीहरूलाई हुर्काएकी छु', पम्फा भन्छिन्, 'त्यसैले उनीहरूले आमा खोज्दा आफूले त्यो बिर्साइदिनु पर्छ र त्यसका लागि उनीहरूलाई छोराछोरीसरह माया दिनु पर्छ।'

आमासरह माया दिएर हुर्काएका एचआइभी संक्रमित सातजना बच्चा आफ्नै आँखाअगाडि मरेको उनले टुलु टुलु हेर्नु परेको छ। 'कति त मेरै काखबाट बिदा लिएका छन्', आँखा रसाउँदै पम्फाले भनिन् 'एड्स भएर मरेका कतिपयको काजक्रिया म आफैले गरेकी छु।' हस्पिसमा रहेका बच्चासँग रातदिन सँगै रहने पम्फाले तर कसैको विगतबारे बुझ्ने कोसिस गर्दिनन्। 'मेरो काम माया दिनु हो', उनी भन्छिन्, 'बाँचुन्जेल यिनीहरूलाई हेर्न र स्याहार्न पाऊँ भन्ने मात्र इच्छा छ।' ■

यसमा महिला यौनकर्मीको संख्या उल्लेख्य भए पनि पछिल्ला दिनमा एचआइभी संक्रमणको जोखिममा गृहिणीसमेत परेका छन्। यसका लागि पुरुषको असुरक्षित यौन व्यवहार नै मुख्य कारक बनेको छ।

२८ वर्षीया सविता (नाम परिवर्तन)लाई कलिलै उमेरमा सुन्दर जीवन भताभुंग होला भन्ने कल्पनासमेत थिएन। सत्र वर्षको कलिलै उमेरमा विवाह बन्धनमा बाँधिएकी उनलाई अन्ततः पतिबाटै धोका भयो। कमाउन भारततिर छिरेका पतिको असुरक्षित यौनसम्पर्कले निम्त्याएको एचआइभी संक्रमणले सविताको जीवनमा अकल्पनीय आँधी ल्यायो।

दुई छोरीकी आमा सविता पनि राजधानीस्थित एक पुनःस्थापना केन्द्रमा चार वर्षदेखि कान्छी छोरीसँग बस्दै आएकी छन्। घर छोडेदेखि उनको जेठी छोरीसँग एकपटक पनि भेट भएको छैन। उनी भन्छिन्, 'कहिलेकाहीँ मन्दिर जान्छु र त्यति बेलै बाहिरबाट ठूली छोरीसँग फोनमा बोलाएर कुरा गर्छु।'

६ वर्षअघि उनका पतिको एड्सका कारण मृत्यु भएपछि रगत जचाउँदा उनमा एचआइभी देखिएको थियो। 'त्यसपछि घरपरिवारले घृणा गर्न थाले। छिमेकीले पनि एचआइभी छ भनेर नराम्रो व्यवहार गर्थे', उनी सम्झिन्छन्, 'सहनै गाह्रो भयो अनि कान्छी छोरी लिएर घरबाट निस्कँे।'

घरमा सासूससुराले 'छोरो मरिसक्यो यसको के काम' भनेझैं व्यवहार गर्थे उनीसँग। भाग्यवश सविताका दुई छोरीहरू एचआइभी संक्रमित छैनन्। सविता भन्छिन्, 'आफ्नो जिन्दगी यसै अधुरो भइहाल्यो। मेरा दुई छोरीको व्यवस्था मिलाएर मर्न पाए सन्तोष लाग्थ्यो।' एचआइभी/एड्सका नाममा आँखा सामुन्ने महिला तथा बालबालिकाले भोग्नु परेका पारिवारिक तथा सामाजिक विभेदका यी केही उदाहरण हुन् जसले संक्रमणबाट निम्तिने भयावह स्थितिको चित्रण गर्छन्। 'गरिबीसँग प्रत्यक्ष जोडिएको एचआइभी संक्रमणमा महिला तथा बालबालिका मारमा परेका छन्', नेपालस्थित युएनएड्स संयोजक आरोरिता मेन्डोजा भन्छिन्, 'एचआइभी संक्रमणको जोखिममा रहेका महिला तथा बालबालिकालाई लक्षित गरी विशेष सुरक्षा रणनीति बनाउनु आवश्यक छ।'

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र यति बेला एचआइभी/एड्ससम्बन्धी पाँचवर्षे (सन् २००७-११) रणनीति तयारीमा जुटेको छ। यसमा एचआइभी संक्रमणको जोखिममा रहेका महिला तथा बालबालिकाको सवाललाई प्राथमिकतामा पार्न एचआईभी संक्रमित तथा प्रभावित महिला समूहहरूले गरेका छन्।

## अग्रसरता एचआइभी संक्रमित महिलाको

घटनाहरूले देखाउँछन्, विशेषगरी एचआईभी संक्रमित महिला र उनीहरूमा आश्रित परिवारमाथि सामाजिक विभेदले योसँग जुध्न समस्या उत्पन्न गरेको छ। यसखाले विभेद एड्सविरुद्धको अभियानमा लागेका संस्था तथा सरकारलाई पनि ठूलो चुनौती हो। तर, पछिल्लो समयमा एड्सविरुद्धको अभियानमा थोरै भए पनि एचआइभी संक्रमित महिलाहरूले संस्थागत होस् या व्यक्तिगत तवरमा उदाहरणीय प्रयास गरेका छन्।

गर्भावस्थामा थापाथली प्रसूति गृहमा भर्ना भएकी गीतालाई एचआइभी संक्रमित भएकै कारण अस्पतालमा कार्यरत केही चिकित्सक तथा स्वास्थ्यकर्मीले उनलाई 'ए एचआइभी' भनेर बोलाएको तितो स्मरण अझै पनि छ। यो अढाई वर्ष अघिमात्रको कुरा हो। तर, समयले उनलाई परिपक्व बनाएको छ। अहिले उनी माइती नेपालमा 'सोसल मोटिभेटर'को रूपमा कार्यरत छिन्। 'जोखिमपूर्ण यौनव्यवहारमा रहेकालाई एचआइभी संक्रमणबाट सुरक्षित रहन म गाउँ गाउँमा गएर जनचेतना दिन्छु', २५ वर्षीया गीता भन्छिन्, 'संक्रमित भएर दुर्व्यवहार खेपेकी म आज यो अवस्थामा पुग्छु भन्ने कल्पना पनि गरेकी थिइनँ।'

तर गीताको झैं कथाव्यथा बोकेका एचआइभी संक्रमित महिलाहरू कोही सार्वजनिक रूपमै, कोही गुमनाम रूपमा अहिले मुलुकमा एचआइभी/एड्सविरुद्धको अभियानमा सक्रिय छन्। एचआइभी संक्रमित तथा प्रभावित ११ महिलाको पहलमा २ वर्षअघि खुलेको ललितपुरस्थित स्नेह समाजले उपचारका लागि संक्रमित महिलालाई स्याहार तथा उपचार सेवा उपलब्ध गराउँदै आएको छ। विशेष गरी उपत्यकाबाहिर रहेका एचआइभी संक्रमित महिला यस सेवाबाट लाभान्वित भएका छन्। सात शय्या रहे पनि संख्या बढेमा भुइँमै ओछ्यान लगाएर बिरामी राखिने समाजले बताएको छ। यसरी आउने एचआइभी संक्रमित दिदीबहिनी बढीमा तीन सातासम्म यहाँ रहने गर्छन्। 'उपचारका लागि आउने दिदीबहिनीलाई अस्पताल लैजाने, ल्याउने र यहाँ रहँदासम्म हेरचाह गरिन्छ', संस्थाकी संयोजक वसुन्धरा अधिकारी भन्छिन्, 'यस सेवाबाट दिदीबहिनीलाई होटल वा लजमा बसेर उपचार गर्नु पर्ने बाध्यतालाई कम गरेको छ।' साताको एकपटक विशेषज्ञ चिकित्सकलाई यहाँ नै ल्याएर बिरामीको स्वास्थ्य परीक्षण गर्ने गरिएको छ।

६ महिनायता राजधानीबाहिरका ६५ भन्दा बढी एचआइभी संक्रमित महिलाले स्नेह समाजको सेवा लिएका छन्। 'उपचारका लागि काठमाडौंसम्म आएका यी महिलाको स्थिति नाजुक छ', अधिकारी भन्छिन्, 'कतिपयको श्रीमान्को मृत्यु भएर घरको सबै जिम्मा बहन गर्नु परेको छ भने कयौं महिलालाई श्रीमान् एड्सका कारण मरेकाले घरपरिवारले



गीता



दीक्षा रिमाल

निकालिदिएका छन् ।'

त्यस्तै एक वर्षअघि सातजना एचआईभी संक्रमित तथा प्रभावित महिलाको नेतृत्वमा स्थापित सहारा प्लसमा अहिले राजधानीलगायत यसका छिमेकी जिल्लाका महिलाहरू समेटिएका छन् । 'सीपमूलक तालिम लिएर उनीहरूलाई सबल बनाउन हाम्रो संस्थाले यी महिलालाई विभिन्न आर्ट तथा पेन्टिङको काम सिकाइरहेको छ', एचआइभी संक्रमित तथा प्रभावित महिला समूह सहारा प्लसकी अध्यक्ष रोजी खड्गी भन्छिन् । त्यस्तै गुह्येश्वरी नजिकै रहेको एचआइभी संक्रमित तथा प्रभावित महिलाहरूको संस्था शक्ति मिलन केन्द्रले पनि महिला तथा बालबालिकाको लागि काम गरिरहेको छ ।

एचआइभी संक्रमित महिलाहरूको यो अग्रसरतामा राजधानीबाहिरका महिलाले आशालाग्दो पहिचान बनाएका छन्, जसमा चितवन सक्रिय समूह, मकवानपुर महिला सक्रिय समूह आदि पर्छन् । एक वर्षअघि चितवनमा सम्पन्न एचआइभी संक्रमित महिलाहरूको 'ब्युटी कन्टेस्ट'मा सहभागी भएर 'सुन्दरी'को ताज हात पारेकी दीक्षा रिमाल लगायतका अन्य संक्रमित महिलाको पहलमा स्थापित चितवन सक्रिय समूहको गठनपछि यसले एचआइभी संक्रमितप्रति गरिने भेदभाव तथा लाञ्छना कम गर्न अभियान जारी राखेका छन् भने हक अधिकारका लागि आवाज उठाएका छन् । 'समूहको गठनपछि समाजमा संक्रमितप्रति गरिने व्यवहार सकारात्मक बनेको छ', संस्थाकी अध्यक्ष दीक्षा भन्छिन्, 'तर संक्रमितहरूको उपचार तथा पुनःस्थापनाका लागि अझै चुनौती बनेको छ ।'

एड्सविरुद्धको अभियानमा खुलेर लागेकी २८ वर्षीया अप्सराले पश्चिमाञ्चल क्षेत्रको नेतृत्व गरेकी छन् । उनी राष्ट्रिय एचआइभी तथा एड्स महासंघ नेपालको पोखरास्थित क्षेत्रीय कार्यालयको संयोजकको रुपमा कार्यरत छन् । त्यसैगरी एचआइभी/एड्समा सक्रिय संस्था पालुवामा स्वयंसेवीका रूपमा कार्यरत छन् । एचआइभी-एड्ससम्बन्धी जनवकालत गर्ने अप्सराले यसको संक्रमणमा परेका महिला तथा बालबालिकाको आवाज प्राथमिकताका साथ उठाउने गरेकी छन् ।

त्यसैगरी मकवानपुर महिला समूह महिलाहरूद्वारा सञ्चालित सबैभन्दा अनुभवी तथा प्रभावकारी समूह मानिन्छ । एचआइभी संक्रमित तथा प्रभावित भएको बाह्रजना महिलाको नेतृत्वमा पाँच वर्षअघि स्थापित यस समूहले एचआइभी संक्रमित तथा प्रभावित भएका महिलालाई आत्मनिर्भर बनाउन 'आयमूलक' कार्यक्रम सञ्चालन गरेको छ । यसका लागि समूहले महिलालाई सिलाइ बुनाइ, कृषि तथा पशुपालनका लागि लगानी गरेको छ । 'यसबाट एचआइभी संक्रमित तथा प्रभावित महिलाहरूलाई आफ्नै मेहनतले बाँच्न मद्दत पुगेको छ', समूहकी अध्यक्ष राधिका चौलागाईं भन्छिन्, 'समूहबाट लिएको ऋण दिदीबहिनीले समयमै चुक्ता पनि गरेका छन् ।' त्यसबाहेक संस्थाले एचआइभी संक्रमित तथा प्रभावित महिलाका लागि 'पौष्टिक आहार' कार्यक्रम पनि सञ्चालन गरेको छ भने झन्डै ४० जना संक्रमित तथा प्रभावित बालबालिकालाई पढ्ने व्यवस्था मिलाइदिएको छ । ■



# मायामा स्त्री शक्ति फक्रेपछि

■ सुलोचना मानन्धर

जब हाम्री आधा आकाश या नारीको कुरा गर्छौं, झट्ट माथिबाट हेर्दा युगौंदेखि बादल लागेसरि धमिलो देख्छौं, 'खोइ नारीको उत्थान ? अनि खोइ नारी शक्ति ?' स्वाविक प्रश्नहरू जन्मिन्छन् । यथार्थमा नारीले एकातिर सृष्टि थाम्दै युग बोकेका छन् भने अर्कोतिर धर्तीले जतिसुकै बोझ र अपमान पनि खप्दै छन् ।

नारी आफैभित्र भएको शक्तिलाई अब साँच्चै नै चिन्ने बेला भएको छ । स्त्रीशक्ति चिनेपछि त्यो आफै अझै फक्रिन थाल्छ । स्त्री शक्ति फक्रेपछि माया ठकुरी कसरी लोकप्रिय कलाकार र कथाकारको रूपमा परिणत भइन् अनि उनीभित्र लुकेका प्रतिभा कसरी प्रस्फुटन हुन थाले यो आज आधा आकाशकै निम्ति उदाहरण बन्न पुगेको छ ।

आजभन्दा झन्डै ६० वर्षअगाडि एउटा राणा ठकुरी परिवारकी पहिलो सन्तानको रूपमा आमाको गर्भमा ७ महिना मात्र बसेर जन्मेकी थिइन् उनी, लखनउको मिल्ट्री हस्पिटलमा । कम उमेरकी अपरिपक्व आमाबाट जन्मेकी छोरी सन्तान मायाले जन्मदेखि नै एउटा मानवले पाउनुपर्ने न्यायोचित व्यवहार पाउन सकिनन् । सातमहिने गर्भको शिशु सुरुमा मासुको डल्लोजस्तो भएर त्यसमाथि जालोले बेरिएको अवस्थामा बाहिर फ्यालिएको र ढुकढुकी बोकेको मासुको डल्लोलाई च्यामेले उठाएर आमाको हातमा हालिदिएको हुन्छ । बाबुले छोरी सन्तान रहेछ भनी त्याग गरिसकेको तर आमाको मातृत्वमा तिनै मासुको डल्लोबाट प्राप्त प्राण या अस्तित्वको नाम आज हुन पुगेको छ- स्रष्टा माया ठकुरी !

मायाको बाल्यकाल र किशोरावस्था कहिल्यै सामान्य हुन सकेन । बेजिम्मेवार बाबु त्यसमाथि आर्मीमा काम गर्ने राणामा भएको एउटा अहं र कडा स्वभावले गर्दा मायाले सुरुदेखि पछिसम्म नै बाबुको स्वच्छ माया अनुभूत गर्न सक्तिनन् । थपमा बाबुकै कमजोरीका कारण उनकी आमालगायत सम्पूर्ण परिवारले अनाहकमा दुःख भोग्नुपर्ने हुन्छ । बाबु ३५ वर्ष हुँदा मात्र ९ वर्षकी केटी उनकी आमासँग बिहे भएको कथा आफै एउटा कहालीलाग्दो कथा बनिदिन्छ भने त्यसमाथि विवेक र जिम्मेवारीको अभावको कारण आर्थिक समस्याले विकराल रूप लिन्छ । परिवारका सबैले नै गरिबी भोग्न बाध्य हुन्छन् ।

सानोमा सिलाङमा हुर्केकी मायाको सहज हुर्काइ नभएपछि एक्ली सानी केटी घरनजिकैको चिहान डाँडामा एक्लै खेल्न र रमाउन थाल्छिन् । हरेक दिन मसानमा मरेका मान्छे ल्याएपछि शंख फुक्दै गरेकाहरूसँगै रमाउँदै अघि पछि लाग्दै, वरिपरि बाटामा फालिएका र छरिएका तामाका सिक्काहरू टिप्दै आफ्नो लामो घाँघरको खल्तीमा हाल्छिन् अनि एक्लै नाच्छिन् र रमाउँछिन्... । मुर्दा पोल्नेहरूले खानेकुरा बाँकी राखेका छन्, त्यो पनि खाइदिन्छिन् त्यति बेला रोक्ने र सिकाउने को ? कपाल नकोरेकी, लामो कपालकी, झ्याम्ल्याङ्ग लामो कसैले दिएको फ्रक लगाएकी सानो बेलाको मायाको तस्वीर उनी स्वयंको



कथाकार माया ठकुरी

तेजबहादुर बस्नेत

चित्रणमा एउटा अचम्मलाग्दो तस्वीर बन्छ, त्यसमाथि नाचगान बालसुलभ अबोध कार्यकलाप आदि सुन्दा लाग्छ- उनी एउटा पवित्र धर्ती पुत्री पो हुन् कि !

मायाको आफ्नै स्वर र सम्झनामा जब एउटा अनौठो लाग्दो कथा सुन्न पुग्छु मनमा एउटा प्रश्न जन्मिन्छ र अभिव्यक्त हुन्छ 'साह्रै निडर हुनुहुँदो रहेछ माया दिदी त त्यस बेला... ।' 'बहिनी, त्यति बेलाको भोकले गर्दा हो- ती सब सम्भव भएको । तीव्र भोक महसुस गर्नुभएको छ कहिल्यै ? ज्यादै डरलाग्दो पो हुन्छ त... ! त्यसको अगाडि अरू सबै दुःखहरू गौण हुन्छन् !' निडर मात्र होइन ज्यादै इमानदार पनि लाग्छिन् माया दिदी यति बेला ।

हत्पत्ति मान्छेले अभिव्यक्ति नगर्ने दुःखका नांगो चित्रण माया ठकुरी साहसका साथ भन्छिन्, सुनाउँछिन्, ... नेपालको स्रष्टा परिचय कार्यक्रममा । बरु भावविभोरमा भिज्दै गरेको स्वरले पुरुष या महिला सबैका आँखा भिजाइदिन्छिन् श्रोतामा ।

एउटा डरलाग्दो युगको उपन्यासको पात्रझैं लाग्छ कुरा सुन्दा । त्यसरी हुर्केकी एउटी सामान्य केटीसँग पनि भित्र विलक्षण प्रतिभा हुन्छ र सुन्दर सपना पनि हुन्छन् भन्ने कल्पना त्यति बेला कसले गरोस् र ?

बचपनबाट किशोरावस्था पार गर्दा नगर्दा नै जीवनमा रंग भर्दै जान्छिन्- शरीरमा आएको यौवनको रंग, मस्तिष्कमा चढेको सपनाको रंग, अवस्थाले दिएको बुद्धि र साहस आदिले मायालाई बाहिरी र भित्री दुवैतिर सुन्दरता थपिदिन्छ । स्कुल पढ्ने तीव्र इच्छा भएर पनि औपचारिक स्कुले शिक्षा पाउँदिनन्, बरु आमाले लय हालेर कराई कराईकन- 'कपुरी- क...' भनी दिएको ज्ञानले नै एकपछि अर्को अक्षर चिन्दै जाने र पढाइप्रति उत्साह र जिज्ञासा थपिँदै गएको महसुस हुन्छ मायालाई । पछि, अलि हुर्केपछि ज्ञान र कामको खोजीमा पाइला बढाउँदा जीवन अझ रोचक बन्दै जान्छ ।

काँडाको बाटोमा, गुरुहरू खोज्दै, गुरुदक्षिणा पनि व्यहोर्दै थुप्रै कठिनाइ चपाउँदै जीवन अगाडि बढ्छ मायाको- स्कुलै नपढेकीले एकैपल्ट म्याट्रिक जाँच दिने आँट गर्छिन् । प्रेसको कम्पोजिटरको काम गर्छिन् । सुरु सुरुमा कसैका बच्चा हेरिदिने र भाँडा माझ्ने काम पनि गर्छिन् । म्याट्रिक परीक्षाको फलामे ढोका उघ्रेपछि भने उनीहरू थप उज्यालोसँग साक्षात्कार हुन्छिन् र आफै बाटाहरू देख्न र केलाउन थाल्छिन् ...। आत्मज्ञान र आत्मविश्वास बढ्न थाल्छ । त्यसपछि जीवनका विविध रंगमा प्रवेश पाउँछिन् ।

संगीत, साहित्य, कला, अभिनय, गायन आदि आदिमा रंग भर्छिन्, भर्दै जान्छिन्- प्रतिभा पनि कति हो कति ! करिब दुई सयवटा गीत त अल इन्डिया रेडियो र नेपाल रेडियो समेतमा रेकर्ड गराएकी छन् । हरिभक्त कटुवालका शब्द सापटीमा आफैले संगीत र स्वर दिएर समाजलाई मीठा मीठा गीतहरू दिन्छिन् । त्यतिले चित्त बुझ्दैन - आवाज नभएका, दुःखी गरिब असहायहरू, खास गरी स्वास्नीमान्छेका हृदयका साथी र स्वर बनेर उनी कथामा उभिन्छिन् । असंख्य भावहरू, प्रतिभाहरू तँछाड मछाड भएर खेल्छन् र फुल्छन् ।

भित्र रहेका प्रतिभाले आकार लिनलाई पनि कहिले कहिले टेक्ने ठाउँ र समाउने कुरा आवश्यकता पर्छ - ती सब वातावरण र परिपरिका मानवहरूबाटै प्राप्त हुने कुरा हुन् । कत्ति पनि कन्जुस र कृतघ्न छैनन् माया विगत जीवनमा विभिन्न अप्ठ्यारो मोडहरूमा सहयोग पुऱ्याउने आफ्ना शुभचिन्तकहरूलाई कहिल्यै भुल्दिनन् उनी ।

उनको विगत र व्यवहारले देखाइसकेको छ - जीवन भन्नु संघर्ष रहेछ । सामना र साधनाले नै मान्छेको सुन्दर रूप बाहिर देखा पर्दो रहेछ । यति बेला मायालाई चिन्ने र भेट्ने कसैले पनि उनको जीवनमा आएको साह्रो उतार चढावबारे अन्दाजसम्म पनि गर्न सक्तैनन्- उनले जीवनमा त्यति साह्रो कठिनाइ भोगेकी होलिन् भनेर । सधैं हँसिली, रसिली मौका पाउनसाथ अरूलाई पनि हसाउने गुण बोकेकी, सुन्दर र पाकी माया ठकुरी अझै पनि उत्तिकै सिर्जनशील र सक्रिय छिन्- विभिन्न कथा कृतिहरूमा अटुट रूपमा देखा परिरहेकी छन् ।

अब त एउटा सुन्दर आकारको पारिवारिक रूपले थप हाँगाबिँगा हाल्दै दुइटा नातिलाई पनि उनले समय दिनुपर्छ खेल्न र हुर्काउन । उनका जीवन साथी विद्युत् इन्जिनियर दामोदर शर्माप्रति पनि उत्तिकै कृतज्ञ छिन् र छोरी अनुराधाको प्रशंसा गर्न चुक्दिनन् उनी । यसरी प्रेम र कृतज्ञता बाँड्दै यो जीवनको उत्तरार्धलाई अझै सुन्दर बनाउने प्रयत्नमा छिन्- माया ।

'स्त्री शक्ति' आफै एउटा अनौठो गुण रहेछ - यसभित्र अनन्त र अथाह शक्ति हुँदो रहेछ । केवल यसलाई चिन्नु र ढोका खुल्न मात्र दिनु पर्छ । यही स्त्री शक्तिको कारण द्रौपदी र सीताहरूलाई देवी मान्ने गर्छन् । तर, वर्तमान हाम्रै समाजमा धेरै जीवित देवीहरू खोजेमा भेट्न सकिन्छन् तीमध्येकै हुन् - माया ठकुरी ! ■

# असुरक्षित वनपाखा

युद्धविराम जारी रहेकै बेला रूपन्देहीको देवदह नजिकको जंगलमा बेवारिसे बम पड्किएर घाइते भएका एक बालक



दिनहुँ घाँस दाउरा गरेर जीवन धान्न पर्ने वनमा सशस्त्र द्वन्द्वका क्रममा छाडिएका बमका कारण कृषकहरू विशेषतः केटाकेटीहरूको जीउ ज्यान भएका घटना बढ्दै गएका छन् ।

■ दीपक ज्ञवाली/बुटवल

**'सबैले युद्धविराम छ,** लडाइँ बन्द भयो भन्थे, तर मेरो मुटुको टुक्रा एकमात्र छोरो यही बेलामा मारियो', दिलमाया थापा धरधरी रोइरहेकी छन् ।

उनलाई लागेको थियो युद्धविराममा कहीँ कोही मारिन्नन्, वनपाखामा निर्धक्क घाँस दाउरा गर्न जान पाइन्छ । तर, परिणाम ठिक उल्टो सावित भयो । छाक टार्नका लागि घरछेवैको पाखामा च्याउ खोज्न गएका उनका छोरा कुलबहादुर फर्केनन् । पाखामा रहेको पाइप बमले उनको ज्यान लियो । बुटवल दीपनगरका १२ वर्षीय कुलबहादुरको गत साता गुरुङडाँडामा त्यस्तो विस्फोटमा मृत्यु भएको हो । पतिको मृत्युपछि तिनै छोराको मुख हेरेर जीवन काटिरहेकी आमा दिलमाया भन्छिन्, 'लडाइँ बन्द भयो भन्थे, कुन पापीले बम छाडेको होला ? मेरो मुटुको टुक्रा हऱ्यो ।'

सशस्त्र द्वन्द्वका क्रममा छाडिएका बमका कारण गरिब किसान विशेषतः केटाकेटी ज्यान गएको घटना यो एउटा मात्र होइन । युद्धविराम घोषणाका धेरै दिनपछि रूपन्देहीकै देवदहमा पनि यस्तै अनिष्ट भएको थियो । नजिकको जंगलमा थाकल टिप्न गएका अनाथ बालक गोपाल थापा पनि बेवारिसे

## व्यथा बन्दीपुरको

■ सन्तोष बराइली/लहान

**सिरहाको बन्दीपुर** भिडन्तका पीडितहरूले वर्ष दिन बितिसक्दा पनि क्षतिपूर्ति पाएका छैनन् । बरु पीडितहरूमध्ये केही उल्टै घरबारविहीन बन्नु परेको छ । ०६१ वैशाख २६ गते रातभर चलेको दोहोरो भिडन्तका क्रममा सुरक्षा बेस क्याम्प आसपास घर भएका ३५ भन्दा बढी सर्वसाधारण उछिट्टिएर आएको गोली र बारुद लागि घाइते बनेका थिए भने एक दर्जन घर भत्किएका थिए । घाइते हुनेहरूमा धेरैजसो महिला र बालबालिका छन् ।



तस्वीर : सन्तोष बराइली

अधिकांश घाइतेहरूको शरीरबाट छर्रा निकालिएको छैन । कसैको टाउकोमा, कसैको छाती र ढाडमा त कतिपयको हातखुट्टामा गोलीका छर्रा लागेका थिए । टाउकोमा बग्रेल्ती छर्रा लागेर घाइते बनेकी रेश्मीदेवी महतोले दाहिने कानले सुन्न छाडेकी छन् । त्यस्तै छर्रा लागी घाइते बनेकी १२ वर्षीया पूजा भट्टराई अहिले पनि राति सुतेका बेला झस्किन्छिन् । खुट्टामा गोली लागेका १२ वर्षीय उज्ज्वल तामाङको नियति पनि पूजाकै जस्तो छ । लहान अस्पतालका डा. ज्ञानेन्द्रबहादुर अधिकारीका अनुसार संवेदनशील अंगमा छर्रा रहिरहे स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउँछ । राज्यका तर्फबाट प्रारम्भिक चरणको उपचार मात्रै पाएका थिए, उनीहरूले ।

बम विस्फोट भएर मारिए, सोही घटनामा गोपालका भाइ र उनका साथीहरू सख्त घाइते भए ।

आफ्नो संरक्षणमा रहेका बालबालिका सिकार भएपछि त्यहाँको मायादेवी अनाथालय शोकमा डुबेको छ । अनाथालयका संरक्षक बाबुराम प्यासी भन्छन्, 'युद्धविराम भएको यतिका दिनसम्म पनि वनपाखामा निर्धक्क जान सकिने अवस्था छैन । कसरी युद्धविरामको अनुभूति गर्नु ?'

यस्ता घटनामा विपन्न बालबालिका नै बढी पर्ने गरेका छन् । देवदहको विस्फोटमा परी घाइते भएका बालबालिकाको बुटवलमा उपचार सम्भव नभएको र काठमाडौं लगी उपचार गर्न आर्थिक अभावले संकट उत्पन्न भएको अनाथालयका संरक्षक प्यासीले बताए ।

युद्धविराममा शान्ति छाएको दाबी गरिए पनि यस्ता घटना दोहोरिइरहेका छन् । लडाइँ रोकिएको महिनौं पुगेको छ, तर वन जंगलमा बेवारिसे बमहरू अझ पनि भेटिने गरेका छन् । यत्रतत्र त्यत्तिकै छडिएका ती बम हटाउनेबारे भने कसैले ध्यान दिएको छैन । सरकार-माओवादी दुवैको यस्तो चरम लापर्वाही र गैरजिम्मेवारपनले गर्दा युद्धविराममा पनि बालबालिकाहरू कालकै नियति भोगिरहेका छन् ।

प्यासी भन्छन्, 'युद्ध नहुँदा पनि जोखिम कायमै छ, क्षति भइरहेको छ ।' युद्धविरामका पछिल्ला दिनमा यस्ता घटना बढ्दै जान थालेपछि दुर्घटनामा परिने डरले सर्वसाधारण जनता मेलापात र घाँसदाउरा गर्न जान थर्कमान भइर हेका छन् ।

माओवादी र सुरक्षाकर्मीबीच चार महिनाअघि रूपन्देहीको देवदह धोडाहा र सिमानामा पर्ने सुनवलमा भीषण क्षति पुग्ने गरी लडाइँ भएको थियो । त्यस्तै दुई महिनाअघि गुरुङडाँडालाई आधार बनाएर माओवादीले बुटवल आक्रमण गरेका थिए । त्यति नै बेला त्यहाँ छाडिएका बम पड्किएर छुट्टाछुट्टै घटनामा गोपाल र कुलबहादुरको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका हुन् ।

पूर्व-पश्चिम राजमार्गका सुनवल सालझण्डी सडक खण्ड र वरिपरिका जंगलमा यत्रतत्र बेवारिसे बम रहेको गाउँलेहरू बताउँछन् । यसबीचमा पर्ने बस्तीका बासिन्दाहरू वरपर जंगलमा बम देख्न थालेपछि त्यहाँ घाँसदाउरा गर्न जान डराएको बताउँछन् । ती ठाउँमा अधिकांश बम युद्धविरामअघि दुवै पक्षबीच भएका भिडन्तका क्रममा लापर्वाहीका कारण छुटेका हुन् ।

त्यस्तै बुटवल नजिकका चुरे जंगल र सीमा पाल्पाका जंगलमा बम देखिएको स्थानीय बासिन्दा बताउँछन् ।

राष्ट्रिय मानवअधिकार आयोगको टोलीले पनि देवदहको घोडाहा र चुरे जंगलमा बेवारिसे बम रहेको पुष्टि गरेको छ ।

देवदह घटनाको छानबिन गर्न आएका आयोगका अधिकृत चन्द्रकान्त चापागाईंले सेना, प्रहरी र जिल्ला प्रशासनलाई त्यसबारे जानकारी गराएका थिए । स्थानीय बासिन्दाले पनि पटक पटक बेवारिसे बमको खतराबारे बोल्दै आएका छन्, तर अहिलेसम्म सुरक्षाकर्मी र माओवादीले त्यस्ता बम हटाउन पहल गरेका छैनन् ।

जंगलमा रहेका त्यस्ता बम खेलौना ठानेर बालबालिकाले खेलाउने, विस्फोट हुने र मानवीय क्षति हुने क्रम बढेपछि जिल्ला सुरक्षा समितिको बैठकले सैनिक पठाएर बम निष्क्रिय पर्ने निर्णय गरेको थियो, तर अहिलेसम्म सैनिक ती जंगलमा गएका छैनन् ।

परिवर्तित परिस्थितिमा जंगल जाँदा सेना सक्रिय भएको र परिचालन भएको अर्थ लागेर स्थिति अप्रिय बन्न सक्ने ठानेर सैनिक जंगलमा नगएको दाबी गरिएको छ । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गंगादत्त अवस्थीका भनाइमा सेना अहिलेको परिस्थितिमा जंगल जान नागरिक समाजको पनि सहभागिता हुनुपर्ने अडानमा छ ।

लडाइँ रोकिएको यति धेरै दिन बित्दा पनि जंगल, पाखा पखेरामा यत्रतत्र बम भेटिन नछाडेको घटनाले सबैलाई चिन्तित तुल्याएको छ । स्थानीय हीरा न्यौपानेको आक्रोश छ, 'वनैभरि अझै पनि बमैबम छन्, घाँसदाउरा गर्न जान सकिन्न, कसरी युद्धविराम र शान्तिको महसुस गर्नु ?' ■

---

पूर्वमा भएका भिडन्तहरूमध्ये सबैभन्दा बढी निर्दोष मारिएका बन्दीपुर भिडन्तमा ३८ माओवादी, ५ सुरक्षाकर्मी र १० सर्वसाधारण मारिएको राष्ट्रिय मानवअधिकार आयोगको तथ्यांकमा उल्लेख छ । त्यस्तै स्थानीयवासीहरूका दुई दर्जन चौपाया पनि मारिएका थिए । आयोगले स्थलगत अनुसन्धान गरी एक वर्षअघि नै मृतक, पीडित र घाइतेलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरेको थियो । पटक पटकको गुहारपछि मृतकहरूमध्ये आठजनाका परिवारले ३ महिनाअघि १ लाख ६० हजारका दरले क्षतिपूर्ति पाएका छन् । त्यस्तै यही जेठ अन्तिम साता पीडितहरूमध्ये १९ सर्वसाधारणलाई क्षतिपूर्ति लिन बोलाएको छ, जिल्ला प्रशासनले ।

क्षतिपूर्ति वितरणमा पनि पक्षपात गरिएको छ । मृतकहरू सञ्जय थापा, कौशल्यादेवी चौधरी, सञ्जीव साहलगायत आठजनाका परिवारले क्षतिपूर्ति पाउँदा सोही भिडन्तमा मारिएका बुटवलकी शिक्षिका रोशनी गुरुङ र एक ट्रक ड्राइभरका परिवारलाई राज्यले बिर्सियो । बन्दीपुर चोकमा ट्रकभित्रै मारिएका ती ड्राइभर को थिए ? राज्यले खोजीसमेत गरेन । भिडन्त भएको एक महिनापछि पाँच दिन लगाएर स्थलगत अनुसन्धान गरेको राष्ट्रिय मानवअधिकार आयोगसमेत ती ड्राइभरबारे अनभिज्ञ रह्यो ।

भिडन्तमा परेर बेचन चौधरी र भुटाइ महराको क्षति लगभग समान भए पनि क्षतिपूर्तिमा भेदभाव छ । जिल्ला प्रशासन कार्यालय यस विषयमा खुलेर बताउन चाहँदैन । जिल्ला प्रशासन कार्यालय सिरहाका निमित्त प्रमुख जिल्ला अधिकारी चूडामणि बस्याल भन्छन्, 'मलाई यस विषयमा केही पनि थाहा छैन ।'

पीडितहरूको अवस्था दयनीय छ । बेस क्याम्पको पश्चिम दिशामा घर भएकी ७० वर्षीया मरनीदेवी दासको भिडन्त हुँदा उछिट्टिएर आएको बारुदले अनुहारभरि घाउ मात्रै बनाएन, गोली लागेर एउटा बाखा पनि मारियो, ओत लाग्ने झुपडीसमेत क्षत-विक्षत बन्यो । राज्यले प्रारम्भिक चरणको उपचार मात्रै गरिदियो । ऋण काटेर उपचार गरेकी मरनीदेवी उपचार खर्च र क्षतिपूर्ति पाइने आशामा पटक पटक जिल्ला प्रशासन धाइन्, तर आश्वासनबाहेक केही पाइनन् । छोरीज्वाइँकोमा शरण लिइरहेकी उनले दुखेसो पोखिन्, 'उपचार खर्च र क्षतिपूर्ति पाइन्छ भन्थे । कुरो मात्रै रहेछ । अब त आसै मऱ्यो ।' पतिको मृत्यु र छोरीहरूको विवाहपछि उनी एक्लै थिइन् ।

त्यसमाथि पुनः भिडन्त हुन सक्ने सम्भावित खतरा देखाउँदै बेस क्याम्प आसपासका घर सार्न स्थानीय प्रशासनले लिखित उर्दी जारी गरेको थियो । त्यसो त सेनाले सुरक्षाको कारण देखाउँदै भिडन्त भएलगत्तै क्याम्पको साँधमा रहेका सनमान थापा मगर र कालिकाप्रसाद घिमिरे र नारायण श्रेष्ठको घर पनि कब्जा गरेको थियो ।

मरनीदेवीलगायतकालाई सरकारसँगै माओवादीले नहेरेकोमा पनि आक्रोश छ । उनी भन्छिन्, 'माओवादीहरू भेट्नसमेत आएनन्, हामी पनि त सर्वहारा नै होइनौं र ?' माओवादीका सिरहा जिल्ला इन्चार्ज अविनाशले समयाभावका कारण उनीहरूसँग भेट गर्न नसकिएको बताए ।

पटक पटक क्षतिपूर्तिका लागि जिल्ला प्रशासनको ध्यान आकर्षण गराउँदा पनि केही नभएको बताउँछ, राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगर । आयोगका संरक्षण अधिकृत प्रदीपकुमार झा भन्छन्, 'बन्दीपुरको स्थलगत अनुगमन गरी त्यहाँका द्वन्द्व पीडितहरूको अवस्था हामी फेरि जिल्ला प्रशासनलाई अवगत गराई उचित क्षतिपूर्तिका लागि सिफारिस गर्नेछौं ।' ■

'माओवादी जनयुद्धका ११ वर्षमा १ हजार ५ सयभन्दा बढी रुकुमेलीको ज्यान गएको छ । त्यसमा सत्रदेखि चालीस वर्षका ९८ प्रतिशत पुरुष छन् र तीमध्ये पनि धेरै दलित तथा जनजाति समुदायका परेका छन् । करिब चार हजार बालबालिकाले अभिभावक गुमाएका छन् । यतिखेर युद्धविराम भई मुलुक शान्ति प्रक्रियामा अघि बढेको छ । रुकुमका आम गाउँले, महिला तथा बालबालिकाको अनुहारमा रहेको पीडा कम गर्न शान्ति प्रक्रिया सफल हुनैपर्छ ।'

रुकुममा जनयुद्धको प्रभावसम्बधमा नेपाली कांग्रेस जिल्लास्तरीय नेता नन्दबहादुर विष्टको मूल्यांकन हो यो । अहिलेको अवस्थामा गोली बारुदका आवाज सोझै सुनिन छाडे पनि रुकुमेली नयाँ सत्ता र पुरानो सत्ताको चेपमा छन् । सदरमुकाम खलंगादेखि एकाध घन्टाको दूरीमा रहेका हरेक गाउँमा जनयुद्धका अमिट छाप देख्न सकिन्छ । जनयुद्धको प्रभाव सदरमुकाम खलंगामै पनि विस्थापितहरूको पीडामा व्यक्त भएको छ । परिवारबाट कोही बेपत्ता हुनु, मारिनु, यातना पाउनु, अपहरणमा पर्नु, बलात्कार गरिनु, जबरजस्ती श्रम र चन्दा दिनु जस्ता कुनै न कुनै घटनाको दुखदायी अनुभव प्रत्येक परिवारसँग छ । शान्तिले यस्तो पीडादायी र जबरजस्त स्थितिबाट गुज्रिनुपर्ने बाध्यताबाट मुक्ति देला भन्ने उनीहरूको आशा छ ।

विमला बोहोरा र कृष्ण रोकाया कक्षा ७ मा पढ्छन् । गत जेठ १० गते एघार बजेतिर साना झोला बोकेर उनीहरू गुजिलढुंगा पुग्न हतारिँदै स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै उकालो चढ्दै थिए । दुवैको झोलामा आफ्ना लागि पन्ध्र दिनको खर्च (खाना) थियो । माओवादीको उर्दीमा रोल्पामा सहिदमार्गको बाटो खन्न जाने समूह गुजिलढुंगाको एउटा घरमा जम्मा हुँदै थिए । बाह्र बजेसम्म सबै भेला भइसक्नुपर्ने थियो । १३ वर्षीय कृष्ण रोकाया स्कुल पोसाकमै थिए । उनले त्यस दिनको स्कुल भ्याएका थिए किनकि आउने पन्ध्र दिन उनको पढाइ छुट्दै थियो । विमला र कृष्णको घरमा बाटो खन्न जान सक्ने सामर्थ्य भएका युवा र जवान व्यक्ति कोही थिएनन् । विमलाका बुबा बुढा र विरामी थिए भने कृष्णको घरमा आमा र साना भाइबहिनीहरू मात्र । त्यसैले माओवादीको उर्दी खेप्नुपर्नेमा ती दुई किशोर किशोरी हुन पुगे । उनीहरूको अनुहारमा हतार, दबाब र बाध्यता स्पष्टरूपमा झल्कन्थ्यो । उनको परिवारले जान सक्तैनौं भन्न पनि पाउँदैनथे किनकि माओवादी सत्ताको नियम थियो- एक घर एक व्यक्ति, नत्र तीन हजार रुपैयाँ जरिवाना ।

खलंगाबाट स्यालापाखा गाविसतिर लाग्दा बाटोको एउटा घरमा मानिसको ठूलो जमघट देखियो । गाउँकै कुनै छलफल कार्यक्रम होला भन्ने सोचेर कुराकानी नगरी अगाडि बढियो । बाटोमा विमला र कृष्णसँग जम्काभेट भई केही समय कुराकानी गरेपछि उक्त जमघटको यथार्थ खुल्यो । पछि फर्केर आउँदा अघिल्लो दिन मानिस भेला भएका घरकी महिलासँग बाटो खन्न भेला भएकाहरूको विषयमा कुराकानी गर्दा उनले भनिन्, 'पचासजना जति गए । मेरो घरबाट पनि छोरो गएको छ । ८ कक्षामा पढ्थ्यो । अब पन्ध्र दिनपछि आउँछन् भन्थे । खर्च बोकाएर पठाएकी छु । दुई दिन जान, दुई दिन आउन, बाँकी दिन मात्रै बाटो खन्ने भनेका छन् । केही त हुन्न होला नि ?'

माओवादी अभियानमा लागेर बाटो खन्न जाँदा पहिले पहिले मानिस मरेका वा घाइते भएका घटना सुनेकाहरू अलि डराउँछन् कतै भिडन्तमा पर्ने हुन् कि भनेर । उनी अबोध पाराले अगाडि भन्छिन्, 'अब त शान्ति आउने भयो हैन, नलगेका भए पनि हुँदो हो ।' उनीसँगै उभिएकी छिमेकी लीला रोकाया भन्छिन्, 'मेरी पनि बहिनी गई, ऊ सात कक्षामा पढ्थी ।' गुजिलढुंगाको त्यो घरमा एक दिनअगाडि नै दुई माओवादी कार्यकर्ता गाउँले भेला गरी लैजान आएर बसेका रहेछन् ।

साँख गाविस भण्डारीकाँडा गाउँकी दिलशोभा सुनार तथा सपना सुनार गत वर्ष आफू बाटो खन्न गएको अनुभव सुनाउँदै भन्छन्, 'पोहोर साल हाम्रो गाउँका सबै घरका एक-एकजना गएका थियौं ।' दिलशोभा आफ्ना स-साना चार केटाकेटीलाई मात्र घरमा छोडेर गएकी थिइन् भने सपना वर्ष दिनको काखे बालक च्यापेर । दिलशोभाका पति कान्छी बिहा गरेर भारततिर लागेका छन् भने सपनाका पति पनि कान्छी बिहा

**बाटो खन्ने कुरा होस् वा माओवादी सभामा उपस्थितिको सन्दर्भ होस्, एकै खालका अनुभव सुनाउँछन् रुकुमका गाउँलेहरू, एक घर एक व्यक्ति नत्र तीन हजार रुपैयाँ ।**

**■ अञ्जु क्षेत्री/मञ्जु थापा**

# एक घर एक व्यक्ति, नत्र तीन हजार


रुकुमेली महिलाहरू

गरेर दाङतिर बस्छन् । दिलशोभा भन्छिन्, 'तीन हजार रुपैयाँ भए त छोराछोरीलाई लुगा हालिदिन्थे ।'

सपना भन्छिन् 'तीन हजार रुपैयाँको अनुहार कताबाट देख्नु ?' ठट्टा गर्दै थप्छिन्, 'बाटो खन्न जाँदा परेड खेल्न पनि लगाउँछन् तर बच्चा सानो भएकाले मैले मानिनँ । नाच देखाउँछन्, गाना सुनाउँछन् । नाचगान र भाषण रमाइलो हुन्छ । तर, दबाबमा काम गर्नु पर्दा चित्त बुझ्दैन ।'

साँख भण्डारीकाँडाकी लिला विकको अनुभव पनि उनीहरूका भन्दा फरक छैन । 'पोहोर साल हाम्रो गाउँका सबै घरबाट लगिएको थियो । म त्यतिखेर सानो छोरालाई लिएर सल्लेमा अस्पताल गएकी थिएँ । ठूलो छोरो खलंगामा पढ्थ्यो । म घर आउँदा माइलो छोरो गाउँलेसँग लागेर बाटो खन्न गएछ', उनी सुनाउँछिन्, 'गाउँका सबै घरबाट गएपछि आफ्नो घरबाट कोही नगए के गर्लान् भन्ने डरले मलाई नपर्खी हिँडेछ । छोरो सानो भएकाले ऊ फर्केर नआउँदासम्म डरले राम्ररी सुत्न पनि सकिनँ ।'

बाल मजदूर सरोकार केन्द्र (सिविन) खलंगाामा कार्यरत सामाजिक परिचालिका भगवती आफ्नो भाइ सहिदमार्ग खन्न लगिएका बेला सुरक्षाकर्मीले गरेको हवाईप्रहारमा खुट्टामा गोली लागेर घाइते भएको दुखेसो पोख्छिन् । आफ्नो ठाउँ आफैं बनाऊँ भन्ने मतसँग जनताको विमति देखिँदैन, तर जबरजस्ती र जस्तोसुकै अवस्थामा पनि बाटो खन्न जानुपर्ने, त्यो पनि आफ्नो ठाउँमा नभई रोल्पा पुऱ्याइने र त्यसरी लगिँदा सुरक्षाकर्मीको आक्रमणमा पर्ने गरेका अनुभवले जनताले माओवादीको यो कामलाई हार्दिक समर्थन गरेको पाइएन ।

रुकुम पत्रकार महासंघका सभापति नारायण शाह आफूले देखेका घटनाको विवरण सुनाउँदै भन्छन्, 'माओवादीहरू सहिदमार्गका लागि रुकुम आठबीसकोटको डाँफे गाउँमा बाटो खन्ने मान्छे जम्मा गर्न आएका थिए । त्यसै गाउँका २७ वर्षे खड्के बुढाले जबरजस्ती बाटो खन्न जानुभन्दा आत्महत्या गरेर मर्छु भनेर आत्महत्या गरे । यो देखेर त्यस गाउँका महिलाहरूले आफ्नो घरका पुरुष सदस्यलाई बाटो खन्ने काममा नपठाउने निर्णय गरेछन् । यसको निम्ति उनीहरूले बोलाउन आउने माओवादी कार्यकर्तासँग नजाने निर्णय सुनाएछन् ।'

बाटो खन्ने कुरा होस् वा माओवादी सभामा उपस्थितिको सन्दर्भ होस्, एकै खालका अनुभव सुनाउँछन् रुकुमका गाउँलेहरू, एक घर एक व्यक्ति नत्र तीन हजार रुपैयाँ । माओवादीबाट रोल्पाको टिलादेखि घर्तीगाउँसम्मको १९ किलोमिटर बाटो खन्ने काम अहिले पनि भइरहेको छ । यसअघि नुवागाउँदेखि थवाङसम्मको तेह्र किलोमिटर बाटोको काम पूरा भएको जानकारी रुकुम जनसरकारप्रमुख शरुण वाठा दिन्छन् । बालबालिकालाई बाटो खन्न लैजानुहुन्न भन्दा उनी भन्छन्, 'हाम्रो मनसाय बालबालिकालाई लैजाने अवश्य पनि होइन । यसको निर्णय गर्ने जिम्मा हामीले गाउँलेलाई दिएका छौं । गाउँका सबै गएको देखेपछि बालबालिकाहरू आफूखुसी नै आउँछन् । कतिपय अवस्थामा १३-१४ वर्षकाले घरमा पनि त काम गर्छन् भन्दै गाउँलेले नै जानुपर्ने निर्णय सुनाउँछन् । त्यसरी आएका बालबालिकालाई उनीहरूको क्षमतानुसारको काममा मात्र लगाइन्छ ।'

यो स्पष्टीकरणप्रति कतिको सहमति हुन सक्छ, कतिको विमति । तर, बालबालिकालाई विद्यालय छाडेर पनि त्यस्ता उर्दी पालन गर्न जानुपर्ने परिस्थिति सृजना हुनुहुँदैन । जनतालाई वैचारिक रूपमा प्रशिक्षित र विश्वस्त तुल्याएर त्यस्ता अभियानमा सामेल गर्नुको साटो जरिवाना वा सजायको डर देखाएर बाध्य पार्ने काम अन्ततः माओवादीकै लागि प्रत्युत्पादक सावित हुन सक्छ ।

## सामाजिक परिवर्तन

विगत दस वर्षमा माओवादी प्रभावित क्षेत्रमा कस्तो सामाजिक परिवर्तन आयो ? महिलाहरूको भूमिका र पहिचानमा के फरक देखियो ? यी प्रश्न सान्दर्भिक हुँदाहुँदै पनि यिनको जवाफ स्पष्ट छैन । युद्धकालीन अवस्थामा सुनियोजित रुपमा यस्ता परिवर्तन गर्न सकिँदैन । पुरानो सत्तापक्ष आफ्ना गतिविधि गर्न असमर्थ हुन्छ, विद्रोही पक्ष सैन्य गतिविधिमा तीव्रता ल्याउने मामिलामै बढी केन्द्रित हुन्छ । सुनियोजित नभए पनि जनयुद्धका कारण स्वभाविकरूपमा महिलाहरूले कस्तो परिवर्तन महसुस गर्न सके भन्ने जिज्ञासालाई खुलेर जवाफ दिन उनीहरू हिच्किचाए । मूलतः माओवादीका विरुद्धमा अर्थ लाग्न सक्ने अनुभव उनीहरू खुलेर व्यक्त गर्न सक्दैनथे । नाम नलेखिदिन आग्रह गर्ने केही रुकुमेली महिलाहरूको भोगाइ र भेलाइ लगभग समान छ, 'लोग्नेमान्छेले बहुविवाह गरेको उजुरी माओवादी सत्तासँग गऱ्यो वा उनीहरूले थाहा पाए भने कान्छीसँग लोग्नेमान्छेलाई कैद गर्छन् र श्रमकैदमा लगाउँछन् । त्यसपछि लोग्नेलाई सौतासँग बस्न लगाउँछन्, जेठीलाई उनले पाउने भाग दिन्छन् र छुट्याइदिन्छन् । राम्रो भनेको यही हो !'

सोही गाविस भण्डारीकाँडाकी लीला विकले ठानेको महत्त्वपूर्ण परिवर्तन अर्कै छ । उनी भन्छिन्, 'माओवादीले गरेको राम्रो भनेको जातीय छुवाछुत हट्नु हो । हामीलाई ठूला जातिका ठकुरीहरूले हेप्थे, होच्याउँथे तर अहिले त्यसो गर्दैनन् । माओवादीले ठूला जातिका घरमा जुत्ताचप्पल लगाएर दलितलाई पस्न लगाउँथे, धारामा पानी भर्न आएका ठकुरीको गाग्रोमा दलितबाट पानी भर्न लगाउँथे । यसरी उनीहरूले जातीय छुवाछुत हटाउन मद्दत गरेका छन् ।' माओवादीले फैलाएको चेतना र प्रशिक्षणले गर्दा धेरै महिलामा पहिलेको तुलनामा गरगहनाप्रतिको लोभ हटेको र राजनीतिक चेतना बढेको विश्लेषण छ, स्थानीय शिक्षक सुवर्णको ।

▼ बिमला बोहोरा र कृष्ण रोकाया




माओवादी क्रियाकलापप्रति आलोचनात्मक विचार राख्ने पत्रकार शाहको मत भने अलि भिन्न छ । उनी भन्छन्, 'रुकुममा केटीहरूलाई जबरजस्ती उठाएर लैजाने र बिहा गर्ने कुप्रथा थियो, अहिले केही कमी आएको छ, दाइजो लिनेदिनेमा पनि केही कमी आएको छ, तर यसको श्रेय एकलौटी माओवादीलाई मात्र दिन सकिँदैन, मानिसमा स्वभाविकरुपमा बढेको चेतनाको कारणले गर्दा पनि यसमा कमी आएको हो ।'

महिलाहरूकै भोगाइमा नकारात्मक परिवर्तन अलि धेरै छन् । साँख गाविसकी एक महिला आफ्नो असन्तुष्टि पोख्दै भन्छिन्, 'वैशाख २५ गते खलंगामा माओवादीको आमसभा थियो । हाम्रो घरबाट म गएकी थिएँ, सानो नानी बोकेर । उनीहरूको हरेक कार्यक्रम भाग लिन उर्दी आउँछ, नगए तीन हजार तिर्नुपर्छ । उनीहरूको पार्टीमा लागेका महिलालाई राम्रो भएको होला, हामी दुःख गरी खाने महिलालाई खोई के राम्रो भन्नु ! उनीहरूको अनुमति नलिई सदरमुकाम पनि जान पाइँदैन । कमाइ गर्नेहरू सबै लाखापाखा भएका छन् ।'

नेपाली कांग्रेसकी जिल्लास्तरीय कार्यकर्ता तथा माओवादी विद्रोहका कारण विधवा बन्न पुगेकी सीता ओलीको यो अभिव्यक्ति धेरै महिलाको साझा विचार हो, 'दसवर्षे युद्धले धेरै महिला र बालबालिकाको जीवन बर्बाद भएको छ । असमय र एक्कासि विधवा हुन पुगेका महिलामा पारिवारिक आर्थिक बोझ थपिएको छ । सुव्यवस्थित परिवार एकाएक छिन्नभिन्न भएका छन् । महिलाको स्वास्थ्य बिग्रिएको छ । परिवारको खुसी हराएको छ । केटाकेटीहरूमा मानसिक समस्या थपिएका छन्, उनीहरू आफूलाई असुरक्षित महसुस गर्छन् । यसले उनीहरूको पढाइमा पनि बाधा पुगेको छ ।' युद्धले दिएका यी नमिठा छाप रुकुमका धेरै महिलाको अनुहारमा पढ्न र बोलीमा सुन्न पाइन्छ ।

माओवादी जनयुद्धमा लागेकाहरूको भनाइ, बुझाइ र विश्लेषण भने अलि फरक छ । माओवादी पार्टीमा २०५७ सालदेखि पूर्णकालीन कार्यकर्ता रहेकी छिङ् गाउँकी दिलमाया पुन भन्छिन्, 'जनयुद्धपछि महिलामा धेरै परिवर्तन आएको छ, उनीहरू निडर र बाठा भएका छन्, अत्याचारविरुद्ध बोल्ने भएका छन् । उनीहरूमा राजनीतिक चेतना पलाएको छ । गाउँमा छुवाछुत हटेको छ ।' यस्तै विचार रुकुम जनसरकार प्रमुख बाठाको विश्लेषणमा पनि झल्किन्छ । 'समाजमा महिलाविरुद्ध रहेको उत्पीडनप्रति महिलामा विद्रोहको भावना छ । कुसंस्कारविरुद्ध उठ्नुपर्छ भन्ने राजनीतिक चेतना बढेको छ । पैतृक सम्पत्तिमाथिका अधिकारका कुरालाई महिलाहरूले मन पराएका छन् । छोरीलाई समेत भाग नछुट्याई अंशबन्डा गर्न पाइँदैन,' उनी जनयुद्धले ल्याएको परिवर्तनबारे सुनाउँछन् । ■


ज्ञानेन्द्र आरण


अनिता ज्ञवाली


सुमन अधिकारी



# चुलिँदो छ व्यथा

■ छत्र कार्की/काठमाडौं

'मरे नि आमा !' माओवादीले रूखमा झुन्ड्याई बर्बर तरिकाले गोली ठोक्दा लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीको मुखबाट निक्लेको आवाज सम्झिँदा छोरा सुमन अधिकारीको मुटु भक्कानिन्छ। उनी प्रश्न गर्छन्, 'जुवातास, जाँड, रक्सी र अनावश्यक गफगाफ गरेर समय कटाउने प्रवृत्तिको विरोधी बन्नु के अपराध हो ? हैन भने मेरो बुबाको ज्यान किन लिइयो ?' मुक्तिनाथको हत्या भएको ५ वर्षलागे पनि माओवादीले यो हत्या गर्नुको चित्तबुझ्दो जवाफ दिएको छैन। गाउँकै आदरणीय शिक्षकको रूपमा स्थापित मुक्तिनाथ सादा जीवन उच्च विचारका पक्षपाती थिए। सुमन भन्छन्, 'सादा जीवन उच्च विचारको भावना कुरामा मात्र सीमित थिएन, बुबाको हत्या हुँदा पनि २६ वर्ष पुरानो ज्याकेट लगाउनु भएको थियो।' मुक्तिनाथको हत्यापछि गाउँमा बस्ने वातावरण रहेन। आमा र भाइ सुबोधसहित सुमनको परिवार विस्थापित भएर राजधानी आएको पनि ५ वर्ष भइसकेको छ।

रामेछाप पुराना गाउँका राजनीतिक कार्यकर्ता टीकाराज आरण आस्थाकै आधारमा माओवादीले हिट लिस्टमा नाम राखेपछि २०५५ सालमै गाउँबाट विस्थापित भएर राजधानी बसेका थिए। बाँच्ने इच्छा भए चन्दा दिनु भन्ने माओवादी उर्दी समेत पालना गरेका हुन् टीकाराजले। मागेबमोजिम चन्दा बुझाए पनि आखिरमा उनको ज्यान लिई छाडे माओवादीले। छोरा ज्ञानेन्द्र आरण भन्छन्, 'माओवादीले घरबाट ७ मिनेटमाथि डाँडामा लगेर गोली हाने, त्यसपछि बुबाले पानी पानी भनेर चिच्याउँदासमेत पानी दिएनन्।' कांग्रेस महासमिति सदस्य आरणले २०५६ को प्रतिनिधिसभा निर्वाचनमा खेलेको महत्त्वपूर्ण भूमिकाका कारण कांग्रेसका रामहरि ढुंगेल थोरै मतको अन्तरले भए पनि निर्वाचित भएका थिए भने अहिलेका उपप्रधानमन्त्री तथा जनमोर्चाका अध्यक्ष अमिक शेरचन पराजित भएका थिए। शेरचनले निर्वाचनताका समेत कसैलाई नसघाई तटस्थ बस्न आग्रह गरे पनि आरणले वफादार कार्यकर्ताको रूपमा कांग्रेसलाई सघाएका थिए। माओवादीले लगाएको सामन्ती, जाली र शोषकको आरोप पुष्टि हुन नसके पनि राजधानीबाट घर गएको एक सातामै २०५७ साल फागुन १६ गते उनको निर्मम हत्या गरियो। टीकाराजको हत्यापछि माओवादीले छोरा ज्ञानेन्द्र आरणलाई समेत माओवादीले सफाया लिस्टमा राखेकाले विगत ६ वर्षदेखि उनी र एकजना भाइ राजधानीमै विस्थापित भएर बसेका छन्। निमाविस्थायी शिक्षकमा गत वर्ष पास गरे पनि उनी गाउँ गएर जागिर खान सक्ने अवस्था अझै नभएको बताउँछन्। उनका आमा र एकजना भाइचाहिँ गाउँमै बसेका छन्।

हरि भट्ट माओवादीद्वारा मारिएका गोरखाका शिक्षक शिवप्रसाद भट्टका छोरा हुन्। २०५७ साल भदौ ६ गते खाना खाइरहेका बेला उनलाई जरुरी काम छ भनी माओवादीले जबर्जस्ती लगेर ३ सय मिटर पर बारीमा हातखुट्टा भाँची घाँटीमा खुकुरीले रेटेर मारेका थिए। शिक्षक भट्टलाई सुराकी गरेको माओवादीले आरोप लगाएको थियो। बुबाको हत्यापछि आमासहित ४ जनाको परिवार राजधानीमा विस्थापित भएको छ।

गोरखाकै नवराज पोखरेलको व्यथा पनि उस्तै हो। २०५८ साल पुस ५ गते शिक्षण पेसामा संलग्न उनका बुबा गिरिराज पोखरेललाई माओवादीले हत्या गरेपछि परिवारसहित राजधानीमै बसिरहेका छन्।

पाँचथरका किसान टेकबहादुर गुरागाईंलाई २०५८ साल फागुन १ गते माओवादीको वर्षगाँठकै दिन सशस्त्र माओवादीले घर घेराउ गरी बाहिर निस्कन आग्रह गरे। उनी बाहिर निस्कन लाग्दा गोली हानेर हत्या गरियो। राजधानीमा परिवारसहित विस्थापित जीवन बिताइरहेका छोरा चन्द्र गुरागाईं भन्छन्, 'विना कुनै चेतावनी, कुनै आरोप बुबालाई गोली हानेर ज्यान लिने जघन्य अपराधपूर्ण काम भयो। तसर्थ हामीले न्याय पाउनुपर्छ।'

कांग्रेस विचारधाराप्रति आस्थावान् अर्घाखाँचीका शिक्षक राममणि ज्ञवालीलाई केवल आस्थाकै आधारमा माओवादीले २०५८ फागुन २९ गते ज्यान लिई छाडे। उनीहरूले मार्नुअघि बारम्बार कांग्रेस राजनीति छोड्नु पर्ने दबाब दिएका थिए। ज्ञवालीले राजनीति नछोड्ने अडान राखेका थिए। यसै अडानकै कारण उनले मृत्युवरण गर्नुपर्‍यो। ज्ञवालीकी छोरी अनिता भन्छिन्, 'बुबालाई लगाएको आरोपमध्ये कुनै पनि माओवादीले प्रमाणित गरेका छैनन्। अनाहकमा निर्दोष बुबाको ज्यान लिए।'

माओवादीले सञ्चालन गरेको एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वमा १५ हजार नेपालीको ज्यान गए पनि युद्धसँग विल्कुलै सरोकार नभएका नागरिक मारिएका केही घटना हुन् यी।

जनयुद्धका क्रममा राज्यले पनि निहत्था नागरिकलाई माओवादीको आरोपमा मार्नेदेखि लिएर बेपत्ता पार्नेसम्मका काम गर्‍यो। यस काममा माओवादीले पनि निहत्था शिक्षक, पत्रकार, किसानलगायत विभिन्न पेसाका मानिसलाई सफाया गर्ने अभियान नै चलाए, या त सुराकीको नाममा या चन्दा नदिएको निहुँमा। माओवादीद्वारा बाबु मारिएका सन्तानहरूले 'आतंक पीडित टुहुरा समाज' गठन गरेका छन्। लोकतान्त्रिक आन्दोलनको सफलतापछि स्थापित सरकारले विनाकसुर मारिएका व्यक्तिहरूको सवालमा न्यायिक छानबिन हुनुपर्ने उनीहरूको माग छ।

सरकार र माओवादीबीच पहिलो चरणको वार्ता सकिएर दोस्रो चरणको वार्ता हुन लागेको छ। अहिले राज्यले बेपत्ता पारेका व्यक्तिहरूको बारेमा विभिन्न अधिकारवादी संस्थाले जुन रूपमा कुरा उठाएका छन्, त्यसको दाँजोमा माओवादीबाट विगतमा गरिएका ज्यादतीका घटना ओझेलमा परेको टुहुरा समाजका सदस्यहरू बताउँछन्। टुहुरा समाजका सुमन अधिकारी भन्छन्, 'नेताहरूसँग कुरा गर्दा पहिला माओवादीलाई मूलधारमा ल्याऊँ, त्यसपछि तपाईंहरूको समस्या समाधान गरौंला



सुवोध अधिकारी



नवराज पोखरेल



चन्द्र गुरागाईं



हरि भट्ट

## पिताकै पथमा

एक वर्षअघि रहस्यमय तरिकाले हत्या गरिएका वाचनशिरोमणि पण्डित नारायणप्रसाद



पोखरेलका छोरा दीनबन्धु पोखरेलले बाबुकै पदचिन्ह पछ्याएका छन् । आध्यात्मिक प्रवचनलाई सामाजिक काममा लगाउनुपर्छ भन्ने बाबुको आदर्श अनुसरण गर्ने उनले अठोट गरेका छन् । उनी भन्छन्, 'धार्मिक क्रियाकलापलाई सामाजिक उत्थान र समाजसेवाका लागि लगाउनुपर्छ भन्ने पिताजीको अभियान अघि बढाउन म यो क्षेत्रमा आएको हुँ ।' पुराणवाचनलाई निरन्तरता दिने सोच दीनबन्धुमा पिताको रहस्यमय हत्या भएपछि आएको हो । त्यसो त उनले अंग्रेजी साहित्यमा स्नात्तकोत्तर तहको अध्ययन सिध्याएका छन् ।

बाबुको रहस्यमय तरिकाले हत्या गरिएपछि पण्डित पिताका अधुरा कामलाई मूर्तरूप दिन आफूले पुराणवाचनलाई निरन्तरता दिने अठोट गरे पनि यसको लागि तयार हुन उनलाई एक वर्षजति लागेको थियो ।

पण्डित पोखरेलको हत्याको खबर राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै ठूलो चर्चाको विषय बन्यो । तत्कालीन शाही सरकारले पोखरेल हत्याकाण्ड छानबिन गर्नु त परै जाओस् सहानुभूतिका शब्द दिनसमेत कन्जुस्याइँ गरेको थियो । भरतकेशर सिंहजस्ता अतिवादीहरू हत्या प्रकरणको नेपथ्यमा रहेको अनुमान गरिँदै आएको छ ।

पण्डित पोखरेलको काजक्रियाको बेला घट्टेकुलोमा कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालले भेट गरी आफूहरू सरकारमा गएपछि हत्यारा पत्ता लगाउन सहयोग गर्ने जनाएका थिए । दीनबन्धु भन्छन्, 'राष्ट्रले मानेको व्यक्तित्वको विभत्स हत्या गरियो । अहिले उहाँहरू सरकारमा हुनुहन्छ, न्यायिक छानबिन गरी हत्यारा पत्ता लगाउनु हुनेछ भन्ने आशा छ ।'

२०६२ फागुनमा पण्डित पोखरेलको हत्या भएको ठाउँमा एकदिने पुराण वाचन कार्यक्रम सम्पन्न गरेका दीनबन्धुले नारायणगढ हुँदै राजधानीको गोंगबुमा लोकतान्त्रिक आन्दोलनका क्रममा घाइते भएकाहरूको लागि सहयोग संकलन गर्न आयोजित सप्ताहव्यापी पुराणवाचन कार्यक्रम सम्पन्न गरिसकेका छन् ।

गोंगबुमा पुराण वाचन कार्यक्रम सफल पार्न विनायक अस्पताल, सामुदायिक स्वास्थ्य केन्द्रलगायत स्थानीय व्यक्तिले सहयोग गरेका थिए । उनी भन्छन्, 'म पछिसम्म शिक्षा, स्वास्थ्यलगायत विभिन्न सामाजिक कामको लागि पुराणवाचन कार्यलाई निरन्तता दिनेछु ।' आगामी दिनमा पुराणवाचन कार्यक्रमलाई देशव्यापीरूपमा सञ्चालन गर्ने उनको योजना छ । ■

भन्ने जवाफ आउँछ । हाम्रो समस्याप्रति अहिले न सरकार गम्भीर छ न त पार्टीका नेता नै ।'

गत वैशाख ३० गते प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउन बालुवाटार गएका पीडितलाई भेट गर्न दिनु त परै जाओस्, उल्टै पक्राउ गरेर ६ घन्टा थुनेको उनीहरू बताउँछन् । गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई भेट्दा पनि समस्याप्रति गम्भीर नबनेको उनीहरूको आरोप छ । त्यसो त उनीहरूले पार्टीगत तहमा कुरा नराखेका पनि होइनन् । तर, सुनुवाइ भएको छैन । चन्द्र गुरागाईं भन्छन्, 'माओवादी र सरकारबीच वार्ता भइरहेको छ, हामी पनि शान्ति चाहन्छौं । तर, त्यो शान्ति न्यायपूर्ण पनि हुनुपर्छ ।'

पहिले विनाकसुर आफ्ना बाबुको हत्याको न्यायिक छानबिन गरी अपराधीलाई कारबाही हुनुपर्ने माग छ, उनीहरूको । ज्ञानेन्द्र आरण भन्छन्, 'पीडितका कुरालाई सम्बोधन नगरीकन शान्ति प्रक्रिया अघि बढाइन्छ भने त्यसले दिगो शान्ति हुँदैन ।'

अनिता ज्ञवाली भन्छिन्, 'परिवारजनको हत्या गर्ने हत्यारालाई हामी चिन्छौं, एउटै गाउँमा बस्ने हत्यारालाई कारबाही नभई ठाँटसँग हिँडेको देख्दा कसको मनमा विद्रोह जाग्दैन र ? अनि कसरी हुन्छ, दिगो शान्तिको प्रयास सफल ?' दण्डहीनताको अवस्था अन्त्य गर्न पनि अपराधीमाथि कारबाही हुनुपर्ने उनीहरूको माग छ ।

२०५५ साल फागुन २१ गते रुकुममा मारिएका यदु गौतमको परिवार पनि राजधानीमै छ । एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्य रहेकी तीर्था गौतम माओवादी पीडितका आवाजलाई राम्ररी समेटेर नलगे विकराल समस्या आउने बताउँछिन् । सरकारले वार्ता प्रक्रियालाई सहज पार्न माओवादी बन्दी छुटाउनेदेखि लिएर आतंककारी र विध्वंससम्बन्धी अध्यादेश खारेज गरिसकेको छ । तर, माओवादीले विभिन्न व्यक्तिमाथि लगाएको आरोपको सम्बन्धमा केही बोलेको पाइँदैन ।

राज्य र माओवादी दुवैतर्फबाट हत्याका घटना छानबिन गर्न 'ट्रुथ कमिसन' बन्नुपर्छ भन्ने कुरा उठिरहेछ । मानवअधिकारवादी नेता कृष्ण पहाडी भन्छन्, 'कमिसन बन्यो भने मात्र राज्य र माओवादी दुवैतर्फमा वास्तविक पीडितले न्याया पाउन सक्छन् ।' ट्रुथ कमिसनको विषयमा संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायोग कार्यालय सकारात्मक रहेको छ । ■



तेजबहादुर बस्नेत

▲ सरकारी कारागारबाट छुटेका माओवादी नेता-कार्यकर्ताहरू

# निर्णायक मोडतिर

**माओवादी अध्यक्ष प्रचण्डसहित अन्य मुख्य नेताहरूसँग गृहमन्त्री कृष्णप्रसाद सिटौलाको भेटपछि शान्तिवार्ता प्रक्रिया निर्णायक मोडमा पुगेको आभास भएको छ। प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच चाँडै हुने शीर्षवार्ताले सरकार र माओवादीबीच रहेका असमझदारी किनारा लगाउने अपेक्षा राजनीतिक विश्लेषकहरूले गरेका छन्।**

■ सुवास देवकोटा/काठमाडौं

**सरकार-माओवादी** वार्ता सफलतातर्फ अघि बढेको छ र दुई पक्षबीच विवाद रहेका मुद्दाहरूको सकारात्मक टुंगो लाग्ने देखिएको छ। शान्तिवार्तामा गतिरोध उत्पन्न भएको तथा सरकार र माओवादीबीच कटुता बढ्न थालेको समाचार सार्वजनिक भइरहेका बेला गृहमन्त्री तथा सरकारी वार्ताटोली संयोजक कृष्णप्रसाद सिटौलाले माओवादी अध्यक्ष प्रचण्डसहित शीर्षस्थ नेताहरूसँग कास्कीको सिक्लेसमा जेठ २८ गते भेटवार्ता गरेपछि सरकार-माओवादी वार्ता सकारात्मक र निर्णायक चरणतर्फ अघि बढेको हो। नेपाली कांग्रेस केन्द्रीय सदस्य डा. शेखर कोइराला र माओवादी वार्ताटोली संयोजक कृष्णबहादुर महरासहित सिटौला प्रचण्डलाई भेट्न हेलिकोप्टरमा सिक्लेस गएका थिए। तीन घन्टाको उक्त वार्तामा माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई पनि सहभागी थिए। सिक्लेस वार्ताले नै सात दल र माओवादी शीर्षस्थ नेताबीच वार्ता गर्ने टुंगो गरेको थियो भने प्रतिनिधिसभा विघटनलगायत विवादास्पद विषयमा छलफलबाटै टुंगो लगाउने सहमतिमा दुवै पक्ष पुगेका थिए।

सिक्लेस भेटपछि तीव्रता पाएको सरकार-माओवादी वार्ता प्रक्रिया अनेकौं चरणको अनौपचारिक छलफलपछि असार १ गते औपचारिक वार्तामा पुग्यो। उक्त वार्ताले मानवअधिकारवादी र नागरिक समाजका सदस्य सम्मिलित युद्धविराम अनुगमन संयन्त्र र अन्तरिम विधान निर्माण कार्यदल बनाउने निश्चित छ। तर, यो समाचार तयार पार्दा (जेठ ३१ बेलुका)सम्म वार्ताले टुंगो लगाउने अन्य विषय निश्चित भइनसकेको दुवै पक्षले बताए। असार पहिलो सातामै हुने निश्चित माओवादी र सात दलका शीर्षस्थ नेताबीचको वार्ताले सम्पूर्ण विवादास्पद विषय टुंगो लगाउने र मुलुक शान्ति र अग्रगमनतर्फ बढ्ने दुवै वार्ताटोलीको दाबी छ। सरकारी वार्ताटोली प्रमुख सिटौलाले यही साता प्रकाशित एउटा अन्तर्वार्तामा 'शीर्ष वार्ताले संसद्को कार्यकाल, अन्तरिम संविधान र सरकार, संविधानसभा निर्वाचन प्रक्रिया र मिति घोषणा तथा हतियार व्यवस्थापन टुंगो लगाउने' उल्लेख गरेर वार्ता सकारात्मक दिशामा अघि



पहिलो चरणको वार्ता भएको दुई सातापछि शान्ति प्रक्रिया अर्को मोडमा आइपुगेको छ

तेजबहादुर बस्नेत


बढ्ने विश्वास व्यक्त गरेका छन् ।

सात दल-माओवादी शीर्ष वार्ताले विवादास्पद विषयमा टुंगो लगाउने निश्चय भए पनि उक्त वार्ताले लिने निर्णय कस्तो हुनेछ भन्ने बताउन सक्ने स्थितिमा कोही छैनन् । 'खुला छलफल गर्न दुवै पक्ष तयार भएका छन् तर शीर्ष वार्ताले निकाल्ने निष्कर्षबारे पहिले नै भन्न सकिने स्थिति छैन', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन् । सरकारी वार्ताटोली प्रमुख सिटौला पनि शीर्ष वार्ताले गर्ने निर्णयबारे वार्ताअघि भन्न नसकिने बताउँछन् । दुवै वार्ताटोली शीर्ष वार्ताबाट सबै समस्या समाधान हुनेमा ढुक्क रहे पनि धेरैको चासो हतियार व्यवस्थापन कसरी गरिनेछ भन्नेमै छ । संविधानसभा निर्वाचनअघि आफ्नो हतियार बुझाउन माओवादीले अस्वीकार गर्दैआएको छ भने गैरमाओवादीहरू हतियारसहितका माओवादीबाट निर्वाचन प्रभावित हुने आशंकामा छन् । तर, गृहमन्त्री तथा सरकारी वार्ताटोली प्रमुख सिटौलाले 'संविधानसभा निर्वाचनअघि र निर्वाचनमा दुवै सेना अन्तर्राष्ट्रिय निगरानीमा बस्ने' बताएर माओवादी अडानप्रति सरकार सकारात्मक रहेको स्पष्ट पारेका छन् भने पछिल्लो अन्तर्वार्तामा निर्वाचनमा प्रहरी र आफ्ना मिलिसिया संयुक्त रूपमा सक्रिय हुने प्रचण्डको भनाइ अस्वीकार गरेर सरकारको अडान स्पष्ट पारेका छन् । सात दल र माओवादीबीच गत मंसिरमा सम्पन्न बाह्रबुँदे समझदारीमा पनि 'निर्वाचनका बेला दुवैतिरका सेना र अन्तर्राष्ट्रिय निगरानीमा राख्ने' उल्लेख छ । सिटौलाले उक्त अन्तर्वार्तामै 'प्रचण्डले बाह्रबुँदे समझदारी सम्झनामा राखेर अघि बढ्न भनेको' उल्लेख गरेर समस्या समाधानमा मंसिरको उक्त समझदारीअनुरूप अघि बढ्न दुवै पक्ष तयार रहेको स्पष्ट पारेका छन् ।

यद्यपि, सिक्लेस वार्तामा सरकारका तर्फबाट सिटौलाले राष्ट्रिय राजनीतिक सम्मेलनको माग नराखे प्रतिनिधिसभा विघटनबारे सरकारले सोच्न सक्ने आश्वासन माओवादीलाई दिएको स्रोतहरू बताउँछन् । तर, प्रतिनिधिसभा विघटनबारे सात दलमा सहमति भएको छैन र सरकार प्रतिनिधिसभा विघटन गर्ने मनस्थितिमा नरहेको पनि अर्को स्रोत बताउँछ । यसैगरी राष्ट्रिय राजनीतिक सम्मेलनको माग पार्टीले नछाडेको दाबी छ, माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्माको । उनका अनुसार वार्तामा माओवादी नेतृत्वले सम्मेलनको रूपबारे सोच्न सकिने मात्र बताएको थियो । प्रतिनिधिसभा विघटनमा भने आफ्नो पार्टी दृढ रहेको र विघटन नभए आफ्नो पार्टीलाई मान्य नहुने पनि उनले बताए । तर, सिक्लेस वार्तापछि माओवादी नेताहरूले पहिले आफूले भन्दैआएको राष्ट्रिय राजनीतिक सम्मेलनको माग उठाउन छाडेको देखिएकाले त्यहाँ त्यसबारे कुनै सहमति भएको सम्भावना नै धेरै छ ।

दुवै पक्षका शीर्षस्थ नेताबीचको वार्ताले विवाद समाधान कसरी गर्छ भन्ने अझै निश्चय नभए पनि त्यसले मुलुकलाई संविधानसभाको दिशामा अघि बढाउनेमा भने दुवै पक्ष ढुक्क देखिन्छन् । 'शीर्षस्थ वार्ताले समस्या समाधान गर्छ, शंकै नगरे हुन्छ', गृहमन्त्री सिटौलासँगै सिक्लेस वार्तामा संलग्न नेपाली कांग्रेस केन्द्रीय सदस्य डा. शेखर कोइराला भन्छन् । उक्त वार्तापछि माओवादी नेतृत्व पनि वार्ता सकारात्मक दिशामा अघि बढेको निष्कर्षमा पुगेको स्रोत बताउँछ । स्रोतअनुसार सरकारप्रति विश्वास बढेकै कारण प्रचण्ड तत्काल सात दलका नेतासँग वार्तामा बस्न राजी भएका हुन् । शीर्ष वार्तामा आफ्नो तर्फको सुरक्षा बन्दोबस्त मिलाउने जिम्मेवारी सरकारलाई दिन माओवादी तयार हुनुले पनि दुई पक्षबीच विश्वासको वातावरण बन्दै गएको नै स्पष्ट हुन्छ । 'शीर्ष वार्ता राजधानी वा जहाँ भए पनि सरकारले नै सुरक्षाको जिम्मा लिनेछ', माओवादी स्रोतले भन्यो । यद्यपि, वार्ताटोली सदस्य शर्मा भन्छन्, 'पूरै विश्वस्त हुने स्थिति अझै आइसकेको छैन । तर, वार्ता सकारात्मक दिशामा अघि बढेको भने पक्कै हो ।' गृहमन्त्री सिटौला र माओवादी नेतृत्वबीच वार्ता भएलगत्तै माओवादी दमनका निम्ति विगत सरकारले बनाएको 'आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन' खारेज गर्नु र त्यसअन्तर्गत थुनामा रहेको सयौं बन्दी रिहा गर्नुले पनि माओवादी नेतृत्वले सरकारी भनाइलाई विश्वास गरेको देखिन्छ । यही विश्वासकै कारण सम्पूर्ण बन्दी रिहा नभई शीर्ष वार्ता नगर्ने अडानमा रहेको माओवादीले आफ्नो अडान छाडेको छ । अन्य पुराना मुद्दामा अझै माओवादी बन्दी कारागारमा छन् भने मोहन वैद्य र सिपी गजुरेल सहित झण्डै डेढसय नेता तथा कार्यकर्ता भारतमा बन्दी जीवन बिताइरहेका छन् । भारतमा बन्दी रहेका माओवादी नेता तथा कार्यकर्तालाई छुटाउन पहल गर्ने वचन सरकारले माओवादीलाई दिए पनि भारत सरकारले नेपाली माओवादी बन्दी छाड्ने प्रक्रिया सुरु गर्न ढिलाइ गरिरहेको छ । ■

# सिक्लेसको सुखद संकेत



**सिक्लेस भेटघाटका सबै निर्णय सार्वजनिक भएका छैनन् । तर, लगत्तै त्यसको सकारात्मक पक्ष देखिन थालेको छ । भोलिपल्टै आतंककारी ऐन खारेज भयो र पुनःस्थापित प्रतिनिधिसभाको बैठक स्थगन गर्ने घोषणा गरियो । सम्भवतः अब अझ अरू केही महत्त्वपूर्ण कदम पनि चालिनेछ । यी घटनाक्रमले मुलुकको राजनीति सकारात्मक दिशातिर उन्मुख भइरहेको बुझ्न सकिन्छ ।**

■ **खिलबहादुर भण्डारी/सिक्लेस, कास्की**

**नेपाल कम्युनिष्ट पार्टी** (माओवादी) अध्यक्ष प्रचण्डले सँगै रहेका हामीलाई भने, 'घटनाहरू तीव्ररूपमा अगाडि बढिरहेका छन्, अहिलेको नेपालको राजनीति कति तरल छ भने छिनछिनमा राजनीतिक घटनाक्रम तीव्र रूपमा अगाडि बढिरहेका छन् ।' यसको पूरा अर्थ बुझ्दा नबुझ्दै कुराको गाँठी रहस्य यसरी खोलियो, 'तीन बजे नेपाल सरकारका गृहमन्त्री मकहाँ आउँदै हुनुहुन्छ, केही राजनीतिक निर्णयबारे छलफल गर्न ।'

एक्कासि आएको यस्तो खबरले राजनीतिक बाटोमा अविराम हिँडिरहेकाहरूलाई थप जिज्ञासा र कौतुहल बढ्नु स्वभाविक थियो । यही बीच काठमाडौंबाट हेलिकोप्टर उडेको खबर आइसकेपछि सिक्लेस गाउँको केही तल बारीको एउटा गह्रामा हेलिप्याड तयार भयो र हेलिकोप्टर अवतरणको लागि आगो फुकियो र एउटा कम्युनिष्ट पार्टीको रातो झन्डा फहराइयो । सिक्लेस र सिक्लेसपारिको ताङतिङ गाउँमा बाक्लो कुहिरो लागेको थियो, हेलिकोप्टर अवतरण हुन कतै समस्या पर्छ कि भन्ने आशंकै आशंकाका बीच गृहमन्त्री कृष्णप्रसाद सिटौला, नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला र माओवादी वार्ताटोलीका संयोजक कृष्णबहादुर महरा सिक्लेस आइपुगे ।

पोखरादेखि करिब ६ घन्टाको पैदल दूरीमा पर्ने पर्यटकीय गुरुङ गाउँ सिक्लेसमा गत आइतवार नेपालको राजनीतिक भविष्यबारे महत्त्वपूर्ण भेटघाट र निर्णय भए । माओवादी अध्यक्ष प्रचण्ड, संयुक्त क्रान्तिकारी जनपरिषद्का संयोजक डा. बाबुराम भट्टराई, माओवादी वार्तटोलीका संयोजक कृष्णबहादुर महरा, सरकारी वार्तटोलीका संयोजक कृष्णप्रसाद सिटौला र नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाबीच भएको भेटघाटले नेपालको वर्तमान राजनीतिलाई एउटा नयाँ उचाइमा पुऱ्याउने विश्वास गर्न सकिन्छ । निकै अर्थपूर्ण र महत्त्वसाथ हेरिएको यो भेटघाट सञ्चार माध्यमहरूमा व्यापक चर्चाको विषय बनेको छ ।

सरकार र माओवादीबीच एक चरणको वार्ता सकिएर अर्को चरणको वार्ताबारे अन्योल छाइरहेको सन्दर्भमा भएको सिक्लेस भेटघाटले सम्भवतः यी हरफहरू प्रकाशित भइसक्दा वार्ताको टुंगो लागिसक्न सक्छ । अब वार्ता सीधै राजनीतिक एजेन्डामा प्रवेश गर्नेछ र मुलुकको भविष्यलाई दिशानिर्देश गर्ने यो कोसेढुंगा सावित हुन सक्छ ।

माओवादीले चुनवाङ बैठकदेखि उठाउँदै आएको बृहत् राष्ट्रिय राजनीतिक सम्मेलनको अनिवार्यतालाई अहिले जरुरी ठानेको छैन । तर, सबै इमानदार बन्ने कुरा जरुरी मानेको छ । पुनस्थापित प्रतिनिधिसभा विघटन गरेर अन्तरिम संविधान बनाउने र माओवादीसहितको अन्तरिम सरकार बन्ने सहमति नै सिक्लेस भेटघाटको चुरो हो । केही दिनभित्रै अझ महत्त्वपूर्ण भेटघाट हुन सक्ने र त्यसले लिखित निर्णय गर्न सक्ने संकेत पनि सिक्लेस भेटघाटले गरेको छ । माओवादीले भन्दै आएको शिखरवार्ताको ढोका पनि सिक्लेस वार्ताले खोलेको छ । अबको शान्तिवार्तालाई नयाँ निर्णयमा पुऱ्याउन र मुलुकलाई अग्रगामी निकासमा पुऱ्याउन सिक्लेस भेटघाट निकै महत्त्वपूर्ण सावित हुनेमा विश्वस्त बन्न सकिन्छ । सिक्लेस भेटघाटले जनआन्दोलनले ल्याएको म्यान्डेट छिटो पूरा गर्ने र प्रतिगामी शक्तिहरूबाट हुन सक्ने सबै खाले षड्यन्त्रविरुद्ध एक भएर जाने सहमतिसमेत भएको छ । अहिलेसम्म अल्झिरहेको विभिन्न राजनीतिक मुद्दालाई छिटो पार लगाउने र जनआन्दोलनको मर्म र भावना समेटेर अबका निर्णय हुनेछन् । निकै लामो समयसम्म उठिरहेको संविधानसभाको निर्वाचन घोषणा गर्न सरकारकै कारण ढिलो भइरहेको छ, यो ढिलाइ र राजनीतिक गत्यावरोधलाई सिक्लेस भेटघाटले छिचलेको छ । यो अर्थमा पनि यो भेटघाट निकै अर्थपूर्ण भएको छ । सिक्लेस भेटघाटको भावनालाई समातियो भने अबको नेपाली राजनीति सकारात्मक दिशातिर जाने निश्चित छ ।

सिक्लेस भेटघाटका सबै निर्णय सार्वजनिक भएका छैनन् । तर, लगत्तै त्यसको सकारात्मक पक्ष देखिन थालेको छ । भोलिपल्टै आतंककारीको ऐन खारेज भयो र पुनःस्थापित चालू प्रतिनिधिसभा बैठक स्थगन गर्ने घोषणा गरियो । सम्भवतः अब अझ अरू केही महत्त्वपूर्ण कदम पनि चालिनेछ । यी घटनाक्रमले मुलुकको राजनीति सकारात्मक दिशातिर उन्मुख भइरहेको प्रष्ट पार्छ ।

जेठ २८ गतेको सिक्लेस भेटघाटमा आम सहमतिमा मुलुकको सुन्दर भविष्यको एउटा नयाँ खाका निर्णय भएको बुझ्न सकिन्छ । मुलुकको नयाँ भविष्य कोर्ने चाहनाको प्रतिफल हो, सिक्लेस भेटघाट । सिक्लेस भेटघाटमा भएका सहमतिलाई सबैले इमानदारीसाथ बुझे र लागू गरे भने मुलुकले नयाँ निकास पाउने दिन अब टाढा छैन । ■

**जनताको एउटा ठूलो हिस्साले संसदीय सत्तालाई र अर्को ठूलो हिस्साले माओवादी सत्तालाई समर्थन गरेको स्थितिमा यी दुईको शान्तिपूर्ण एकीकरण धेरै कठिन विषय हो । किनभने दुवै सशस्त्र सत्ता पनि हुन् र कसैको पनि पूर्ण जित वा हार भएको छैन । युद्ध मैदानमा नहारेको कुरा टेबुलमा आएर हार्न दुवै पक्ष चाहँदैनन् । यसमा विदेशी सत्ता र शाही सत्ताले पनि खेल्नेवाला छन् ।**



■ रवीन्द्र श्रेष्ठ

# पाँच खालका सत्ताद्वन्द्व

**नेपालमा अहिले** पाँच खालका सत्ताको द्वन्द्व चलिरहेको छ- शाही सत्ता, संसदीय सत्ता, प्रचण्डको सत्ता, विदेशी शक्तिको सत्ता र जनताको सत्ता । प्रत्येक सत्ताभित्र पनि अनेक गुट-उपगुटबीच द्वन्द्व चलिरहेको छ । यी सत्ताहरूबीच संघर्षका साथै सापेक्षतामा विभिन्न समीकरणका एकता भएर एक अर्को सत्ताका विरुद्धमा संघर्ष चल्ने गर्छ भने हार, जित वा नयाँ शक्ति सन्तुलनपछि विभिन्न खालको रूपान्तरण भएर नयाँ संघर्ष र नयाँ एकताको समीकरण बन्ने गर्दछ ।

२०४६/४७ सालको जनआन्दोलनले शाही सत्तालाई निर्मूल गर्न सकेन, केवल पर्दापछाडि मात्रै धकेल्यो । संसदीय सत्ता निर्णायक बन्यो । विदेशी सत्ता र जनताले पनि संसदीय सत्तालाई नै स्वीकार गरेर सहयोग गरे । तर, संसदीय दलका नेताहरूले विदेशी शक्तिको पक्षमा र सामन्त, नोकरशाह तथा दलाल पुँजीपति वर्गकै लागि मुख्यतया सत्ता प्रयोग गर्न थालेपछि तथा आफूहरू पनि त्यही वर्गमा रूपान्तरण हुँदै सुख सुविधामा डुब्न थालेपछि नयाँ जनआन्दोलनको वस्तुगत आधार तयार हुँदै गयो । यस्तो स्थितिमा माओवादी आन्दोलन सुरुवात भयो, जुन २०४७ सालमा निकै सानो धार थियो । २०५२ सालमा खुलामञ्चबाट सशस्त्र संघर्ष छिटै सुरु गर्छौं भन्दा पनि कुनै पनि दलले र जनताको बहुसंख्यक हिस्साले पत्याएको थिएन । तर, जनपक्षीय कार्यदिशासहित मार्क्सवादी कोणबाट आन्दोलनमा लागेपछि यो आन्दोलनले जनताको मन जित्न सफल हुँदै संसदीय सत्तालाई पराजित गर्दै अघि बढ्यो । शाही सत्ता र माओवादी सत्ताबीच प्रमुख द्वन्द्व तीव्र भयो । तर, माओवादी पार्टीको नेतृत्वमै त्यसमा पनि प्रचण्ड र बाबुराम जस्ता प्रमुख नेताहरूमा नै वैचारिक तथा व्यवहारिक विचलन आयो । जसले जनताबाट क्रमशः कटिने, जनविरोधी कामहरू तीव्र बन्ने, नेताहरूको वर्ग उत्थान भएर ठूला पुँजीपति तथा अर्ध सामन्त वर्गमा रूपान्तरण हुने क्रम तीव्र बन्यो । जनतामा भर परेर अन्तरसंघर्ष र वर्ग संघर्ष चलाउनेभन्दा पनि प्रचण्डले ज्ञानेन्द्रसँग सम्झौता गरेर भारतसँग युद्ध गर्न बंकरहरू खन्ने लाइन ल्याएर राजावादी बन्ने तथा बाबुरामले दिल्लीदरवारसँग संयुक्त मोर्चा बनाएर ज्ञानेन्द्रसँग लड्ने भारतवादी बन्ने लाइन अघि सारे । दुवैथरीले जनपक्षीय कार्यदिशा बनाई जनतालाई बलियो बनाएर संघर्ष गर्ने सर्वहारा वर्गको स्वतन्त्र धारको परित्याग गरे । प्रचण्ड र बाबुराममा आएको वैचारिक र व्यवहारिक पतन तथा उनीहरूको वर्ग उत्थानका कारणले शाही सत्ताविरुद्धको वर्तमान गणतान्त्रिक आन्दोलनले सीधै गणतन्त्र स्थापना गर्न सकेन ।

जनता जनपक्षीय गणतन्त्र र जनपक्षीय अग्रहमनसहितको शान्ति चाहन्थे । तर, सात दलका नेताहरू मात्रै होइन, प्रचण्ड-बाबुराम गुटको पनि वर्तमान आन्दोलनको लागि वैज्ञानिक योजना र कार्यनीति तथा कार्यक्रम बन्न सकेन । बाह्रबुँदे समझदारीमा 'पूर्ण प्रजातन्त्र'जस्तो अमूर्त नारालाई लक्ष्य बनाइयो । आन्दोलन नै सबथोक हो, लक्ष्य केही होइन भन्ने संशोधनवादी सिद्धान्त प्रचण्ड र बाबुरामले पनि लागू गरे । गणतान्त्रिक आन्दोलनको नेतृत्व गणतन्त्र नमान्नेहरूलाई सुम्पेको घोषणा गरे । जनताको गणतान्त्रिक शक्तिको न्यून मूल्यांकन उनीहरूले गरे । प्रचण्ड र बाबुराम गुटले पनि राजतन्त्र अन्त्य, गणतन्त्रको स्थापना गर्ने नभएर संविधानसभाको निर्वाचनबाट राजतन्त्रको अन्त्य गर्ने भन्ने जस्तो सारसंग्रहवादी, मध्यपन्थी, अकर्मण्यतावादी नारा दिए, जुन जनताको गणतान्त्रिक आन्दोलनको उत्कर्षका विपरीत थियो । आन्दोलनमा जनतालाई त पठाए तर नेताहरूले गणतान्त्रिक आन्दोलनको नेतृत्व गर्न उपत्यकामा पस्ने बलिदानी भावना देखाउन सकेनन् र त्यसअनुरूपको वैज्ञानिक योजना पनि बनाउन सकेनन् । एउटा सदरमुकाम कब्जा गर्दा पनि कम्तीमा असी जनाको सहादत र पाँच सय घाइते हुन्छन् । तर, वर्तमान महान् आन्दोलनमा प्रचण्ड र बाबुरामका कति जना सहादत र घाइते भए ? आन्दोलनको उच्चताको वैज्ञानिक नेतृत्वदायी योजना प्रचण्डले बनाउन सकेनन् । प्रचण्ड र बाबुरामले जतिसुकै दिल्लीदरवार वरपर चक्कर काटेर चाकडी गरी भारतीय विस्तारवाद भन्न छोडेर लोकतान्त्रिक भारतको प्रशंसा गरे पनि राजा ज्ञानेन्द्रलाई जोगाउने त्यही भारत नै बनेको यथार्थ अब स्पष्ट भइसकेको छ । त्यसैले भारतवादी भनेकै राजावादी हो र राजावादी भनेकै भारतवादी हो भन्ने तथ्य पुनः पुष्टि भएको छ । राजावादी र भारतवादीको संयुक्त मोर्चा बनेर सर्वहारा वर्गको स्वतन्त्रधार ध्वस्त गर्ने षड्यन्त्र पनि स्पष्ट भएको छ ।

अब नयाँ समीकरण बनेको छ । संसद्को नेतृत्वमा शाही सत्ता, संसदीय सत्ता, विदेशी सत्ता र जनताको महत्त्वपूर्ण हिस्साको समर्थन प्राप्त भए पनि अकर्मण्यतामा फसिरहेको छ । सबै सत्तालाई शक्ति संचय गर्न समय लाग्नेछ र संयुक्त मोर्चा सुदृढ गरेपछि पुनः द्वन्द्व चर्कनेछ । जनताको एउटा ठूलो हिस्साले संसदीय सत्तालाई र अर्को ठूलो हिस्साले माओवादी सत्तालाई समर्थन गरेको स्थितिमा यी दुईको शान्तिपूर्ण एकीकरण धेरै कठिन विषय हो । किनभने दुवै सशस्त्र सत्ता पनि हुन् र कसैको पनि पूर्ण जित वा हार भएको छैन । युद्ध मैदानमा नहारेको कुरा टेबुलमा आएर हार्न दुवै पक्ष चाहँदैनन् । यसमा विदेशी सत्ता र शाही सत्ताले पनि खेल्नेवाला छन् ।

यदि माओवादीको मूल नेतृत्वमा वैचारिक र व्यवहारिक विचलन नआएको भए उनीहरुलाई बहुसंख्यक जनताले साथ दिएकै थिए र गणतन्त्र उनीहरूको नेतृत्वमा आइसकेको हुन्थ्यो । तर, उनीहरूको विचलनले गर्दा नयाँ समीकरण बन्न पुगेको छ । शाही सत्ता, संसदीय सत्ता, विदेशी सत्ताबाट बहुसंख्यक जनता विमुख भइसकेका थिए । तर, प्रचण्ड पनि दरवार र संसदीय दलहरूको जस्तै जनविरोधी बाटोमा हिँडेको तथ्य थाहा पाएपछि अहिले आसले र त्रासले पछि लागेको जनताले नै पुनः अर्को आन्दोलन सुरु गर्नु अनिवार्य छ । चीनमा क्रान्तिकारी कम्युनिस्ट नेता चाङ जुन चियाओले भनेका थिए, 'सोभियत अन्तरिक्षयान चन्द्रमा पुग्यो तर, लालझन्डा भुइँमा गिऱ्यो ।' यहाँ पनि लाखौं जनतालाई खुलामञ्चमा प्रचण्डले उतारे पनि बहुदलीय जनवादको प्रशंसा पनि गर्न पुगे । प्रचण्ड आफैले क्रान्तिको नेतृत्व पनि गरे, उनैले प्रतिक्रान्तिको नेतृत्व पनि गर्दछन् । क्युवा, भियतनाम र कोरियामा फिडेल, हो चि मिन्ह र किम इल सुङले पनि यस्तै गरे ।

जनताको मागअनुसार गणतान्त्रिक र लोकतान्त्रिक शक्तिहरू मिलेर शाही सत्ता पूर्णतः निर्मूल गर्ने र जनपक्षीय गणतन्त्र स्थापनाको लागि एकजुट हुनु अहिलेको प्रमुख कार्यभार हो । यसको लागि जनआन्दोलनको तेस्रो भागको तयारी अहिलेको समयको माग हो । ■

# अग्रगमनका निम्ति उपप्रधानमन्त्री

**सात राजनीतिक** दल र माओवादीबीचको बाह्रबुँदे समझदारीको प्रभाव नेपालको वर्तमान राजनीतिमा कति बलियो छ भन्ने जनमोर्चा अध्यक्ष अमिक शेरचन उपप्रधानमन्त्री नियुक्त हुनुले प्रमाणित हुन्छ। सरकारसँग वार्तामा रहेको माओवादीको दबाब अमिक उपप्रधानमन्त्री बन्नुको अर्को कारण मान्छन्, केही। तर, बाह्रबुँदे समझदारी र त्यसपछि विकसित परिस्थितिमा माओवादीसँग सात दलको सम्बन्ध कायम राख्न जनमोर्चाले खेलेको भूमिका सम्झने हो भने अमिकको नियुक्ति अस्वभाविक लाग्दैन। माओवादी र सात दलबीचका सबै औपचारिक वार्तामा नेपाली कांग्रेस र एमालेसँगै जनमोर्चा पनि सहभागी थियो।

कम्युनिष्ट राजनीतिमा २०१७ अघि नै प्रवेश गरेका अल्पसंख्यक थकाली जातिका अमिकले कुनै दिन उपप्रधानमन्त्री बनौँला भनेर सायदै सोचेका थिए। जनमोर्चाका कार्यकर्ता, अमिकप्रति सधैं सहयोग र सद्भाव राख्ने उनकै परिवार र थकाली समाजले 'भन्डाफोर' राजनीति गरिरहेका अमिक यसरी उपप्रधानमन्त्री बन्लान् भन्ने सोच्ने स्थिति थिएन। जनमोर्चाको सानो आकारले पनि उसको सरकार बन्ने सम्भावना कतै देखिन्नथ्यो र त्यसका नेता यति ठूला पदमा पुग्लान् भनेर अनुमान गर्न सकिन्नथ्यो। अझ, सरकारमा सहभागी नहुने जनमोर्चाको नीतिका कारण त ठूलो सरकारी पद पाउने उनको सम्भावना क्षितिजपारि समेत देखिन्नथ्यो।

तर, जनमोर्चाले आफ्नो नीति यसबीचमै परिवर्तन गर्‍यो र ६४ वर्षीय अमिकले उपप्रधानमन्त्री बन्ने अवसर पाए। जनवादी गणतन्त्र स्थापनाका निम्ति बन्दुक उठाएका माओवादीसमेत बहुदलीय पद्धति स्विकारेर अन्तरिम सरकारमा समावेश हुने प्रक्रिया अघि बढिरहेका बेला जनमोर्चाको यो सरकारमा सहभागिता अस्वभाविक लाग्दैन। यद्यपि, सरकारमा जाने निर्णयकै कारण जनमोर्चा भर्खरै विभाजन भएको छ र मातृ पार्टी एकताकेन्द्र-मसालका महामन्त्री मोहनविक्रम सिंह पक्षधरहरूले सांसद चित्रबहादुर केसीको नेतृत्वमा अर्कै जनमोर्चा बनाएका छन्। हिंसात्मक बाटोबाट शान्तिपूर्ण राजनीतिमा आउने माओवादी निर्णय जति ठूलो नमानिए पनि सरकारमा सहभागी हुने जनमोर्चाको यो निर्णय नीतिगत उलटफेर नै हो। सात दल-माओवादी समझदारी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका एकता-केन्द्र मसालका सहमहामन्त्री प्रकाश (नारायणकाजी श्रेष्ठ)को प्रेरणामा जनमोर्चाले गरेको यो निर्णयले नेपालका कम्युनिष्टहरू परम्परावादी बन्धनबाट मुक्त हुँदै गरेको पनि बुझ्न सकिन्छ।



लामो उग्र वाम राजनीतिक पृष्ठभूमि भए पनि जनमोर्चाका अन्य नेताभन्दा अमिकलाई धेरैले व्यवहारिक र बहुदलीय राजनीति अनुकूल स्वभावका नेता मान्छन्। २०३१ देखि मोहनविक्रम सिंह र निर्मल लामाको चौथो महाधिवेशन समूहमा रहेका उनी त्यस पार्टीको परम्पराविपरीत अत्यधिक समय खुला रहे। उनका सहकर्मीहरूका अनुसार लामो भूमिगत जीवन नबिताउनु उनको स्वभाव निर्माणको महत्त्वपूर्ण कारण हो। त्यही कारण हुनुपर्छ, २०४१ को पार्टी विभाजनमा पनि अमिक आफ्नै स्वभावका नेता लामाको पक्षमा लागे। २०४७ मा प्रचण्ड, लामा र रूपलाल विश्वकर्मा समूहको एकतापछि बनेको एकताकेन्द्रको विवादमा पनि अमिक लामातर्फै रहे। सशस्त्र संघर्ष सुरु गरिहाल्ने र नगर्ने विषयमा प्रचण्ड र लामाबीच चलेको विवाद विभाजनमा पुग्दा पनि उनले लामा पक्ष अर्थात् निरञ्जन गोविन्द वैद्यको जनमोर्चा छाडेनन्। २०५४ मा वैद्यका उत्तराधिकारीमा जनमोर्चाको अध्यक्ष बनेका अमिक त्यसयता लगातार त्यही पदमा छन्।

उग्र वाम राजनीतिमा दशकौं बिताए पनि अमिकले आर्थिक अभाव खासै नभोगेको उनका सहकर्मीहरू बताउँछन्। म्याग्दीबाट चितवन बसाइँ सरेका अमिकको परिवारको जायजेथा पुग्दो नै छ, त्यसमाथि व्यापार गरिरहेका नौ दाजुभाइको उनीप्रति सहयोग र सद्भाव रहेको जनमोर्चाबाहिर समेत चर्चा छ, जसलाई अमिक पनि अस्वीकार गर्दैनन्। २०४८ को प्रतिनिधिसभामा चितवनबाट सांसद रहेका अमिकले जनमोर्चा विभाजनपछि २०५१ मा चितवनमा तथा २०५६ मा रामेछापमा पराजय भोगे पनि राजनीतिमा ठूलो असफलता व्यहोरेका छैनन्। किनभने राजनीतिसँगै सधैं जोडिएर आउने बदनामी र विरोध उनले अहिलेसम्म सामना गर्नुपरेको छैन। तर, विरोध र नाराको राजनीति जस्तै सजिलो होला त अब अमिकलाई ? पक्कै हुनेछैन। किनभने सरकारमा नहुँदा जस्तो जनमोर्चाका कार्यकर्ताले अब उनको भाषणमा मात्र चित्त नबुझाउन सक्छन् भने मन्त्रालय लगायतका निर्णयहरूले कहिले नभोगेको बदनामी व्यहोर्नुपर्ने हुनसक्छ। शान्तिवार्ता र संविधानसभा निर्वाचनको सफलता वा असफलतासँगै उनको पनि सफलता वा असफलता गाँसिने त निश्चित छँदै छ। अमिकले नै भनेका छन्, 'सरकारमा मेरो सहभागिता शान्तिवार्ता सफलतामा पुर्‍याउन पनि हो, कुनै शक्तिले पनि वार्ताको सफलतालाई अब रोक्न सक्दैन।' भर्खरै सम्पन्न ऐतिहासिक जनआन्दोलनको अपेक्षानुसार सरकारले शान्ति र अग्रगमनको दिशामा मुलुकलाई लान सक्छ या सक्दैन, जनताले नवनियुक्त उपप्रधानमन्त्री शेरचनको भाषणभन्दा व्यवहारमा हेर्नेछन्।

■ **सुवास देवकोटा/काठमाडौं**

समय

# नयाँ समीकरण ?



**प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले जनमोर्चा अध्यक्ष अमिक शेरचनलाई उपप्रधानमन्त्री नियुक्त गरेपछि सात दल गठबन्धनमा चिसो पसेको छ । एमालेका नेता तथा सांसदहरू नेपाली कांग्रेस, जनमोर्चा र माओवादीबीच नयाँखाले समीकरण विकसित भएको अर्थ लगाउँदै छन् ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**प्रधानमन्त्री गिरिजाप्रसाद** कोइरालाले भारत भ्रमणबाट फर्किएलगत्तै विस्तार गरेको मन्त्रिपरिषद्लाई लिएर सात दलको प्रमुख घटक एमाले र तेस्रो ठूलो दल नेपाली कांग्रेस (प्रजातान्त्रिक) दुवै सन्तुष्ट हुन सकेनन् । कोइरालाले जनमोर्चा अध्यक्ष अमिक शेरचनलाई उपप्रधानमन्त्रीमा नियुक्त गरेको विषयलाई एमाले र प्रजातान्त्रिक कांग्रेस दुवैले पार्टीहरूको हैसियत अस्वीकार गरेको आरोप कोइरालामाथि लगाउन थालेका छन् । यसबाहेक प्रजातान्त्रिकका ज्ञानेन्द्रबहादुर कार्कीलाई राज्यमन्त्री मात्र बनाइनुले पनि उक्त पाटी अझ रुष्ट बनेको छ र कोइरालाको भूमिकाप्रति शंका व्यक्त गर्न थालेको छ । प्रजातान्त्रिकले कार्कीलाई मन्त्रीको रूपमा प्रस्तुत गरेको थियो । यसअघि सोही पार्टीकी चित्रलेखा यादवले मन्त्री पद अस्वीकार गरेपछि प्रजातान्त्रिकको भागमा जलस्रोत मन्त्री पद रिक्त थियो ।

एमालेका नेता तथा सांसदहरू नेपाली कांग्रेस, जनमोर्चा र माओवादीबीच नयाँखाले समीकरण विकसित भएको अर्थ लगाउँदै छन् । कोइरालाको पछिल्लो मन्त्रिपरिषद् विस्तारले कांग्रेस माओवादीसँग नजिक भएर एमाले तथा प्रजातान्त्रिक कांग्रेसबाट टाढिँदै गएको अनुमान गर्न थालेका छन् ।

पुनःस्थापित प्रतिनिधिसभामा सांसद सदस्य संख्याका हिसाबले एमालेको तुलनामा सानो जनमोर्चा सत्तामा सहभागी हुने नहुने विषयमा हालसालै चिरा परेर अझ कमजोर बनेको राजनीतिक दल हो । त्यही दलका अध्यक्ष शेरचनले कांग्रेसको तुल्य दल एमालेकै हैसियतमा उपप्रधानमन्त्री प्राप्त गर्नुलाई माओवादीको सल्लाहले काम गरेको एमालेका नेताहरूको आशंका छ । शेरचनले उपप्रधानमन्त्री नै दाबी गर्दै आए पनि एमाले र कांग्रेस प्रजातान्त्रिकले त्यसलाई गम्भीर रूपमा लिएका थिएनन् ।

कोइरालाले शेरचनलाई उपप्रधानमन्त्री बनाउने प्रस्ताव एमाले महासचिव माधवकुमार नेपाल र कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा दुवैसमक्ष राखेको र दुवैले अस्वीकार गरेका थिए । उता कांग्रेस प्रजातान्त्रिकले कार्कीलाई राज्यमन्त्रीमा नियुक्त गरेको विषयमा प्रतिरोध गर्न चाहेन । पार्टीका महामन्त्री विमलेन्द्र निधि भन्छन्, 'हाम्रा कारणबाट राजनीतिक गतिरोध नहोस् भन्ने कुरामा हामी सचेत छौं ।' तर देउवाले यस विषयलाई कोइरालासमक्ष असन्तोष व्यक्त गरेको उनले जानकारी दिए ।

शेरचन वरिष्ठ वामपन्थी नेता हुन् र सात दल-माओवादीबीच समझदारी विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेकोले उनलाई उपप्रधानमन्त्रीको जिम्मेवारी दिएको अर्थ लगाइँदै छ । शेरचनले माओवादीसँग समझदारी निर्माणमा भूमिका खेलेको भए पनि उनलाई उपप्रधानमन्त्रीमा ल्याउने कोइरालाको निर्णय एक्लो हो । एमाले महासचिव नेपालसँग नजिक एक केन्द्रीय सदस्य भन्छन्, 'गिरिजाप्रसाद कोइराला, अमिक शेरचन, प्रकाश र प्रचण्डबीच नयाँखाले समीकरण बन्न थालेको छ । यसको प्रमुख ध्येय एमालेलाई एकल्याउने खेल नै हो ।' एमाले महासचिव नेपाल तथा प्रजातान्त्रिकका सभापति देउवा दुवै शेरचनको शपथग्रहण कार्यक्रममा सरिक हुन रुचाएनन् । उनीहरू कोइरालाले आफूहरूको राजनीतिक हैसियत स्वीकार नगरेको विरोधमा अनुपस्थित भएका हुन् ।

प्रजातान्त्रिकका एक केन्द्रीय सदस्य कोइरालाले एमाले र प्रजातान्त्रिक दुवैलाई कमजोर देखाउन र प्रचण्डसँगको समझदारीअनुसार शेरचनलाई उपप्रधानमन्त्री दिएको दाबा गर्छन् । उनी भन्छन्, 'हामीलाई सानो र कमजोर देखाउन उपप्रधानमन्त्री दिइएन र ज्ञानेन्द्रबहादुर कार्कीलाई पूर्वसहमति विपरीत राज्यमन्त्री मात्र दिने काम भयो ।'

एमाले केन्द्रीय सदस्य राजेन्द्र श्रेष्ठ भने नेपालका कम्युनिष्ट पार्टीहरूको चरित्रअनुसार काम भइरहेको बताउँदै वर्तमान समस्यालाई सैद्धान्तीकरण गर्न रुचाउँछन् । उनी नेपालका कम्युनिष्टहरूमा नकारात्मक बिन्दुबाट राजनीति सुरु हुने गरेको र एक-अर्काका विरुद्ध निषेधात्मक नीति लिने गरेको विगत कोट्याउँछन् । माओवादीले कांग्रेससँग मिलेर एमालेलाई एकल्याउन चाहेको घुमाउरो पारामा बताउँदै श्रेष्ठ भन्छन्, 'पुष्पलाललाई निषेध गरेर मोहनविक्रम समूह आयो, मोहनविक्रमलाई निषेध गरेर माले (पछि एमाले) आयो, अहिले एमालेलाई निषेध गरेर माओवादी आउन खोज्दै छन् ।'

शेरचनले उपप्रधानमन्त्रीमा जिद्दी गरेको र कोइरालाले उनलाई राख्न चाहेको बुझेपछि २८



जेठको शीर्षस्थ नेताहरूको बैठकमा एमाले महासचिव नेपालले भने, 'हामी यो मुद्दालाई लिएर सार्वजनिक रूपमा आलोचना र भर्त्सना गर्दैनौं तर हाम्रो गम्भीर आपत्ति छ।' एमाले आफ्ना प्रतिनिधि केपी शर्मा ओलीभन्दा शेरचनलाई वरिष्ठ उपप्रधानमन्त्री बन्न नदिने राजनीतिक खेलबमा भने सफल भयो। माओवादीलाई नजिकबाट चिनेका एक राजनीतिक विश्लेषक नाम उल्लेख नगर्ने सर्तमा शेरचनलाई माओवादीकै सहमतिमा ल्याएको जानकारी दिँदै निकट भविष्यमा माओवादी प्रत्यक्षरूपमा सरकारमा सहभागी नहुने दाबी गर्छन्। उनी भन्छन्, 'आफू सरकारमा नगएर नजिकका मानिसलाई पठाउने नीति अपनाउने उनीहरूको नीति छ, त्यसको सुरुवात शेरचनबाट भएको छ।'

'माओवादी स्वयं सरकारमा मन्त्री भएको अवस्थामा तिनको सुरक्षा र सलामी नेपाली सेनाले गर्ने कि माओवादी सेनाले गर्ने ?', उनी प्रश्न गर्छन्। यद्यपि, माओवादी अध्यक्ष प्रचण्डले हालै दिएको एक टेलिभिजन अन्तर्वार्तामा आफूहरू सरकारमा आउन हतारिएको बताएका छन्। तर, त्यस स्थितिमा पनि माओवादी सेना रहिरहने दाबी गरेका छन्। सरकारी प्रहरी जस्तै आफ्ना मिलिसियाले निर्वाचनमा 'सुरक्षा' गर्ने जिम्मेवारी पाउनु पर्ने उनको धारणाले माओवादी हतियार व्यवस्थापन तथा माओवादीलाई सरकारमा सामेल गराउने विषय चुनौतीपूर्ण बनेका छन्। सात दलका शीर्षस्थ नेताहरू भने माओवादी सत्तामा आउनुअघि उनीहरूको हतियारको व्यवस्थापन हुनुपर्ने कुरा महत्त्वका साथ उठाउँदै आएका छन्। माओवादीले भने हतियार व्यवस्थापनको मुद्दाभन्दा संविधानसभाको मुद्दालाई प्राथमिकता दिएको अवस्था छ।

त्यसो त यथाशीघ्र संविधानसभामा जानुपर्ने दबाब दिइरहेका माओवादी पछिल्लो समय दलहरूको मार्गचित्रमा केही लचिलो भएर प्रस्तुत हुन थालेका छन्। माओवादी अध्यक्ष प्रचण्डसँग सरकारी वार्ताटोलीका संयोजक एवं गृहमन्त्री कृष्ण सिटौलाको सिक्लेस भेटवार्तापछि प्रतिनिधिसभा विघटन र सर्वदलीय राजनीतिक सम्मेलनको मागमा माओवादीको भनाइ बदलियो। प्रचण्ड-सिटौला वार्तामा सहभागी महराले भोलिपल्टै भने, 'संविधानसभाका लागि राजनीतिक इमानदारी भएमा प्रतिनिधिसभा विघटन र बृहत् राजनीतिक सम्मेलन हुनै पर्छ भन्ने छैन।' महराको यो अभिव्यक्तिलाई राजनीतिक विश्लेषक नीलाम्बर आचार्य माओवादी लचिलो हुँदै गएको अर्थमा लिन्छन्। आचार्य भन्छन्, 'माओवादीमा लचकता र सकारात्मकता देखिएको छ, त्यसमा कत्तिको अडिन सक्छन्।' प्रतिनिधिसभा विघटनको माग गर्दै आएका माओवादीले केही साता प्रतिनिधिसभाका बैठक स्थगित गर्ने दलहरूको निर्णयमा सहमति जनाएका पनि छन्। यसबाट माओवादी संविधानसभाको निर्वाचन नहुन्जेल प्रतिनिधिसभा विघटनका लागि दबाब नदिने बरु अन्तरिम संविधानको पक्षमा दलहरू सहमत गराउने राजनीतिमा केन्द्रित भएको देखिन्छ।

प्रचण्ड-सिटौला भेटवार्ताले प्रधानमन्त्री कोइराला र प्रचण्डबीच प्रत्यक्ष वार्ता गर्ने वातावरण बनाएको प्रचार गरिएको छ। तर, दुई शीर्षस्थ नेताहरूबीच वार्ता गर्ने र अरू सात राजनीतिक दलका नेताहरूलाई 'जानकारी' दिने पछिल्लो राजनीतिक चाललाई जेठ ३१ को एमाले स्थायी कमिटी बैठकले कमजोर पारिदिएको छ। एमालेले सात दल र माओवादीका नेताहरू समेतको सर्वदलीय बैठक बसेपछि मात्र वार्ता प्रक्रिया अगाडि बढाउनुपर्ने निर्णय गरेपछि यस्तो स्थिति आएको हो। एमालेले माओवादीले माग गरेजस्तै अन्तरिम संविधानको पक्षमा आफूलाई उभ्याएको छ भने कांग्रेस अहिलेसम्म कुनै निर्णयमा पुग्न सकेको छैन।

माओवादीले चन्दा असुल्ने नीतिमा पनि केही परिवर्तन गरेका छन्। आचारसंहितामा हस्ताक्षर गरेपछिको अवस्थामा उनीहरूको चन्दा असुलीलाई लिएर नागरिक समाज र प्रतिनिधिसभामा तीव्र विरोध भयो भने चन्दादाता स्वयंले प्रतिरोध गर्न थालेपछि माओवादीले चन्दाका लागि आग्रह गर्ने पत्रहरूमा 'स्वेच्छिक' शब्द थपेको व्यापारीहरू बताउँछन्। तर, माओवादीले चन्दा असुल्न आफ्ना विभिन्न क्षेत्रीय एकाइहरूलाई ठेक्का दिएका छन्। जानकार स्रोतका अनुसार काठमाडौंबाट ५० करोड, भक्तपुरबाट २० करोड र चितवनबाट ५ करोड चन्दा असुल्न सम्बन्धित क्षेत्रका कमान्डलाई जिम्मा दिने काम भएको छ। माओवादी मुलुकभित्रका राजनीतिक शक्ति र नागरिक समाजको विश्वास जित्ने प्रयासमा छ। तर, माओवादीप्रति भारतलगायत अन्तर्राष्ट्रिय शक्तिकेन्द्र पूर्ण विश्वस्त हुन सकेका छैनन्। उनीहरूले माओवादीलाई शंकाको दृष्टिले हेरिरहेका छन्।

प्रधानमन्त्री कोइरालाको भारत भ्रमणका बेला भारतले नेपालको शान्ति प्रक्रियामा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे पनि माओवादी लगायत केही राजनीतिक दलले सोचेअनुसारको शान्तिवार्तामा संयुक्त राष्ट्रसंघको भूमिकाको विपक्षमा उभियो। माओवादीको हतियार व्यवस्थापन तथा संविधानसभा निर्वाचनको समयमा हतियारको सुनिश्चितामा संयुक्त राष्ट्रसंघले अवलोकनकर्ताको भूमिका मात्र खेल्न सक्ने तर वार्ता प्रक्रियामा अनुगमनकारी भूमिका खेल्न नसक्ने आफ्नो नीति कोइरालालाई अवगत गराएको छ भारतले।

माओवादीलाई अनावश्यक रूपमा महत्व दिएकोमा पनि कोइरालालाई भारतले ध्यानाकर्षण गरेको बुझिन्छ। उता, अमेरिकाले हतियार बिसाएको अवस्थामा माओवादीमाथि लगाइएको आतंककारी बिल्ला हटाउने मनसाय सार्वजनिक गरेको छ। तर, अझै पनि उनीहरूको राजनीतिक प्रतिबद्धताप्रति विश्वस्त बन्न सकेको छैन। माओवादी नेताहरूको विदेशी कुटनीतिज्ञसित भेटवार्ता गर्ने चाहनालाई उनीहरूले बेवास्ता गर्दै आएका छन्। स्रोतहरूका अनुसार भारत, अमेरिका, बेलायत लगायतका देशका कुटनीतिज्ञहरू अझै पनि माओवादी नेताहरूसँग भेटवार्ता गर्नुभन्दा उनीहरूलाई समदूरीमा राख्न उचित ठान्छन्। ■






# बन्दैछन् नयाँ–नयाँ कानुन

**राजा राख्ने–नराख्ने विषय प्रधान भइरहेका बेला राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुनको तर्जुमालाई बेमौसमको राग मान्नेहरूको संख्या ठूलो भए पनि यसले अघोषित अधिकार र उँचो सिंहासनबाट राजालाई जनताको खटनमा चल्ने बनाउन खोजेको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**

**संविधानसभाले** राजा रहने वा नरहने अन्तिम फैसला गर्नुअघि नै उनले जनताका प्रतिनिधिहरूको सभा प्रतिनिधिसभासमक्ष शपथ लिनुपर्ने भएको छ । सरकारले मस्यौदा गरेको राजगद्दी उत्तराधिकारीसम्बन्धी विधेयकले लोकतन्त्रमा सर्वोपरि मानिने जनतासमक्ष सामन्तवादका प्रतीक राजाले पनि 'शिर निहुराउनुपर्ने' प्रावधान राखिएको छ ।

राजा ज्ञानेन्द्र र उनका उत्तराधिकारीले समेत प्रतिनिधिसभासमक्ष शपथग्रहण गर्नुपर्ने प्रावधानसहितको उक्त विधेयक प्रतिनिधिसभाबाट अनुमोदन भएपछि शपथग्रहण गर्नुपर्ने प्रावधान क्रियान्वयन हुनेछ । 'राजनीतिमा कुनै नाटकीय परिवर्तन नआएको खण्डमा राजा ज्ञानेन्द्रले केही महिनाभित्र सिंहदरवारमा उपस्थित भएर शपथग्रहण लिनुपर्नेछ', कांग्रेसका एक मन्त्रीले भने, 'संविधानसभामा जनताको पक्षमा फैसला आउनसमेत यसले ठूलो मद्दत गर्नेछ ।'

संविधानसभाले सेरिमोनियल स्थान दिएमा ज्ञानेन्द्रका उत्तराधिकारी राजाहरूको पहिलो कर्तव्य प्रतिनिधिसभामा उभिएर शपथग्रहण लिनु हुनेछ ।

यसअघि राजपरिषद्को सुझावमा राजाले बनाउने उक्त ऐन तर्जुमा गर्ने अधिकार प्रतिनिधिसभामा आउनेबित्तिकै आमूल परिवर्तनकारी व्यवस्था राखिएका छन् । राजा राख्ने-नराख्ने विषय प्रधान भइरहेका बेला राजगद्दी उत्तराधिकारीसम्बन्धी कानुनको तर्जुमालाई बेमौसमको राग मान्नेहरूको संख्या ठूलो भए पनि यसले अघोषित अधिकार र उँचो सिंहासनबाट राजालाई जनताको खटनमा

चल्ने बनाउन खोजेको छ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'सेरिमोनियल किङ'को पक्षमा आफ्नो धारणा पटक पटक व्यक्त गरिरहेको र प्रजातान्त्रिक कांग्रेसका तर्फबाट मन्त्री बनेका नरेन्द्रविक्रम नेम्वाङको नेतृत्वमा उक्त मस्यौदा भएकाले उक्त ऐन जारी गर्नुलाई असान्दर्भिक ठोकुवा गर्न नमिल्ने देखिएको छ।

नेम्वाङ संयोजक रहेको प्रतिनिधिसभा घोषणा कार्यान्वयन सुझाव समितिले बनाएको उक्त विधेयक प्रतिनिधिसभामा प्रस्तुत हुने क्रममा छ। सशस्त्र विद्रोही माओवादीसँगको वार्ताबाट प्रतिनिधिसभा स्थगन वा विघटनबारे अन्तिम टुंगो लाग्नुअघि नै विधेयक पारित भइसक्ने दाबी स्रोतको छ। 'असार तेस्रो साताभित्र विधेयक पारित गरी कार्यान्वयन गर्ने लक्ष्य राखेका छौं', ती मन्त्रीले भने। समितिले प्राथमिकतासाथ तय गरेको उक्त विधेयक राजनीतिक तहमा लामो छलफलका कारण प्रतिनिधिसभामा पेस हुन विलम्ब भएको हो।

प्रतिनिधिसभा नियमावलीका कतिपय प्रावधानले शक्ति सन्तुलन खलबल्याएको भन्दै आलोचना भइरहेकोमा उक्त विधेयकको प्रावधानमाथि पनि वहस हुने निश्चित छ। न्यायाधीशले समेत प्रतिनिधिसभासमक्ष शपथ लिने प्रावधानप्रति असन्तुष्टि प्रकट गरी सच्याउन लगाएको प्रसंग कोट्याउँदै मर्यादाक्रमका हिसाबले धेरै तल रहेका सांसदहरू वा सभामुखसमक्ष शपथग्रहण गर्न राजालाई असजिलो हुने तर्कको वर्षा सुरु भइसकेको छ।

प्रतिनिधिसभा नियमावलीमा न्यायाधीशले प्रतिनिधिसभासमक्ष शपथ खानुपर्ने भन्ने प्रस्तावित दफाले मर्यादाक्रमअनुसार सभामुखभन्दा एक तह माथि रहेका प्रधानन्यायाधीशलाई प्रतिनिधिसभासमक्ष घुँडा टेक्न लगाउन नहुने तर्क जोडदार रूपमा उठे। प्रतिनिधिसभाले न्यायकर्मीहरूको माग सुनुवाइ गरेर प्रस्तावलाई सच्याइदियो।

मन्त्रिपरिषद्ले अनुमोदन गरिसकेको राजगद्दीसम्बन्धी उक्त विधेयकका अन्य प्रावधानले पनि राजसंस्थासम्बन्धी प्रचलित अभ्यासमा व्यापक फेरबदल गरेको छ। राजगद्दी उत्तराधिकारीमा जेठो सन्तान हुने भएको छ। यस प्रावधानले बेलायतमा जस्तै छोरीलाई पनि 'राजा' हुने हक प्रदान गरेको छ।

जन्मेकै आधारमा राजा हुन पाउने प्रवाधान खारेज गर्दै विधेयकले योग्यता र आचरण हेरी उत्तराधिकार क्रम प्रतिनिधिसभाले तोक्ने व्यवस्था गरेको छ। राजा र उनका उत्तराधिकारी तथा परिवारका सदस्यले आचरण उल्लंघन गरेमा त्यसको फल भोग्नुपर्नेछ।




**प्रतिनिधिसभा घोषणा कार्यान्वयन सुझाव समितिका संयोजक कानुन मन्त्री नरेन्द्रविक्रम नेम्वाङ र सदस्य श्रीकान्त रेग्मी**

राप्रपा नेता विश्वबन्धु थापाले केही दिनअघि दिएको अभिव्यक्ति केलाउने हो भने उत्तराधिकारीसम्बन्धी प्रस्तावित व्यवस्थाको राजावादी शक्तिले समेत ताली बजाएर स्वागत गर्ने देखिएको छ। थापाले परिवर्तित राजनीतिक सन्दर्भमा राजा ज्ञानेन्द्रले राजीनामा दिनुपर्ने, युवराज पारसको छवि विवादास्पद भएकाले नवयुवराज हृदयेन्द्र राज्य प्रमुख हुनुपर्ने धारणा सार्वजनिक गरेर उत्तराधिकारीको निर्णय गुण र दोषका आधारमा हुनुपर्नेमा जोड दिएका छन्।

असोज १८ को प्रतिगामी शाही कदमपछि पहिलो सिकार बनेको कार्यसम्पादन नियमावली र कार्यविभाजन नियमावलीको सरकारले २८ गते संशोधन गरेको छ। मन्त्रिपरिषद्ले दैनिक कार्यसंचालनसम्बन्धी दुई नियमावलीमा संशोधन गरेपछि राज्य व्यवस्थामा प्रचलित केही परम्परावादी ढर्रा अन्त्य भएको छ।

प्रतिनिधिसभा घोषणाले गरेको व्यवस्थानुसार अबदेखि कार्यसम्पादन नियमावली पारदर्शी हुनेछ। प्रतिनिधिसभामा टेबुल समेत गर्नुपर्नेछ यी दुई नियमावली। यो संशोधनले साविकमा दरवार पुऱ्याउनुपर्ने सबै निर्णय मन्त्रिपरिषद्ले गर्ने प्रावधान राखिएको छ। संविधानमा किटानी व्यवस्था भएबाहेक सबै तहका नियुक्तिमा मन्त्रिपरिषद् सर्वोच्च बनेको छ।

लोकेन्द्रबहादुर चन्दको पालामा कार्यसम्पादनमा संशोधन गरेर प्रथम श्रेणीका कर्मचारीको नियुक्ति र सरुवामा समेत दरवारमा सोधपुछ गर्नुपर्ने व्यवस्था राखिएको थियो। माघ १९ पछि स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, डिएसपीको सरुवामा समेत दरवारको हस्तक्षेप चल्न थालेको थियो।

कार्यविभाजनमा संशोधन गरिएपछि मन्त्रीहरूको कार्यविभाजन र हेरफेरमा प्रधानमन्त्रीको अधिकार एकलौटी भएको छ। वर्तमान सरकार विस्तार हुँदा प्रतिनिधिसभा घोषणालाई लत्याउँदै राजाबाट सूचना जारी गरिएको भन्दै चर्किएको विरोधलाई संशोधनले सम्बोधन गरेको छ। यी दुई नियमावलीमा भएको संशोधनले मन्त्रिपरिषद्को निर्णयलाई पारदर्शी

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।**

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसद्ले यो ऐन बनाएको छ।**

**सबै ऐन नियमको प्रारम्भमा राखिने राजाको प्रशस्ती अब हटाइएको छ। त्यस्तै ऐनको सुरुमा राजाको शासनकालको गणनाको सट्टा प्रतिनिधिसभा घोषणा भएको वर्ष २०६३ लाई आधार मानिएको छ।**

**संशोधन भइसकेको**
- नेपाल सरकारको कार्यसम्पादन नियमावली
- नेपाल सरकारको कार्यविभाजन नियमावली

**खारेजी**
- लालमोहर ऐन
- सभा वा संघसम्बन्धी ऐन २००५ सहित १६ ऐन नियम

**संशोधनको पाइपलाइनमा**
- राजगद्दी उत्तराधिकारीसम्बन्धी विधेयक
- सेनासम्बन्धी ऐन-४, नियम-२६ र आदेश-६१
- केही नेपाल कानुन संशोधन गर्न बनेको विधेयक
- केही सार्वजनिक प्रमाणीकरण कार्यविधि व्यवस्था गर्न बनेको विधेयक
- विभूषण नियमावली

बनाउने जानकारहरूको विश्लेषण छ।

मन्त्रिपरिषद् र मातहतका निकायबाट हुने निर्णय प्रमाणित गर्न नयाँ ऐन तर्जुमा गर्न समितिले प्रस्ताव गरेअनुसार सरकारले अनुमोदन गरिसकेको छ। लालमोहर ऐन खारेज गरी त्यही प्रयोजनका लागि केही सार्वजनिक प्रमाणीकरण कार्यविधि व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गरिएको छ।

विधेयकमा मन्त्रिपरिषद्को निर्णयदेखि तल्लो निकायसम्मको निर्णय प्रमाणित गर्ने अधिकारी तोकिएको छ। जिम्मेवार अधिकारीले निर्णय विवरणलाई तोडमोड गरेमा कसुरको मात्रा हेरी १० वर्षसम्म सजाय तोकिएको छ। महत्त्वपूर्ण र दीर्घकालीन महत्त्वका निर्णय र दस्तावेज 'माइक्रो फिल्मिङ' गरी राष्ट्रिय अभिलेखालयमा राख्नुपर्ने प्रस्ताव विधेयकले गरेको छ।

अधिकांश जनता र कर्मचारीसमेत निरक्षर रहेका बेला चिन्हको रूपमा प्रयोग हुने गरेको लालमोहर छापको प्रयोजन सकिएको भन्दै त्यसलाई खारेज गरिएको हो। छापको सट्टामा हस्ताक्षर प्रयोग हुने प्रावधानसहित कानुन संशोधन भएको छ।

समितिका सदस्य एवं पूर्व गृहसचिव श्रीकान्त रेग्मीका अनुसार प्रतिनिधिसभा घोषणाअनुरूप ऐन नियम बनाउने क्रममा केही नेपाल कानुन संशोधन गर्न बनेको विधेयक तर्जुमा भएको छ। प्रतिनिधिसभामा प्रस्तुत हुने क्रममा रहेको विधेयकद्वारा १६ ऐन नियम खारेजीमा परेका छन् भने २३ वटालाई संशोधन गरिएको छ।

सर्वाधिक चुनौतीपूर्ण रहेको सेनासँग सम्बन्धित ऐन नियमको संशोधन प्रक्रिया समिति सदस्यहरूबीच केही समयको मतभिन्नतापछि अघि बढेको छ।

रक्षा मन्त्रालयले प्रतिनिधिसभा घोषणालाई सैनिक संगठन र काममा सिञ्चित गर्न ४ वटा ऐन, २६ नियम र ६१ आदेशमा हेरफेर र परिवर्तन गर्नुपर्ने सुझाव दिएको छ। समितिले विद्यमान चारवटा ऐन खारेज गरी नयाँ ल्याउने गृहकार्य सुरु गरेको छ।

'सैनिक ऐन नियमलाई प्राथमिकताका साथ सूक्ष्मरूपले हेरिरहेका छौं', समितिका सदस्य रेग्मी समितको कार्यविधिबारे भन्छन्, 'सुरुमा अहिलेको खारेज गरी नयाँ ल्याउन ऐन मस्यौदा गर्छौं, त्यसपछि ऐनअनुरूप नियमहरू बनाउँछौं।'

सैनिक ऐन २०१६, सेनासम्बन्धी अख्तियार प्रत्यायोजन ऐन २०३५, प्रधानसेनापतिको काम, कर्तव्य, अधिकार सेवा सर्त २०२६ र राष्ट्रिय सेवा दल २०२७ खारेजीमा पर्ने निश्चित भएको छ। राजालाई अलौकिक शक्ति र मालिक मान्नुपर्ने एकोहोरो पाठ दिइएको ती ऐनमा जनता र तिनका प्रतिनिधिबारे एक शब्द समेत छैन।

२०४६ सालको जनआन्दोलनपछिको बाह्रवर्षे प्रजातन्त्रकालमा समेत ती ऐनमा सार्वभौमसत्तासम्पन्न राजालाई नै मान्ने प्रावधान खम्बा बनेर अडिइरहे। कार्यपालिका, विधायिका र न्यायपालिका तीनै अंगले प्रजातन्त्रको उपहास हुने त्यस्ता प्रावधानमा ठाडो आँखा लाउने हिम्मतसमेत गरेनन्। 'सेनालाई राजाको गुलाम भयो भनेर गाली गर्ने अधिकार दलहरूलाई छैन', रक्षा मन्त्रालयका एक अधिकारी भन्छन्, 'प्रजातन्त्रकालमा नेताहरूले त्यस्तो प्रतिगामी ऐन संशोधन गर्न नसकेको मात्र होइन, झन् सेनाको पाउमा टोपी राख्ने काममा होडबाजीसमेत गरे।'

समितिको कार्यक्षेत्रमध्ये विभूषणको विषय क्लिष्ट खालको भएकाले समिति अहिलेसम्म खास दृष्टिकोणमा पुगिसकेको छैन। तैपनि राजपरिवारका सदस्यका नाममा रहेका विभिन्न तक्माको वितरण यसै वर्षदेखि रोक्न सरकारलाई सुझाव दिइएको छ। प्रधानमन्त्रीको सचिवालयलाई यसमा सकारात्मक जवाफ दिएको बताइएको छ। यस प्रावधानको कार्यान्वयन राजाको यस वर्षको जन्मोत्सव (असार २३) देखि नै हुनेछ। यसपाला कुनै पदक नबाँड्ने निर्णयमा सरकार पुगिसकेको छ।

कुनै निश्चित नियममा नटेकी राजालाई प्रबल शक्तिशालीका रूपमा प्रस्तुत गरिरहेको अन्य केही अभ्याससमेत अब रोकिने भएका छन्। ऐनको सुरुमा लेखिने राजाको प्रशस्ति (हेर्नुहोस् बक्स) हटाइएको छ। ऐनमा नै परिच्छेद सुरु हुनुअघि राजाको नाम उल्लेख गरी 'यतियौं शासन वर्ष' भनिने गरेकोमा त्यसलाई अन्त्य गर्न लागिएको छ। राजाको शासनकालको यतियौं वर्ष लेख्ने ठाउँमा 'प्रतिनिधिसभाको घोषणा भएको ... वर्षमा' भनेर लेखिने भएको छ। प्रस्तावित विधेयकहरूमा प्रशस्ति हटाइनेछ भने प्रतिनिधिसभा घोषणा - २०६३ लाई मुलुकको इतिहासमा युगान्तकारी मानिने भएको छ। ■

## कछुवा चालमा रायमाझी आयोग



**जनआन्दोलन** दबाउन १९ माघ २०६१ यता पद र शक्तिको दुरुपयोग गर्नेमाथि छानबिनका लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोगको कार्यसम्पादन गति ढिलो भएको भन्दै आलोचना भइरहेको छ। गठन भएको डेढ महिनासम्म सर्वसाधारणको सामान्य ध्यानाकर्षणसमेत गर्न सकेको छैन आयोगले।

आयोगले उच्च सुरक्षा अधिकारीमाथि कारबाही गर्न भनेकोमा सेनाका बारे सरकार मौन बसेकाले अन्य निकायकाले आफूलाई अन्याय परेको प्रचारवाजीमा उत्रने निहुँ पाएका छन्। पदको प्रभाव देखाउने सुरक्षानिकायका अधिकारीलाई कारबाही गर्नु भन्ने आयोगको सिफारिसअनुसार सेनाबाहेकलाई मात्र आँखी बनाइएपछि आयोगको कार्यसम्पादन क्षमतामा गिरावट आउन लागेको हो।

'आयोगको सिफारिसमा पुलिस समात्नु सेना नसमात्नु भन्ने थिएन', आयोगका एक उच्च अधिकारी भन्छन्, 'समिति र सरकारले आँट गरेको भए हाम्रो सुझावमै टेकेर सेनालाई पनि कारबाही गर्न सक्थ्यो।'

आयोगकै अनौपचारिक सुझावमा पक्राउ परेका मन्त्रीहरूमध्ये रमेशनाथ पाण्डे, श्रीसशमशेर राणा र निक्षशमसेर राणाको रिहाइपछि न्यायक्षेत्रमा भुइँचालो नै गएको थियो। असार पहिलो सातादेखि आयोगको काममा अर्कै रौनक देखिने दाबी त्यहाँका पदाधिकारीहरूको छ। आयोग पदाधिकारीका अनुसार अहिले फिल्डमा रहेका अध्यक्ष रायमाझी फर्केपछि जनताले देख्ने आकारमा काम हुने निश्चित छ। जनआन्दोलनका क्रममा अधिक शक्तिको प्रयोगले बढी संख्यामा घाइते भएका स्थानमा आयोगका पदाधिकारीहरू स्थलगत भ्रमणमा जाने चलन बसालिएको छ। त्यसबाट सत्यतथ्यको नजिक पुग्न सजिलो भएको छ। ■

# मुख्य मुद्दा : दोहोरो नागरिकता

**गैर–आवासीय नेपालीहरूको चासो बढिरहेको छ, अहिले नेपालको विकासका लागि । र, विश्वव्यापी संगठन विस्तारको अभियान पनि जारी छ । प्रस्तुत छ, भर्खरै मात्र जापान र जर्मनीमा एनआरएन सम्मेलन सम्पन्न गरी नेपाल आएका अध्यक्ष डा. उपेन्द्र महतोसँग मधुसूदन पौडेलले गरेको कुराकानी :**



**डा. उपेन्द्र महतो**
**अध्यक्ष**
**एनआरएन, अन्तर्राष्ट्रिय समन्वय परिषद्**

**गैर–आवासीय नेपाली (एनआरएन)का के–के गतिविधि भइरहेका छन् ?**

हामी विभिन्न देशमा बसोवास गर्ने गैर-आवासीय नेपालीहरूको सञ्जाल विस्तार गर्नमै व्यस्त छौं । अहिलेसम्म २१ देशमा एनआरएन राष्ट्रिय समन्वय समिति गठन भएका छन् । नेपालको विकासप्रति हाम्रो मुख्य चासो त छँदै छ, त्यसका साथै विदेशमा रहेका नेपालीका समस्या बुझ्न सहयोग गर्ने काम पनि हामीले गरिरहेका छौं ।

**नेपालमा लोकतन्त्र वहालीपछि एनआरएनहरूले लगानी गर्न सजिलो महसुस गरेका होलान् नि ?**

हामीले सजिलो र गाह्रोभन्दा पनि नेपालको विकासमा योगदान पुऱ्याउन चाहेका छौं । देशको राजनीति अप्ठेरो अवस्थामा रहँदा पनि हामी देशबाट टाढा रहन चाहेनौं । जहाँसम्म लगानी बढाउने कुरा छ, हामीले ऐन कानुनमा आवश्यक संशोधनमार्फत आफ्नै जन्मभूमिप्रति एनआरएनलाई केही गर्न उत्साह प्रदान गर्ने वातावरण बनाउन सरकारसमक्ष निरन्तर आग्रह गर्दै आएका छौं । सबै एनआरएनमा सरकारले हाम्रो कुरा सुनिदेओस् भन्ने चाहना छ ।

**कस्ता-कस्ता कुरा ?**

यसअघि ल्याइएको ऐन वास्तवमा एनआरएन ऐन नभएर लगानीसम्बन्धी ऐन थियो भन्ने हामीले महसुस गरेका छौं । त्यसकारण आफ्नो मातृभूमिमा केही योगदान पुऱ्याउन चाहने एनआरएन साथीहरूले त्यसप्रति चित्त बुझाउनु भएको छैन । एनआरएनको परिभाषा पनि प्रस्ट रूपमा गरिएको छैन, नयाँ ऐनमा त्यो आओस् भन्ने हामी चाहन्छौं । एनआरएनको लगानीलाई वैदेशिक लगानीसरहको सुविधा दिनुपर्छ भन्ने हाम्रो आग्रह छ । नेपालीमूलका विदेशी नागरिक (पिएनओ)लाई पनि खास सुविधा दिनु पर्छ । एनआरएनको आर्थिक मात्रै होइन, उनीहरूसँग भएको बौद्धिकतालाई पनि लगानीका रूपमा व्याख्या गरिनु पर्छ र त्यो ज्ञान, सीप र प्रविधिलाई देशको हितमा उपयोग गर्ने वातावरण बनाउनु पर्छ सरकारले ।

**एनआरएनहरू दोहोरो नागरिकताको माग किन जोडदार रूपमा उठाइरहेका छन् ?**

हाम्रो मुख्य मुद्दा नै यही हो । हामीले एनआरएनहरूलाई दोहोरो नागरिकताको सुविधा दिनु पर्छ भनेर अन्तर्राष्ट्रिय सम्मेलनमार्फत पनि भनिरहेका छौं ।

यथार्थता के हो भने अब विश्वमा नेपालभन्दा अर्को गरिब मुलुक रहेन । एउटा आवश्यक प्रक्रियामार्फत नेपालभन्दा धनी मुलुकका नागरिक रहेका एनआरएनहरू नेपालको विकासमा योगदान पुऱ्याउन चाहन्छन् र त्यसका लागि नेपालको नागरिक बन्न चाहन्छन् भने सरकारले रोक्नु पर्ने कुनै कारण देखिन्न । विश्वमा यस्तो व्यवस्था सामान्य भइसकेको छ । हाम्रै छिमेकी भारतले पनि यस्तो व्यवस्था स्वीकार गरिसकेको सन्दर्भमा नेपाल सरकार दोहोरो नागरिकता दिने मामिलामा द्विविधामा रहनु आवश्यक छैन । हामी चाहन्छौं, संसद्ले हामीलाई नेपाली नागरिक बन्ने अधिकार प्रदान गरोस् । यही आग्रह म सरकारसँग पनि दोहोऱ्याउन चाहन्छु । फेरि जुन एनआरएन नेपालको नागरिक बन्न चाहन्छन्, उनीहरू नागरिक रहेको मुलुकको कानुन पनि आकर्षित हुन्छ दोहोरो नागरिकताको मामिलामा । अर्थात् ती मुलुकलाई दोहोरो नागरिकता दिन कुनै आपत्ति रहँदैन भने नेपालले गाह्रो मान्नु पर्ने कारण मलाई लाग्दैन ।

**दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनबाट पारित 'नेपाल इन्भेस्टमेन्ट फन्ड' कार्यान्वयनमा आउँदै छ ?**

यसको तयारी भइरहेको छ । अक्टोबर ११ अघि अर्थात् 'एनआरएन डे' अगाडि नै साइप्रसमा यो फन्ड दर्ता हुनेछ । पहिलो चरणमा १० मिलियन डलरको फन्ड बनाइनेछ र दोस्रो चरणमा १ सय मिलियन डलरको ।

**साइप्रसमा किन दर्ता गर्ने त ?**

युरोपेली मुलुक साइप्रस यस प्रकारका आर्थिक कारोवार गर्न निकै सजिलो वातावरण भएको मुलुक हो । अन्तर्राष्ट्रिय आर्थिक कारोवारहरू यहाँबाट संचालित भइरहेका छन् । त्यसैले साइप्रसमा 'नेपाल इन्भेस्टमेन्ट फन्ड' दर्ता गर्ने सोच बनाइएको हो ।

**यसको मतलब फन्डको लगानी नेपालबाहिरका मुलुकमा पनि गर्नुहुन्छ ?**

यसको कुनै निश्चितता छैन । नेपालका परियोजनाहरूमा नै यो भर पर्छ भन्ने मैले देखेको छु । तैपनि, कम्तीमा ५० प्रतिशत रकम नेपालमा नै लगानी हुनेछ । तर, नेपालमा लगानीको अवस्था हेरेर सबै रकम पनि नेपालमा आउन सक्छ ।

**पचहत्तरै जिल्लामा एउटा-एउटा परियोजना पुऱ्याउने योजना कार्यान्वयन होला ?**

निश्चित रूपमा । नेपालका सबै जिल्लामा कम्तीमा एउटा परियोजना पुऱ्याउने लक्ष्य हामीले पूरा गर्छौं । अहिले १४ अञ्चलका १-१ जिल्लामा करिब ३ करोडको लगानीमा ट्रेड स्कुल संचालन गर्ने निर्णय भइसकेको छ । भर्खरै जर्मनीमा सम्पन्न एनआरएन सम्मेलनले पूर्वको माइखोलामा २० मेगावाटको जलविद्युत् परियोजना सुरु गर्ने निर्णय पनि गरेको छ ।

**नेपालमा गरिएका लगानीको अनुभव कस्तो छ ?**

वास्तवमा म उत्साहित बन्न सकेको छैन । हामीलाई विशेष सुविधाको त कुरै छाडौं, निरुत्साहित पार्ने काम गरिएको छ । यी समस्या सरकार र दलहरूसमक्ष पनि पुऱ्याइयो । तर, व्यवहारमा कुनै परिवर्तन आएको छैन ।

**खास गरी कुन क्षेत्रमा यस्तो समस्या भोग्नु पऱ्यो ?**

समग्र अवस्था यही हो । जस्तो मोवाइल सञ्चालनमा पनि भेदभावपूर्ण व्यवहार गरिएको छ । सबै प्लेयरहरूलाई एउटै रोयल्टी, इन्टरकनेक्सन र अप्टिकल फाइवर प्रयोगको सुविधा सरकारले दिनुपर्छ । खुला अर्थनीति वा विश्व व्यापार संगठनको सदस्य बनिसकेको अवस्थामा हामीप्रति भेदभावपूर्ण व्यवहार कायमै छ । जसका कारण हामी उत्साहित बन्न सकिरहेका छैनौं ।

**एनआरएनहरू कस्तो नेपालको सपना देखिरहेका छन् त ?**

सुन्दर, शान्त- नेपाल । प्रकृतिले दिएको सुन्दर नेपाललाई हामीले कोरीबाटी गरेर अरू चिटिक्क पार्न चाहन्छौं । जसले विश्वलाई नेपालमा आकर्षित गर्नेछ । बुद्ध जन्मेको देशमा दिगो शान्ति स्थापनाका लागि हामी आवश्यक योगदान पुऱ्याउन तयार छौं । त्यसका लागि के गर्नु पर्छ ? सरकारले भन्दा हुन्छ हामीलाई । आर्थिक सम्पन्नता नेपालको 'सेतो सुन'को सदुपयोगबाट पूरा गर्न सकिन्छ भन्ने कुरामा एनआरएनहरू प्रस्ट छन् । यो सम्पूर्ण नेपालीको पनि सपना हुनुपर्छ र इमानदार राजनीतिक नेतृत्वले त्यसलाई मार्गनिर्देश गर्नुपर्छ । ■

**वास्तवमा म उत्साहित बन्न सकेको छैन । हामीलाई विशेष सुविधाको त कुरै छाडौं, निरुत्साहित पार्ने काम गरिएको छ ।**

**राज्यले वर्षौंअगाडि मुलुकमा छुवाछूत प्रथालाई गैरकानुनी घोषित गरेको थियो। तर, व्यवहारमा छुवाछूत कायमै रह्यो। यो जान्दाजान्दै पनि प्रतिनिधिसभाले मुलुकलाई फेरि छुवाछूतमुक्त मुलुक भनेर अर्को घोषणा गर्‍यो। तर, यथार्थमा यो आफूहरूको मन जित्ने मेलो मात्र भएको दलितहरू बताउँछन्।**

# मन जित्ने मेलो



भास्वर ओझा

▲प्रतिनिधिसभाका घोषणाहरू उद्देश्यप्रद त हुनै पर्छन्!

**प्रतिनिधिसभाले नेपाल राज्यलाई** 'छुवाछूतमुक्त मुलुक' घोषणा गरको भोलिपल्टै उत्साहित भएर गाउँको सार्वजनिक धारामा पानी भर्न गएकी डोटी खातीवाडाकी नारु विश्वकर्माले गाउँ निकालाको धम्की झेल्नु पर्‍यो।

नारुले यसरी जातीय छुवाछूत भोगेको यो पहिलोपल्ट होइन। एक महिनाअघि मात्र नाबालक छोरा विरामी भएर सिलगढीको श्रेष्ठ औषधी पसलमा उपचार गर्न लैजाँदा दलित भएकै कारण उनको छोरालाई छुनसम्म पनि कोही तयार भएनन्। त्यो घटनाको सम्झना गर्दै नारुले *समय*सँग भनिन्, 'विरामी हुँदा जातीयताका कारण दलितहरूलाई औषधीसमेत नदिनेहरूलाई कुनै कारबाही हुन सकेको छैन। यसको बारेमा सरकार किन मौन छ?'

डोटीकै शैलेश्वरी मन्दिरमा दलितहरूले पूजा गर्न पाउनु पर्छ भनेर आवाज उठाउन थालेपछि अहिले मन्दिरको ढोका सबैका लागि बन्द गरिएको छ। सरकारले मुलुक छुवाछूतमुक्त घोषणा गर्ने तर छुवाछूतका अपराधीहरूलाई कारबाही गर्न कुनै तत्परता नदेखाउने गर्नाले जातीय विभेद झाँगिँदै गएको ठहर सरोकारवालाहरूको छ।

कानुनी रूपमा चार दशक अघि २०२० सालमै अन्त्य भएको जातीय छुवाछूतलाई प्रतिनिधिसभाबाट जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको रूपमा पारित गरिएको 'छुवाछूतमुक्त मुलुक घोषणा'ले सरकार घुमाउरो रूपमा दलितहरूको उत्थानबाट पन्छिन खोजेको आरोप समाजशास्त्रीहरूले लगाएका छन्। समाजशास्त्री कृष्णबहादुर भट्टचन भन्छन्, 'छुवाछूतमुक्त गराउने कुनै कार्यक्रमविना नै हचुवाको भरमा छुवाछूतमुक्त मुलुक घोषणा गरेर अन्तर्राष्ट्रियरूपमा आफूलाई सुधारिएको छविमा प्रस्तुत गर्ने प्रतिनिधिसभाको चालले दलितहरूको मुद्दालाई खुम्च्याउनमात्र खोजेको छ।' छुवाछूत गर्नेलाई तीन हजारसम्म जरिवाना र एक वर्षसम्म कैद सजाया हुने व्यवस्था मुलुकी ऐनले गरेको छ। तर, जातीय छुवाछूतको अभियोगमा अहिलेसम्म जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतमा परेका २५ वटा मुद्दामा अदालतले कसैलाई पनि जेल सजायको फैसला गरेको छैन। 'दलितहरूको न्यूनतम अधिकाको सुरक्षा र राज्यको निकायमा समानुपातिक प्रतिनिधित्व हुने संयन्त्र नबनेसम्म समाजमा जरो गाडेर रहेको जातीय छुवाछूत अन्त्य नहुने' भट्टचनको ठहर छ। छुवाछूतबाट मुक्ति कुनै घोषणाले हुने होइन, यसका लागि जनताको मानसिकतामा परिवर्तन गरेर दलितहरूलाई राज्यसत्तामा समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने उनको तर्क छ।

सस्तो लोकप्रियताका लागि प्रतिनिधिसभाले गरेको घोषणाले दलितहरूको मागलाई समाहित गर्न नसकेको विश्लेषकहरूले बताएका छन्। जनउत्थान प्रतिष्ठानका महासचिव यमबहादुर किसान भन्छन्, 'प्रतिनिधिसभाको घोषणा २०४६ सालको संविधानलाई नाघेर गरिएको अर्थमा सकरात्मक भए पनि कामकाजीभन्दा सस्तो लोकप्रियताको नियतवश गरिएकाले दलितहरूलाई खासै प्रभाव पार्दैन।' त्यसो त जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ लाई सन् १९७१ मै नेपालले अनुमोदन गरेको छ। अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरेपछि प्रत्येक दुई वर्षमा प्रगति प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पठाउनु पर्नेमा १८ वर्षपछि सन् १९८९ मा मात्र पठाएको थियो। अन्तर्राष्ट्रिय महासन्धिको समेत ठाडो उल्लंघन गर्ने राज्यले छुवाछूतमुक्त मुलुक घोषणा गरेर घोषणाको लागि घोषणा मात्र गरेको विचार राजनीतिक विश्लेषकहरूको छ।

संविधानसभा निर्वाचनमा दलितहरूलाई कसरी अधिकतम सहभागी गराएर राज्यको मूलप्रवाहमा समाहित गराउन सकिन्छ भन्नेतर्फ वर्तमान सरकारको ध्यान पुगेको छैन। किसान भन्छन्, 'यो घोषणा मुलुकलाई अहिलेको संरचनामै अल्झाई राख्ने राज्यको चाल हो।' समावेशी राज्य व्यवस्थाले मात्र दलितहरूको उत्थान र विकास हुन्छ भन्नेमा दलितहरूमा भिन्नता देखिँदैन। तर, त्यसको कार्यान्वयन निष्पक्ष हुन्छ भन्नेमा भने धेरैको आशंका छ। वर्गीय समस्यालाई दलित मुक्तिको मूल जड मानेको माओवादीले समेत समावेशी लोकतन्त्रले मात्र दलित मुक्तिको बाटो खोल्ने बताउँदै आएको छ। माओवादीको जातीय संगठन दलित मुक्ति मोर्चाका महासचिव परशुराम रम्तेल भन्छन्, 'दलितहरूलाई विषेशाधिकार सहितको समावेशी लोकतन्त्रले मात्र मुक्तिको ढोका खोल्छ।'

कानुनीरूपमै जातीय छुवाछूत र सामाजिक अपमान सहँदै आएका दलितहरूलाई अन्तर्राष्ट्रिय दबाबका कारण राजा महेन्द्रले २०२० को नयाँ मुलुकी ऐनमार्फत छुवाछूत अन्त्य गरेका थिए। २०४७ सालको संविधानले पनि जातिपातीका आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने व्यवस्था गरेको थियो। संविधान र मुलुकी ऐनले जातीय छुवाछूत अन्त्य गरे पनि समाजमा विभिन्न प्रकारका छुवाछूत अझै कायमै छन्। कानुन कार्यान्वयन गर्ने निकायहरू जातीय छुवाछूत हटाउनमा संवेदनशील नभएका कारण कतिपय छुवाछूतका मुद्दाहरूमा प्रशासनले नै ढाकछोप गर्ने समेत गरेको छ। जातीयताकै कारण गाउँ निकाला, सामाजिक बहिष्कार, किनमेलमा प्रतिबन्ध लगायतका समस्या दलितहरूले भोग्दै आएका छन्। मुलुकबाट छुवाछूत उन्मूलन गर्ने र छुवाछूतका अपराधीहरूलाई कानुनी कारबाही गरी दलितहरूको नागरिक अधिकारको रक्षा गर्ने उद्देश्यले सरकारले गठन गरेको राष्ट्रिय दलित आयोगलाई ऐनको दायरामा ल्याएर स्वायत्त वनाउन सकेको छैन।

दलित वर्ग उत्थान तथा संरक्षण ऐन २०५८ लाई पारित गर्न भने सदनको कुनै ध्यान पुगेको छैन। यो विधेयक कानुन मन्त्रालयबाट पारित भएर शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयले समेत स्वीकृति दिएर संसद्मा दर्ता गर्ने प्रक्रियामा गएर थन्किएको छ। २०५९ सालमा प्रतिनिधिसभा विघटन भएपछि यो विधेयक थन्किएर बसेको थियो। जनआन्दोलनको बलबाट पुनःस्थापित प्रतिनिधिसभाले यो विधेयकलाई पारित गर्ने हो भने दलित उत्थानमा सकारात्मक प्रभाव पार्ने दलित नेताहरू बताउँछन्।

■ **गोविन्द परियार/काठमाडौं**

# आवेगमा प्रेमिकाको हत्या



तेजबहादुर बस्नेत

■ छत्र कार्की/काठमाडौं

- **बागमती अञ्चल प्रहरी कार्यालय जिन्सी शाखाका २८ वर्षीय प्रहरी जवान शिवराम खनाल र २१ वर्षीया महिला प्रहरी सुमित्रा भण्डारीबीच केही समयदेखि प्रेम सम्बन्ध गाढारूपमा विकसित भएको थियो । जेठ २८ गते खनालले मनमैजुस्थित आफन्तको डेरामा प्रेमिका भण्डारीलाई पहिला गोली दागे, त्यसपछि पेस्तोलले आफ्नै कञ्चटमा प्रहार गरी आत्महत्या गरे ।**
- **चार वर्षदेखि एक-अर्कालाई प्रेम गर्दै आएका सिर्जना तामाङ र टीकाराम तामाङबीच पछिल्लो समयमा खटपटी भएको थियो । काठमाडौं नयाँबजारस्थित एउटा साइबरमा काम गरिरहेकी सिर्जनालाई जेठ २६ गते टीकारामले खुँडा प्रहार गरी ढाल्यो । अस्पताल लैजाँदा बाटैमा उनको मृत्यु भयो । अपराधी टीकारामले प्रहरीसमक्ष आएर आत्मसमर्पण गरेपछि अहिले ऊ हिरासतमा छ ।**

केही दिनदेखि राजधानीमा हत्या, चोरी र लुटपाटका घटना बढिरहेका बेला एक सातामै प्रेमीले प्रेमिकालाई मारेका दुई घटना सार्वजनिक भएका छन् । यस्ता घटना नौला होइनन्, बेलाबखत ठाँउठाँउमा हुने गरेको पाइएको छ । जीवनभरि सँगै बाँच्ने र सँगै मर्ने कसमसाथ यात्रामा अघि बढिरहेका युगल जोडीको मानसिकता आखिर किन आपराधिक बन्छ त ? यो आम मानिसको जिज्ञासा हो । मनोवैज्ञानिकहरू यस्ता घटनालाई 'इमोसनल इन्टिलिजेन्स'सँग जोडेर हेनुपर्ने बताउँछन् । विज्ञहरूका अनुसार 'इमोसनल इन्टिलिजेन्स'ले काम नगर्दा मानवीय स्वभाव क्षणभरमै परिवर्तन हुन्छ, केही क्षणअघि हाँसीखुसी रहेको मानिस केही बेरमै अपराधी पनि बन्न सक्छ । यस्तो समस्या भएका मानिसले सानातिना समस्या पनि पहाड जतिकै अग्लो र भयानक देख्छन्, उनीहरूमा समस्या व्यवस्थापन गर्ने क्षमता हुँदैन, त्यसैले जीवनको समाप्तिलाई समस्याको समाधान ठान्छन् । काउन्सिलर शालिग्राम भट्टराई भन्छन्, 'जब मानिसले पागलप्रेमी बन्ने क्रममा संवेगात्मक सन्तुलन गुमाउँछ, त्यसपछि सानो कुराले पनि उसलाई असर पुऱ्याउँछ । परिणामस्वरूप हत्या, आत्महत्याजस्ता प्रकरणमा समेत ऊ सामेल हुन पुग्छ ।'

मनोविज्ञानले अपराधका जति पनि घटनालाई मानवीय व्यवहार सिद्धान्तबाट व्याख्या तथा विश्लेषण गर्ने गर्छ । प्रेममा आशक्त व्यक्ति आफ्नो प्रियपात्रको हत्याको तहसम्म उत्रनुलाई उच्चतम लक्ष्य (अल्टिमेट गोल)सँग पनि जोडेर हेर्ने गरिएको छ । कुनै युवाले एउटी मन परेकी केटीसँगको प्रेमलाई नै जीवनको सर्वोच्च लक्ष्यसँग दाँज्यो र कारणवश ऊ असफल रहेमा मानसिक सन्तुलन गुमाउन गई जे गर्न पनि पछि नहट्ने विज्ञहरू बताउँछन् । मनोवैज्ञानिकहरूका अनुसार प्रेमप्रसंग जोडिएका हत्याका घटनामा पनि यही सिद्धान्त लागू हुने तर्क छ, उनीहरूको ।

हत्याप्रकरणमा यौनको भूमिकालाई पनि कम आँक्न मिल्दैन । केटा र केटीको प्रेमको प्रसंग उठ्दा यौन पनि सँगसँगै जोडिएर आउँछ । भावनात्मक मोडबाट सुरु भएको प्रेमको यात्रा अघि बढ्दै जाँदा यौनको चरणमा पनि प्रवेश गर्न सक्ने प्रसंग निकाल्दै मनोविज्ञ प्रा. डा .मुरारिप्रसाद रेग्मी भन्छन्, 'खासगरी किशोरावस्थाको प्रेमप्रसंगले हत्याको मोड लिनमा यौन पनि एउटा कारक तत्त्व हुन सक्छ ।' प्रेमी र प्रेमिकामा मनमुटावका कारण यौनेच्छा पूर्तिमा बाधा पुग्दासमेत आपराधिक प्रवृत्तिले जरा गाड्न सक्ने देखिन्छ । त्यसो त प्रसिद्ध मनोविज्ञ फ्रायडले अचेतन मनमा गुम्सिएर बसेको यौनकुण्ठाले विस्फोटको रूप लिँदा व्यक्तिमा आपराधिक प्रवृत्तिसमेत विकास हुन सक्ने बताएका छन् ।

मनोविज्ञ नारायणप्रसाद शर्मा भन्छन्, 'यौन केवल शारीरिक मात्र हुँदैन, यो त मनोवैज्ञानिक पनि हुन्छ । त्यसैले प्रेमसँगै मौलाएको यौनेच्छाको पूर्ति नहुँदा भित्रैदेखि मन पराएको व्यक्तिको जीवनलीला समाप्त पार्नेसम्मको मानसिकता विकास हुन्छ ।' किशोरावस्थामा कुनै पनि व्यक्तिले आफ्नो छुट्टै पहिचान बनाउने प्रयास गर्छ । त्यस बेला खासगरी विपरीतलिंगीसँग सुसम्बन्ध बढाउने नै ध्याउन्न हुन्छ । प्रेमको नसा चढेपछि एकोहोरोपन विकास हुन्छ र आफूले रोजेको पात्र पाउनै पर्ने जिकिर गर्छ मनले । निमेषभरमै संवेग गुमाउँदा प्रियपात्रलाई पनि नासेर आफू पनि नासिनेसम्मको निर्णयमा पुग्न सक्ने देखिन्छ ।

मानिसको व्यवहार सधैं एकनासको हुँदैन, आफ्नो जीवनशैलीबाट उसले अधिकतम आनन्द उपभोग गर्न चाहन्छ । प्रेमको संसारमा सयर गर्दा पनि कुनै व्यक्तिले अपूर्व आनन्दको अनुभूति लिएको हुन्छ । दुईजनामध्ये एकजनाले प्रेमपथलाई अघि बढ्न रोकेमा यसले आपराधिक शृंखला पनि निम्त्याउन सक्छ । काउन्सिलर भट्टराई भन्छन्, 'हरेक वस्तुलाई सापेक्षरूपमा बुझ्न नसक्दा आवेशमा आउने, नैराश्य र डिप्रेसनजस्ता समस्याको भार थेग्न गाह्रो हुन्छ, फलस्वरूप, हत्या र आत्महत्याका घटना पुनरावृत्ति भइरहेका छन् ।' काउन्सिलर भट्टराई राजधानीमा भएका प्रेमिका हत्याका घटनालाई यही सन्दर्भमा राखेर हेर्न सकिने जानकारी दिन्छन् ।

एकजना विवाहिता पुरुषले अविवाहिता महिलासँग प्रेम गरेर हत्याको तहमा ओर्लिएर आफूले समेत आत्महत्या गर्नुलाई उसमा रहेको त्यागको भावना आपराधिकतामा रूपान्तरित भएको देखिन्छ । परामर्शदाता शर्मा भन्छन्, 'महिला प्रहरीबाट पुरुष प्रहरी जवानले राखेका प्रस्ताव अस्वीकृत भएपछि जवानमा आपराधिकताको भूत सवार भएको हुनसक्छ ।' महिलाप्रति समर्पण हुँदाहुँदै पनि प्रेमप्रसंग सफल मोडमा पुग्न नसक्ने देखेपछि पुरुषले महिलालाई पनि मारेर त्याग हुने ठानी आफूले पनि आत्महत्या गरेको कारण खुलाउँछन्, परामर्शदाता शर्मा । ■

# नियत खराब ?

**प्रहरी प्रशासनका** उच्चअधिकारीहरूलाई जनआन्दोलन दबाएका कारण निलम्बन गरेपछि अन्य प्रहरी अधिकृतहरूको समेत गृह मन्त्रालयले सरुवा गरेको छ। गृहले ४७ प्रहरी उपरीक्षक र ८६ नायव प्रहरी उपरीक्षकहरूको सरुवा गरिसकेको छ। अधिकांश दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रमा वर्षौंदेखि काम गर्दै आएका प्रहरी अधिकारीहरूलाई दुर्गम क्षेत्रमा नै सरुवा गर्ने र सहरी क्षेत्रमा कार्यरतहरूलाई पुनः सहरी क्षेत्रमै सरुवा गराएर सामान्य न्यायको समेत पालना नगरेको गुनासो पीडित प्रहरी अधिकारीहरूले गरेका छन्।

२०४६ सालको प्रजातन्त्र पुनर्वहालीपछि बनेका सरकारहरूले प्रहरी प्रशासनमा व्यापक मात्रमा राजनीतिकरण गरेको आरोप खेप्दै आएका थिए। प्रहरी प्रशासनभित्र रहेको गलत प्रवृत्ति अन्त्य गर्नुको साटो तत्कालीन सरकारले प्रशासनभित्र कमिसनतन्त्र र भ्रष्टाचारलाई प्रश्रय गरेको आरोप पनि लाग्दै आएको थियो। अहिले गरिएको प्रहरी अधिकारीहरूको सरुवाले पनि त्यसैको पुनरावृत्ति गरेको आरोप लाग्न थालेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधान भन्छन्, 'जनआन्दोलनको बलमा बनेको सरकारले भइरहेका सुरक्षा अधिकारीलाई विश्वास नगरेर आफ्नो मान्छे खोज्नाले पूरै संगठनप्रति नै अविश्वास देखिन्छ। योग्य र इमानदार व्यक्ति खोजेर सरुवा भएको छैन।'

प्रहरी प्रशासनमा एक वर्ष दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रमा बसेका प्रहरीहरूलाई सुगम क्षेत्रमा सरुवा गर्ने प्रचलन छ। तर, अहिले सरुवा गरिएका कतिपय प्रहरी अधिकृतहरू दुर्गम जिल्लाबाट दुर्गम क्षेत्रमै र सुगमबाट सुगममै सरुवा गरिएको छ। प्रहरी उपरीक्षकमा प्रहरी प्रधान कार्यालयबाट जिल्ला प्रहरी कार्यालय काठमाडौं सरुवा गरिएको छ भने जिल्ला प्रहरी कार्यालय भक्तपुरबाट प्रहरी प्रधान कार्यालय सरुवा गरिएको छ। सरुवाबाट असन्तुष्ट प्रहरी अधिकृतहरूले गृहमन्त्रीले सरुवामा राजनीतिकरण गरेको आरोप लगाएका छन्। उता नेपाल प्रहरीका प्रवक्ता रमेशचन्द्र कुँवर भने यो आरोप स्वीकार गर्दैनन्। उनी भन्छन्, 'जनआन्दोलनबाट बनेको सरकारको भावनालाई प्रहरी प्रशासनले चुस्तरूपमा नयाँ जोसका साथ कार्य गर्न सकोस् भनेर प्रहरी अधिकृतहरूको सरुवा भएको हो।' विशेष क्षमता राख्ने प्रहरी अधिकृतहरूलाई प्रहरी संगठनको निश्चित निकायमा नै राख्नु पर्ने भएकाले गर्दा केही अधिकृतहरूको सरुवामा प्रश्न उठे पनि समग्रमा न्यासंगत नै भएको कुँवर बताउँछन्।

जनआन्दोलनबाट बनेका सरकारले काम गर्न सजिलो होस् भनेर प्रशासन संयन्त्रमा हेरफेर गर्नु स्वाभाविक हो। तर, सरुवा बढुवाका न्यूनतम मान्यताको पालना गर्न सरकारले बिर्सनु हुँदैन। जनआन्दोलनको भावना बोकेको वर्तमान सरकारले स्वतन्त्र र कार्यक्षमताको आधारमा प्रहरी अधिकृतहरूको सरुवा गरेर विगतमा लाग्दै आएका विसंगतिका दागहरू पखाल्नु पर्छ। एक प्रहरी अधिकृत भन्छन्, 'हाम्रो काम सरकारको निर्देशन पालना गर्ने भएकाले मुलुकमा जस्तोसुकै सरकार आए पनि त्यो सरकारप्रति नै उत्तरदायी हुँदै उसको निर्देशन पालना गर्नुपर्छ। त्यसैले निरंकुश सरकारको निर्देशन पालना नगर्ने भन्ने सुरक्षा निकायमा हुँदैन।'

यो सरुवामा भएको कमीकमजोरीले माओवादी सशस्त्र विद्रोह समाधानमा सक्रियरूपमा विगतदेखि लाग्दै आएका र पछिल्लो समयमा आफ्नो छवि उच्च बनाउन सफल गृहमन्त्री कृष्णप्रसाद सिटौलाले प्रहरी प्रशासनमा राजनीतिकरण गरेको आरोप लाग्न थालेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको बहुचर्चित भारत भ्रमणको क्रममा पत्रकारहरूले नेपाल प्रहरीमा भएको सरुवाबारे सोधेको प्रश्नमा 'त्यसमा आफू पनि सन्तुष्ट नभएको बताएका थिए।' एकथरि जानकारहरू भने पूर्व प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल र ध्रुवबहादुर प्रधानको पुरानो दुस्मनी अहिले पुनः सक्रिय भएको बताउन थालेका छन्। तत्कालीन समयमा खरेलका निकट मानिएका प्रहरी अधिकृतहरू अहिले प्रभावशाली ठाउँमा सरुवा भएका कारण यस्तो अड्कल गरिएको एक प्रहरी अधिकृतले *समय*लाई बताए। स्रोत भन्छ, 'अहिले भएका सरुवाहरूमा पूर्व महानिरीक्षक खरेलको भूमिका छ।'

समाजमा शान्ति र अमनचयन कायम गराउने जिम्मेवारी बोकेको प्रहरी प्रशासनले आफ्नो दायित्व मनन गरेर विगतका कमजोरी सुधार गरी देश र जनताको सेवामा निष्पक्षरूपमा अगाडि बढ्नु पर्छ। कतिपय लुटपाट र चोरीमा प्रहरीहरुको अप्रत्यक्ष र प्रत्यक्ष सहभागिता रहेको रहस्य खुल्दै आएका छन्। यसले समग्र प्रहरी प्रशासनलाई नै बदनाम गराउने हुँदा त्यस्ता प्रहरीलाई कडा कारबाही गरेर आफ्नो निष्पक्षता प्रहरी प्रशासनले प्रदर्शन गर्नु पर्ने विश्लेषकहरू बताउँछन्। सशस्त्र र जनपद प्रहरी प्रमुखहरू निलम्बन भएको र उनीहरू दोषी नठहरिएको अवस्थामा निमित्त प्रहरी महानिरीक्षकहरूलाई दर्ज्यानी चिन्ह दिएर सरकारले कार्यवाहक महानिरीक्षक बनाएर कानुन मिचेको आरोप एकथरि कानुनविद्हरूले लगाएका छन्। सशस्त्र प्रहरी र जनपद प्रहरी महानिरीक्षकहरूका बारेमा रायमाझी आयोगले छानबिन गरिरहेको छ। तर, अधिवक्ता टीकाराम भट्टराई भने निलम्बन भएको अवस्थामा कार्यवाहक बनाएर दर्ज्यानी चिन्ह दिन मिल्ने बताउँछन्। उनी भन्छन्, 'यदि निलम्बित अधिकारीहरू फुकुवा भए भने अहिले बनाइएका कार्यवाहक महानिरीक्षकहरू पहिलाकै अवस्थामा रहन्छन्।'



■ गोविन्द परियार/काठमाडौं



# साँच्चिकै संरक्षण

**महाभारत पर्वत शृंखलाको** झण्डै समानान्तर दक्षिणतिर शिवालिक पर्वत शृंखला फैलिएको छ पूर्व-पश्चिम । उचाइ, चिसोपन, वनस्पति एवं जीवजन्तुका लागि प्रसिद्ध महाभारत जस्तै आफ्नो कम उचाइका साथ भिन्न जैविक र वानस्पतिक विशेषतासहित खडा छ शिवालिक । यहि शिवालिक शृंखला तटमा फैलिएको छ उत्तराञ्चल भारतको प्रसिद्ध जिम कर्बेट राष्ट्रिय उद्यान ।

सामुदायिक वनमा दक्षिण एसियामै फड्को मारेकोमा गफ चुट्ने नेपालीले भारतका राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट पनि केही सिक्नु पर्छ। राष्ट्रिय वनको सुकेको एउटा काठसम्म लिन डराउँछन् भारतीयहरू । झन् संरक्षण क्षेत्रभित्र कसको हिम्मत ?

कञ्चनपुरबाट महाकाली तरेर करिब ३ सय किलोमिटर पश्चिम लागेपछि भेटिन्छ जिम कर्बेट राष्ट्रिय उद्यान । उद्यानभित्र पसेको तीन मिनेटमै यसको महत्त्व झल्किन्छ । ठूला ठूला झुन्ड हिँडिरहेका हात्ती, हरिण र जरायो देख्नु सामान्य नै हो । प्रतीक्षा गर्न सके जंगलका राजाको दर्शन हुनु पनि ठूलो कुरा होइन । विश्वमै सर्वाधिक ५ हजार बाघ रहेको भारतमा जिम कर्बेटभित्र मात्रै १ सय ४१ वटा बाघका पदचिन्ह भेटिएका छन् । भारतीय उपमहाद्वीपको पहिलो संरक्षण क्षेत्र हुने गौरव पाएको कर्बेटभित्र ७ सय हात्ती छन् भन्दा अचम्म मान्नु पर्दैन । ५ सय २० वर्ग किलोमिटरभित्र फैलिएको कर्बेट पाँच सय ८० प्रजातिका चराको वासस्थान हो, जसमध्ये कोशी टप्पुमाझैं धेरैजसो पाहुना चरा हुन् । कर्बेट रामनगरसँग जोडिएका कारण रामनगरलाई कर्बेट सिटी भनिन्छ । यहाँबाट कर्बेटको दृश्यावलोकन गर्न खुला मारुती जिप्सीहरू हर्दम पर्यटकका लागि तयार देखिन्छन् । वार्षिक ३० हजार पर्यटक पुग्ने यो संरक्षण क्षेत्रमा आन्तरिक पर्यटकको नै ठूलो संख्या देखिन्छ, जसमध्ये विदेशीको संख्या ८ हजार मात्रै प्रतिवर्ष छ । प्रायः बिदा मनाउने भारतीयहरूका कारण पनि यसो हुन गएको उद्यान कार्यालयको अनुभव छ । वर्षामा यो निकुञ्ज बन्द हुन्छ भने अहिले यहाँ पर्यटकको बढ्दो चाप यति ठूलो संरक्षण क्षेत्रसँग जोडिएका पान्ड र तेहरिया गरी दुईवटा मात्र गाउँ छन् । यहाँका बासिन्दामध्ये प्रत्येक साता निकुञ्जको आमन्त्रणमा ढिकालास्थित उद्यानको कार्यालय पुगी संरक्षणसम्बन्धी आदान प्रदान गर्ने गर्छन् । आगामी दिनमा स्कुले बालबालिका ल्याउने कार्यक्रम निकुञ्जले बनाएको छ । मध्यवर्ती यी गाउँका १५ जनालाई प्रत्यक्ष र सयजनालाई अप्रत्यक्ष रूपमा रोजगारसमेत दिइएको छ ।

जहाँ खजाना हुन्छ, त्यहाँ चोरको दृष्टि पर्ने नै भयो, चोरी सिकारी सम्बन्धमा उद्यानका निर्देशक राजीव भस्तरी भन्छन्, 'उद्यानवरपरका छिमेकीको राम्रो व्यवहार नै सुरक्षाको पहिलो उपाय हो । त्यसैले हामीले यसैलाई महत्त्व दिएका छौं ।' उद्यानवरपरभन्दा पनि बाहिरका मान्छेबाट वन्यजन्तुलाई खतरा भएको बताउँदै भस्तरीले भने, 'कर्बेटभित्रको अहिलेको ठूलो समस्या जनावर धेरै हुनु हो । भस्तरीको जवाफले हामीलाई भने एकैचोटि आश्चर्यचकित र दुःखीत बनाउँछ ।

कर्बेटको तीन किलोमिटर क्षेत्रभित्र दुई महिनामा ६ वटा बाघ मारिएपछि चर्चाका शिखर चुमेको यो उद्यानभित्रको घटनाले भारतीय संसद्समेत हल्लाएको थियो । जब कि हाम्रो देशभित्र एक सय चितुवाका छाला बरामद गरिए पनि कसैको चासो बन्न सक्दैन । कर्बेटभित्र भ्रमणका आएका बेला माछा मारिरहेका राज्यमन्त्रीलाई समेत जरिवाना तिराएको उद्यानले जनाएको छ । जैविक पर्यटकीय विकासबाट वन्यजन्तु संरक्षण क्षेत्रले भारतको राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुऱ्याउँदै आएका छन्, जसको राम्रो उदाहरण हो कर्बेट । यद्यपि नेपालमा पनि तीन दशक अघिसम्म सिकारका लागि आरक्षित जंगललाई राष्ट्रिय निकुञ्जका रूपमा परिणत गरिएपछि त्यसका छेउछाउका बासिन्दाको जीवनस्तर उठेकै पाइन्छ । पछिल्ला पाँच वर्षदेखि विश्व वन्यजन्तु कोषले तराईको भू-परिधि कार्यक्रमअन्तर्गत नेपाल र भारतका ११ वटा संरक्षण क्षेत्रमा काम गरेर मध्यवर्ती क्षेत्रका बासिन्दालाई सक्रिय बनाउने प्रयास गर्दै आएको छ । तराई भू-परिधि कार्यक्रमको सबैभन्दा ठूलो लक्ष्य नेपालका चार र भारतका सातवटा संरक्षण क्षेत्रलाई जैविक मार्गका रूपमा विकास गरी वन्यजन्तुलाई निर्बाध रूपमा एक अर्को देशमा आवतजावत गर्ने वातारण तयार पार्नु हो । तराईको यो विशाल जैविक मार्गको लागि विश्व जन्तु कोषले छानेका भारतका राजाजी, सोनानाडी, जिम कर्बेट, किसनपुर, दुधवा, कतरनियाघाट र वाल्मीकिनगर र नेपाल शुक्लाफाँटा, बर्दिया, चितवन र पर्सा वन्य आरक्ष हुन् ।

भारतका जस्ता संरक्षण क्षेत्र हाम्रा देशमा नभएका होइनन्, तर चितवनबाहेक कुनै पनि राष्ट्रिय निकुञ्जको अहिलेसम्म विकास हुन सकेको छैन । सुरक्षाका नाममा सैनिक जंगलभित्र बसे पनि चोरी सिकारी नियन्त्रण भएको छैन । पर्यटकहरूको संख्या पनि न्यून छ र राष्ट्रिय अर्थतन्त्रलाई पनि चित्तबुझ्दो टेवा पुगेको छैन । यसको कारण सशस्त्र द्वन्द्व भनेर भजाउने बहाना पनि अब गुम्दैछ ।

कर्बेट पुग्दा महसुस हुन्छ, संरक्षण क्षेत्रको विकासका लागि तारबार घेरेर सुरक्षाफौजका क्याम्प राख्दैमा हुँदैन । सहज यातायात र सुविधायुक्त बसाइँको व्यवस्थासँगै प्रचार प्रसारको पनि ठूलो खाँचो छ । र, सबैभन्दा धेरै त संरक्षणमा चासो दिने स्थानीय बासिन्दा तथा जंगलमै रम्ने कर्मचारीको पनि उत्तिकै आवश्यकता पर्दो रहेछ । ■



## जिम कर्बेट को हुन् ?

बेलायती उपनिवेशकालमा भारतमै जन्मिएका जिम कर्बेट मूलतः केन्याका हुन् । सन् १८७५ मा जन्मेका जिम त्यसताका उत्तर भारतका बाघ र चितुवाले मानिसहरू खाई वितण्डा मच्चाउन थालेपछि सिकारीका रूपमा कुमाउँ पसेका थिए । झन्डै १ सय बाघ र चितुवा मन नलागी नलागी मार्नु परेको थियो उनले । जब उनीहरू नरभक्षी भए, त्यस बेला चौगढमा मात्रै चार वर्षमा ६४ जनालाई बाघले मारेको थियो । यसरी कुमाउँका विभिन्न जंगल घुमेर आतंक मचाउने नरभक्षीलाई समाप्त गर्दाको अनुभव समेटिएको उनको चर्चित 'पुस्तक, म्यान इटर्स अफ कुमाउँ' अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित छ । सिकारी भए पनि संरक्षणवेत्ता रहेका जिमले हल्द्वानी नजिक ४० एकड भूमि खरिद गरी त्यसमा आदर्श गाउँ बसाएका थिए सन् १९१७ मा । अहिले उनीसँग सम्बन्धित विषयवस्तुको संग्रहालय बनाइएको छ । बहिनी म्यागीसँग बस्ने जिम सन् १९४७ मा केन्या फर्केका थिए ।

■ **श्याम भट्ट/जिम कर्बेट, भारत** (तस्वीर पनि)

# बहुपक्षीय मिलेमतो



**बाँकेको पूर्वी क्षेत्र** राप्तीपारिका सत्रवटा सामुदायिक वन र सरकारी वनमा जताततै हरिया साल, खयर र सिसौका रुख काटेको देख्दा सामुदायिक वनकी वसन्ती अधिकारीले माओवादी एरिया इन्चार्ज प्रदीप चौधरीसँग प्रश्न गरिन्, '८० प्रतिशत ग्रामीण बस्ती कब्जामा छ भन्ने माओवादीले राष्ट्रिय सम्पत्ति संरक्षण गरेको नमुना यही हो ?'

वन फडानीबारे अवलोकनको लागि बैजापुर पुगेका सात दल, पत्रकार र सरकारी कर्मचारीहरूका सामुन्ने राप्ती क्षेत्रको १ नम्बर एरिया इन्चार्ज चौधरीले जवाफ फर्काए, 'जनताको चाहनामा रुख काट्न दिइएको हो ।'

वर्षौंदेखि सर्वसाधारणले जोगाएर राखेका हरिया रुख विगत तीन महिनादेखि बाँकेको राप्तीपारि क्षेत्रमा वन माफिया, वन कर्मचारी र माओवादीको मिलेमतोमा भएको फडानीबारे न त माओवादीले स्पष्ट पार्न सकेका छन्, न वन कार्यालयले सखापै हुने गरी सामुदायिक र सरकारी वन कसरी फडानी भयो भन्ने जानकारी राखेको छ ।

**वर्षौंदेखि सर्वसाधारणले जोगाएर राखेका हरिया रुख विगत तीन महिनादेखि बाँकेको राप्तीपारि क्षेत्रमा वन माफिया, वन कर्मचारी र माओवादीको मिलेमतोमा फडानी भइरहेका छन् ।**

राप्तीपारिका १७ सामुदायिक वनमा ढलापडा रुख काट्ने सहमति दिएको वन कार्यालयले अनुगमन नगर्दा काठ व्यापारीहरूले सामुदायिक तथा सरकारी वनका हरिया रुखहरू निर्धक्कसँग कटान गरेका छन् ।

रुख काट्नुअघि गरिने छटान र कटान प्रक्रियामा वन कार्यालय पूरै निष्क्रिय देखिएका कारण धेरै वन कर्मचारीको काठ व्यापारीहरूसँग साँठगाँठ रहेको आरोप लगाएका छन् । वन फडानीको समाचार प्रकाशमा आएपछि वन फडानी भएको क्षेत्र राप्तीपारिका दुई रेन्जर सुशील मण्डल र रामगणेश शाह फरार भएका छन् । स्थलगत अनुसन्धानको लागि खटिएको वन मन्त्रालयको टोलीले फरार दुई रेन्जरलाई निलम्बन गरेको छ ।

काठ व्यापारीहरू पूर्णबहादुर केसी, चित्रबहादुर भण्डारी, सुरेश चन्द लगायतका व्यक्तिले राप्तीपारिका पाँच सामुदायिक वन जिल्ला वन कार्यालयबाट उपभोक्तालाई गत फागुनमा हस्तान्तरण गराएलगत्तै चैतदेखि वन फडानी सुरु गरेका थिए । १७ सामुदायिक वनमा रुख काट्न वन कार्यालयले सहमति दिए पनि माओवादीलाई चन्दा दिएर काठ व्यापारीहरूले कटानको अनुमति नभएको सरकारी वनका रुखहरूसमेत कटान गरेका छन् ।

सामुदायिक वनमा ढलापडा र सुकेका रुख काट्ने उपभोक्ताको निर्णय र वन कार्यालयको सहमति भए पनि काठ व्यापारीहरूले सामुदायिक वन र सरकारी वनका राम्रा-राम्रा रुखहरू छानेर कटान गरेका छन् । सरकारी वनको रुख काटेबापत बढी चन्दा पाउने भएका कारण पनि माओवादीले रुख कटान स्वीकृति दिएको छ ।

सामुदायिक वनका रुखहरू कटान हुँदा समूहबाट २० र ठेकेदारबाट २० प्रतिशत चन्दा लिने माओवादीले सरकारी वनबाट भने यसको दोब्बर चन्दा लिने गरेको बताइन्छ । राप्तीपारिको जंगलमा कति मूल्य र परिमाणमा रुख फडानी गरियो भन्ने यकिन विवरण प्राप्त हुन नसके पनि पूर्वपश्चिम राजमार्गबाट अलिकति मात्र भित्र पस्यो भने जंगलका हरिया रुख काटेर राताम्य पारिएको देख्न सकिन्छ । तर, कटानी गरिएका केही काठ जिल्लाबाहिर पठाउन सुरुमा व्यापारीहरू सफल भए पनि सात दल, पत्रकार र छानबिन टोलीको स्थलगत अनुगमनपछि काटिएका सबै रुख जफत गर्नुपर्ने आवाज उठेको छ ।

बैजापुरमा विद्युतीकरण गर्न र सडक निर्माण गर्न भन्दै काठ ठेकेदारहरूले उपभोक्तालाई वन फडानीको निर्णय गराउन लगाएका थिए । सामुदायिक वन कटान गर्दा सत्रवटा समूहले जिल्ला वन कार्यालयबाट सहमति लिएका थिए ।

त्यस्तै टिम्बर कर्पोरेसनले ढलापडा रुख कटान गर्ने वन कार्यालयबाट सहमति लिए पनि राम्रा र हरिया रुखहरू नै कटान गरेको सर्वसाधारण बताउँछन् । टिम्बर कर्पोरेसन, काठ व्यापारी, माओवादी, वन कार्यालय र सामुदायिक वन पदाधिकारीहरूको आँखा हरियो वनतिर तानिएको बेला वन मन्त्रालयका सहसचिव जमुनाकृष्ण ताम्राकारको टोली पनि छानबिन नगरी काठमाडौं फर्कन लागेको थियो । तर, नागरिक समाजका व्यक्तिहरूको दबाबमा छानबिन टोली घटनास्थल पुग्न बाध्य भएको थियो ।

यता माओवादीको माथिल्लो स्रोतले भने माओवादीलाई काठ तस्करीमा लागेको आरोप वार्ताविरोधी तत्त्वहरूको खेल मात्र हो भनेको छ । 'वन फडानी पहिले पनि हुन्थ्यो, तर अहिले मात्र किन यति धेरै चर्चामा ल्याइएको ?', माओवादी स्रोतले भन्यो, 'यति बेला माओवादीलाई विभिन्न आरोप लगाएर वार्ताको वातावरण बिगार्न केही तत्व सक्रिय छन् ।'

विगतमा पनि वन फडानी रोक्न राज्यले खासै पहल नगरेको मात्र होइन, वन तस्करहरूले सधैं राजनीतिक प्रश्रय पाउँदै आएका छन् । वन क्षेत्रको वृद्धि गर्नुपर्ने सबैतिर आवाज उठ्ने गरे पनि १ दशमलव ३ प्रतिशत प्रतिहेक्टरका दरले बर्सेनि राष्ट्रिय वन विनाश भइरहेको छ ।

राप्तीपारिको वन क्षेत्र फडानी भइरहेका बेला यता बाँकेको कोहलपुर, महादेवपुरी लगायतका स्थानमा सुकुमवासी बताउने व्यक्तिहरूले वन अतिक्रमण गरेको एक महिना बितिसक्दा पनि त्यस्ता व्यक्तिहरूको बारेमा वन कार्यालयले सोधखोजसमेत गरेको छैन ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)

# पारदर्शिताको बाटोमा

**'विकास (पैसा) ल्याउन्या हो, बाँड्न्या हो, खान्या हो' भन्दै विकासका रकममाथि ठालुहरूले कब्जा जमाउने जुम्लामा जिल्ला शिक्षा अधिकारीले आफ्ना सम्पूर्ण बजेट र कार्यक्रम बार्षिक क्यालेन्डरमै छापेर पारदर्शिताको नमुना पेस गरेका छन् ।**

■ राजेश घिमिरे/जुम्ला

**शक्ति हो सूचना**, त्यसैले मुलुकका अधिकांश सरकारी कर्मचारी आफ्नो शक्ति संचयका लागि भए पनि सूचनाहरू लुकाउन चाहन्छन् । त्यसमाथि दुर्गम जिल्लामा त सरकारी सूचना कमाउने स्रोत भइदिएपछि तिनलाई खुलासा गरेर आफ्नै पेटमा कुनै हाकिमले किन लात हान्थे र !

तर मुक्तिसिंह ठकुरी बेग्लै प्रवृत्तिका छन् । जुम्लाको जिल्ला शिक्षा कार्यालयको भित्तामा अनेक थरि अक्षर भरिएका कार्डबोर्डहरू टाँसिएका छन्, चारैतिर । नियालेर हेर्ने हो भने तिनमा जिल्ला शिक्षा कार्यालयको हरेक हिसाबकिताब छ अनि तिनमै छन् कार्यालयमा आएका कार्यक्रम र तिनको तिथि मितिको विवरण पनि ।

तर ठकुरीका लागि त्यो पनि पर्याप्त भएन, किनकि माओवादीको कब्जामा रहेका क्षेत्रका हरेक मानिसहरूले खलंगा बजारमा रहेको जुम्लाको जिल्ला शिक्षा कार्यालयको भित्तामा टाँसिएका कार्डबोर्डहरूको अध्ययन गर्न सम्भव छैन । उनीहरूको कब्जामा भए पनि त्यहाँका अभिभावक तथा शिक्षकहरूलाई सरकारी क्यालेन्डर र कार्यक्रमअनुसार नै आ-आफ्ना स्कुल चलाउनु पर्ने बाध्यता त छँदै छ । यसैले जुम्लाका जिल्ला शिक्षा अधिकारी ठकुरीले उपाय निकाले, क्यालेन्डर निकाल्ने र त्यसमा ती सबै कार्यक्रम अनि तिनको बजेट उल्लेख गर्ने । तर, सरकारी कार्यालयमा क्यालेन्डर छाप्ने बजेट कतै हुँदैन । तर, ठकुरीको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा कार्यक्रम संयोजकका रूपमा पाँच वर्ष काम गरेको अनुभव यति बेलै काम लाग्यो । उनले पारदर्शिताको पुनीत उद्देश्य पूरा गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थालाई परिचालित गर्ने प्रयास गरे, संस्थाहरूसँग छलफल गरे । र, त्यस्तो प्रकारको क्यालेन्डर छाप्न तयार भयो कर्णाली विकासमा लागि परेको गैरसरकारी संस्था किर्डाक ।

राजधानीमा शिक्षा विभागमा ५ वर्ष काम गरेपछि चुनौतीका रूपमा २०६१ फागुनदेखि जुम्लाको शिक्षा अधिकारीका रूपमा रवाना लिएका थिए ठकुरीले । तर, काम उनले सोचेजति सजिलो थिएन । कति पटक कालोमोसो लगाइदिने धम्की पाए त कति पटक जुत्ताको मालाको । तर, उनले हार मानेनन् र काम गर्न थाले । र, यसपालि पारदर्शिताको एक नमुनाका रूपमा २०६३ सालको क्यालेन्डर छपाए । यो क्यालेन्डरमा उनले हरेक स्कुलमा जाने एक-एक पैसाको हिसाब मात्र दिएका छैनन्, हरेक महिना ती स्कुलका शिक्षकहरूले गर्नुपर्ने काम, तिनले गर्ने तालिमजस्ता विवरण पनि छपाएका छन् ।

ठकुरी भन्छन्, 'मैले यहाँ केही समय बस्दा धेरै अभिभावकले विद्यालयमा के शीर्षकमा कति पैसा आउँछ, त्यसबारे जानकारी नै दिँदैनन्, सबै कुरो थाहा पाउन पाए सही ठाउँमा सदुपयोग गर्न लगाउन सकिन्थ्यो कि भन्ने अनुरोध गरेको पाएँ ।'

तर पैसाको कुरो मात्र लेखेर सदुपयोग हुने अवस्था छैन । तिनको उपयोगिता पनि सिकाउनु पर्ने स्थिति अझै छ गाउँमा, सरल भाषा र शब्दमा यस्ता कुरा नलेखे ठालुहरूले लटरपटर खाइदिन सक्ने डर पनि छँदैछ । ठकुरी भन्छन्, 'अभिभावक तथा शिक्षकहरूसमेत विद्यालयमा संचालन हुने वार्षिक कार्यक्रमका बारेमा थाहा पाउन पाए तयारी गर्न र स्रोत जुटाउन सजिलो हुन्थ्यो भन्ने जस्ता कुरा मेरै अगाडि गर्थे । मलाई यी र यस्ता खाले सबै कुरा समेटेर एउटा सूचना प्रवाह गर्न मन लागेको थियो । दिमाग चलाउँदै जाँदा क्यालेन्डरजस्तो उपयोगी केही पाइनँ ।'

स्कुलका हरेक हिसाब र कार्यक्रम छापिएका क्यालेन्डरहरू यति बेला जुम्लाका हरेक स्कुलमा झुण्डीरहेका छन् । अभिभावकहरू शिक्षकहरूलाई त्यही कार्यक्रमअनुसार काम गर्न दबाब दिइरहेका छन् । ठकुरीकै शब्दमा उनको क्यालेन्डरको उपलब्धि यस्तो छ, 'यस्तो काम सबैले सिकिदिए हुन्थ्यो भन्छन् । नयाँ थालनी भयो भन्छन् । कतिपय संघसंस्थाले हामीलाई कार्यक्रम अनुगमन गर्न सजिलो भयो पनि भन्छन् । सबै सकारात्मक नै भेटें ।' ■





तेज बस्नेत

# बढ्दो व्यापारीकरण

**भविष्यमा के बन्न चाहन्छौ ?** अधिकांश बालबालिकाको उत्तर हुन्छ - कि डाक्टर कि इन्जिनियर । बालबालिकाले दिने जवाफझैं स्तरीय डाक्टर बन्न पक्कै सजिलो छैन । विदेशी छात्रवृत्तिको कोटा मात्र होइन, मुलुकभित्रै पनि स्तरीय मेडिकल कलेजमा एमबिबिएस पढ्ने अवसर हात पार्न व्यापक तयारी गर्नुपर्छ विद्यार्थीले । त्यसैले होला, पछिल्ला ५ वर्षमा एमबिबिएस प्रवेश परीक्षा तयारीका लागि विभिन्न इन्स्टिच्युटमा धाउने विद्यार्थीको संख्या बढिरहेको छ । विद्यार्थी आकर्षणको फाइदा उठाउँदै एमबिबिएस कोचिङ कक्षा सञ्चालन गर्ने इन्स्टिच्युटले विज्ञापनको नाममा गलत तौर तरिकासमेत अपनाउन थालेको पाइएको छ ।

बढी विद्यार्थी जम्मा गरेर आफ्नो व्यापार बढाउन आफ्नो इन्स्टिच्युटमा पढ्दै नपढेको विद्यार्थीको नाममात्र होइन, जालझेलपूर्वक फोटोसमेत छपाउने परिपाटी देखिएको छ । तयारी कक्षाको नाममा यस्ता गलत प्रवृत्ति हावी हुनुलाई विकृतिको उपज मान्न सकिन्छ । शिक्षण अस्पताल महाराजगन्जका डा. खगेन्द्रविक्रम दाहाल भन्छन्, 'एमबिबिएस प्रवेश परीक्षामा विद्यार्थीलाई सघाउ पुऱ्याउने हिसाबले कक्षा सञ्चालन गर्नु राम्रो कुरा हो । तर, इन्स्टिच्युटमा पाइलै नहालेको विद्यार्थी मेरो इन्स्टिच्युटमा पढ्यो भनेर नाम छाप्नुचाहिँ व्यापारीकरण हो ।'

गत जेठ १९ गते एउटा दैनिकको पहिलो पृष्ठमा एमबिबिएस प्रवेश परीक्षाको तयारी कक्षा सञ्चालन गर्ने सच्चेवा न्यु पिटी कलेजको नामबाट एउटा विज्ञापन छापियो । विद्यार्थी लोभ्याउने हिसाबले प्रकाशन गरिएको उक्त विज्ञापनमा गत वर्ष महाराजगन्ज मेडिसिन क्याम्पसमा उत्तीर्ण ४३ मध्ये ४१ जना विद्यार्थीले सच्चेवा पढेर नाम निकालेको हवाला दिँदै उनीहरूको तस्वीरसमेत छापिएको थियो । उक्त विज्ञापनमा गत वर्षको एमबिबिएस प्रवेश परीक्षामा चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत महाराजगन्ज मेडिसिन क्याम्पसमा पहिलो नम्बरमा नाम निकाल्न सफल विशाल ज्ञवालीको नामसमेत छापिएको थियो ।

विशालसहित सच्चेवाले नाम र फोटो छापेका १९ विद्यार्थीले हामी त्यस इन्स्टिच्युटका विद्यार्थी होइनौं भनेर खण्डन निकालिसकेको जनाइएको छ । उता, सच्चेवा न्यु पिटी कलेजका समीर कार्कीले *समय*सँगको टेलिफोनवार्तामा एमबिबिएसको तयारीका क्रममा विद्यार्थीले धेरै ठाउँमा पढ्ने भएको र त्यही क्रममा विशालले पनि सच्चेवामा केही साता पढेको दाबी गरे पनि तथ्य प्रस्तुत गर्न सकेनन् ।

## अनुगमन छैन

अहिलेसम्म राजधानीमा एमबिबिएस तयारी कक्षा नेसनल एकेडेमी फर मेडिकल एजुकेसन (नेम), अल्फा बिटाज इन्स्टिच्युट फर मेडिकल स्टडिज (एम्स) र सच्चेवा न्यु पिटी कलेजले चलाउँदै आएका छन् ।

दस जोड वा आइएस्सी परीक्षा सिध्याएर बसेका विद्यार्थीलाई लक्षित गरेर सञ्चालन गरिने यो तयारी कक्षाको अवधि चार महिनाको हुन्छ । सबै इन्स्टिच्युटमा गरेर करिब चार हजारजति विद्यार्थी तयारी कक्षा पढ्न आउँछन् । अहिलेसम्म गुणस्तरको साख बचाउँदै आएको महाराजगन्ज मेडिसिन क्याम्पसमा ४३ स्थानको लागि करिब ५ हजारजतिले नाम निकाल्न कडा प्रतिस्पर्धा गर्छन् । उसो त शिक्षा मन्त्रालयको कोटामा छात्रवृत्तिअन्तर्गत नाम निकाल्नु पनि कहाँ सजिलो छ र ? निजी मेडिकल कलेजमा सशुल्क पढ्ने समेत गरी करिब ५ सय विद्यार्थी बर्सेनि एमबिबिएस कक्षाको निम्ति भर्ना हुन्छन् ।

इन्स्टिच्युटहरूले चार महिनाको तयारी कक्षाको एकमुष्ठ शुल्क न्यूनतम ९ हजार ५ सयदेखि १० हजार ५ सयसम्म लिने गरेको पाइएको छ । विद्यार्थीबाट मोटो रकम असुल गरेका यी इन्स्टिच्युटले कर तिर्छन् वा तिर्दैनन् भनेर अनुगमन गर्न सरकारले केही कदम पनि चालेको छैन । व्यापार बढाउनको लागि गलत हत्कण्डा अपनाउने इन्स्टिच्युटलाई सरकारले बेलगाम छोड्दा विद्यार्थीहरू ठगिइरहेका छन् ।

■ छत्र कार्की/काठमाडौं

## टपर हुनु बेकारजस्तो लागेको छ



**विशाल ज्ञवाली**
आइओएम टपर, २००५

**सच्चेवा न्यु पिटी** कलेज नामक संस्थाले मेरो नाम छापेको खबर साथीले फोन गरेपछि थाहा पाएँ । मलाई अचम्म लाग्यो - पढ्दै नपढेको इन्स्टिच्युटले कसरी नाम छाप्यो भन्ने ? मैले आइओएम प्रवेश परीक्षामा टप गरेपछि त्यसलाई भजाउने अभिप्राय थियो उक्त इन्स्टिच्युटको । त्यसैले बदनियतपूर्ण तरिकाले विज्ञापनमा मेरो नाम र फोटो छापेर व्यापारीकरण गऱ्यो । म पढ्दै नपढेको उक्त इन्स्टिच्युटले मेरो नाम जोडेर मेरो चरित्रहत्या गर्ने दुष्प्रयास गऱ्यो । कतिपयलाई लाग्यो होला, विशालले रकम लिएर नाम र फोटो छपायो भन्ने । हो, त्यही भ्रम निवारणका लागि म खण्डन गर्नसमेत बाध्य हुनु पऱ्यो । कीर्ते तरिकाले फोटो स्क्यानिङ गरेर विज्ञापन छपाई विद्यार्थी तान्ने धन्दा गर्नु सरासर व्यापार हो ।

फोटोको सौदाबाजी गर्ने धन्दा यहाँका इन्स्टिच्युटले पहिलेदेखि नै गर्दै आए पनि यसको विरोध देखिएको थिएन । त्यस्तो कतिपयले विद्यार्थीले रकम लिएर नपढेको इन्स्टिच्युटलाई पनि फोटो छाप्न दिने गरेको आरोप लाग्न थालेको छ । शिक्षा दिने नाममा यस्तो विकृति देखिँदा सरकार मौन छ, जुन राम्रो लक्षण होइन ।

मैले त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययनसंस्थानअन्तर्गत महाराजगन्ज मेडिसिन क्याम्पसको गत वर्षको एमबिबिएस प्रवेश परीक्षामा पहिलो नम्बरमा नाम निकाल्दा जुन हर्ष लागेको थियो, अहिले बेकार जस्तो लागेको छ, टपर हुँदा पनि । मैले २०५९ सालको एसएलसीमा टपर हुँदा पनि यस्तै कटु अनुभव गर्नुपरेको थियो । मेरो नाम जोडेर विभिन्न प्लस टु कलेजले खेती गर्न खोजेका थिए । मैले एसएलसीमा टपर भएपछि आर्थिक लाभलाई कहिल्यै महत्त्व दिइनँ, पढाइमात्र मेरो प्राथमिकता रह्यो । तर, टपर भजाएर आर्थिक लाभ लिने अरू एसएलसी टपरकै कोटीमा मलाई पनि राख्दा दुःख लागेको छ । ■

# अब जिम्मा सरकारमै


तेज बस्नेत

**बेरोजगार युवाका** लागि रोजगारीको आकर्षक श्रम बजार कोरियामा कामदार पठाउने मामिला फेरि विवादमा तानिएको छ। कोरिया कामदार पठाउन सरकारबाट अधिकार पाएको एकमात्र म्यानपावर कम्पनी मुनड्रप्स ओभरसिजले नेपाली युवा त्यहाँ पठाउने कार्यलाई व्यवसायिक आचरणभन्दा 'रकम असुल्ने' माध्यम बनाएपछि सरकार हस्तक्षेप गर्न बाध्य भएको हो। मुनड्रप्सको गैरकानुनी व्यवहारबाट युवाहरू जोगाउन श्रम मन्त्रालय आफैले कामदार छनोट गरी कोरिया पठाउने निर्णय गरेको छ, जुन आफैमा विवादास्पद मानिएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एलपी साँवा भन्छन्, 'सरकारको काम व्यापार गर्ने होइन। कोरिया कामदार पठाउने जिम्मेवारी व्यवसायीलाई नै दिनुपर्छ।'

मुनड्रप्सले गैरकानुनी कार्य गरेका कारण हस्तक्षेप गर्न बाध्य भएको तर्क सरकारले अगाडि सारेको छ। श्रम प्रवक्ता ध्रुव शर्मा भन्छन्, 'मुनड्रप्सले सरकारका नीति नियम मानेन, त्यसैले हस्तक्षेप गरिएको हो।' तर कानुन नमान्ने म्यानपावर कम्पनीमाथि कारबाही गर्ने हिम्मत मन्त्रालयले देखाएको छैन। मुनड्रप्सका संचालक मध्ये केही व्यक्ति राजदरवारका नातेदार भएकाले सरकारले कारबाहीमा लाचारी देखाएको आरोप लगाउँछन्, व्यवसायीहरू। कानुन पालना नगर्ने कम्पनीको दर्ता खारेज गर्नेसम्मको अधिकार सरकारसँग छ। २०६१ सालमा कोरिया कामदार पठाउँदा यस्तै गैरकानुनी काम गर्ने लुम्बिनी ओभरसिजको दर्ता खारेज गरिएको थियो। मुनड्रप्सले कोरिया कामदार पठाउने आधिकारिक कम्पनीको हैसियत पनि राजदरवारकै निर्देशनमा पाएको थियो, राजाद्वारा नियुक्त श्रममन्त्री कमल चौलागाईंको कार्यकालमा।

यसपटक मुनड्रप्सले मनपरी रकम असुलेर करिब सात सय नेपाली कामदार कोरिया पठाउने प्रक्रिया अगाडि बढाएको थियो। वैदेशिक रोजगारीमा पठाउने कामदार छनोटका लागि सार्वजनिक सूचना निकाल्नु पर्नेमा उसले झेलझालपूर्ण कार्य गरेको थियो। त्यसका साथै वैदेशिक रोजगारीमा सरकारका नाममा आरक्षण गरिएको मानिने १० प्रतिशत द्वन्द्व पीडितको कोटा पनि उसले उपलब्ध नगराएको श्रम प्रवक्ता शर्मा बताउँछन्। यद्यपि, द्वन्द्व पीडितका नाममा आरक्षित कोटा मन्त्रालयका कर्मचारी र म्यानपावर कम्पनीबीचको साँठगाँठमा व्यापक दुरुपयोग गरिँदै आएको छ। कर्मचारीहरूले म्यानपावर कम्पनीबाट रकम असुलेर महत्त्वपूर्ण वैदेशिक रोजगारीका सरकारी कोटामा पनि उनीहरूलाई मनपरी रकम उठाउने छुट दिँदै आएका छन्।

> **मुनड्रप्सलाई प्रक्रिया पूरा नगरेको भन्दै हस्तक्षेप गरेको सरकारले आफै कामदार कोरिया पठाउँदा कस्तो प्रक्रिया अपनाउने भन्ने विषय अहिले सार्वजनिक चासोको विषय बनेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एलपी साँवा भन्छन्, 'सरकारको काम व्यापार गर्ने होइन। कोरिया कामदार पठाउने जिम्मेवारी व्यवसायीलाई नै दिनुपर्छ।'**

कोरियालगायतका केही निश्चित देशबाट रोजगारीको अवसर आउँदा त्यहाँ जान चाहनेको संख्या अत्यधिक रहँदै आएको छ, विद्यमान बेरोजगारीका कारण। ती देशमा माथिल्लो निकायमा पहुँच रहेका र पैसा हुनेहरूले मात्रै नभई सर्वसाधारणले पनि अवसर पाऊन् भन्ने मान्यताका आधारमा आवश्यकताभन्दा बढी दरखास्त परेमा चिठ्ठामार्फत कामदारको छनोट गर्न अख्तियारले निर्देशन दिएको छ। तर, मुनड्रप्सले भने यी सबै प्रक्रिया मिचेर आन्तरिक मिलेमतोका आधारमा प्रतिकामदार ५ लाख रुपैयाँसम्म असुलेर कोरिया पठाउने योजना बनाएको बताउँछन्, श्रम तथा रोजगार प्रवर्धन विभागका कर्मचारीहरू।

यो विवादबाट वर्तमान सरकार पनि बाहिर रहन सकेको छैन। मिलिजुली सरकारका मन्त्रीहरूका लागि आफ्ना कार्यकर्ता आकर्षक रोजगारीमा पठाउने माध्यम कोरियालगायतका मुलुक नै हुन्। सत्ताधारी दलका कार्यकर्ता कोरिया पठाउन श्रमराज्यमन्त्री रमेश लेखक दबाबमा रहेको बताइएको छ। मुनड्रप्सलाई प्रक्रिया पूरा नगरेको भन्दै हस्तक्षेप गरेको सरकारले आफै कामदार कोरिया पठाउँदा कस्तो प्रक्रिया अपनाउने भन्ने विषय अहिले सार्वजनिक चासोको विषय बनेको छ।

म्यानपावर कम्पनीहरूले कोरिया कामदार पठाउन कायम गरिएको एकाधिकार अन्त्य गरी अन्य कम्पनीलाई पनि अब अवसर दिनु पर्छ भनेका छन्। अध्यक्ष साँवा भन्छन्, 'अन्य म्यानपावर कम्पनीहरूले यस्तो अवसर पाउनुपर्छ। सरकारको जिम्मेवारी अनुगमनमा सीमित हुनुपर्छ।' तर वैदेशिक रोजगारीमा जान चाहने युवाहरू भने सरकार र म्यानपावर कम्पनीबीचको झगडाले कोरियाको कोटा नगुमोस् भन्ने चिन्तामा छन्। उनीहरूको यही चिन्तालाई आड बनाएर मुनड्रप्सले सर्वोच्च अदालतमा मुद्दा दायर गरे पनि अदालतले उसको विपक्षमा निर्णय दिएको छ। तर, सबैभन्दा महत्त्वपूर्ण सवाल भने रोजगारदाता कोरियाको घरेलु तथा मझौला उद्योग महासंघले सरकारको चाहना पूरा हुन दिन्छ वा दिँदैन भन्ने छ। अध्यक्ष साँवाको भनाइमा सम्भवतः कोरियाली पक्षले सरकारलाई साथ दिनेछैन।

■ **मधुसूदन पौडेल/काठमाडौं**



तस्वीर सौजन्य : देवेन्द्र सुवेदी

**नेपाली फुच्चेहरूले घरेलु मलेसियाविरुद्ध पहिलो खेलको पहिलो दिन नराम्रो सुरुवात गर्दा पहिलो चरणबाटै बाहिरिने अनुमान गरिएको थियो । तर, खेललाई बराबरीमा राख्दै नेपाली फुच्चे क्रिकेटरहरूले आफ्नो लडाकु स्वभाव प्रमाणित गरिदिए ।**

# फुच्चेहरूको धमाका

**नेपालका फुच्चे क्रिकेटरहरूले** अन्तर्राष्ट्रिय क्रिकेटमा एकपल्ट फेरि उत्कृष्ट प्रदर्शन गरेर कौशल देखाएका छन् । नेपालको युथ-१५ क्रिकेट टोलीले टेस्ट र एकदिवसीय मान्यता नपाएको एसियाली राष्ट्रमाझ एकपल्ट फेरि आफूलाई उत्कृष्ट राष्ट्रको रूपमा स्थापित गरेको छ ।

मलेसियाको राजधानी क्वालालम्पुरमा भर्खरै भएको एसिसी युथ-१५ इलायट समूहको क्रिकेट प्रतियोगिता नेपालले जितेको छ । तीन साता लामो यो प्रतियोगितामा नेपालसहित मलेसिया, हङकङ, सिंगापुर, अफगानिस्तान, बहराइन, युनाइटेड अरब इमिरेट्स (युएई) र कुवेत सम्मिलित थिए । नेपाल प्रतियोगिता अवधिभर अपराजित रहँदै उपाधि जित्न सफल भयो । नेपाल आफूले खेलेको पाँच खेललाई बराबरीमा राख्दै अंकको आधारमा ऐतिहासिक उपलब्धि चुम्न सफल भयो । नेपालले तुलनात्मक रूपमा आफूभन्दा बलियो मानिएको र उपाधिको दाबेदार घोषणा गरिएको घरेलु मलेसिया र युएईलाई रोकेको थियो । खेलाडी छनोटमा देखिएको असमञ्जस्य र उमेर हदका कारण पहिलोपल्ट यो प्रतियोगितामा समावेश हुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, कुनै पनि प्रतियोगिताको अनुभव नबटुलेका नयाँ अनुहारलाई नेपाली टोलीमा स्थान दिइएको थियो ।

नेपाली फुच्चेहरूले घरेलु मलेसियाविरुद्ध पहिलो खेलको पहिलो दिन नराम्रो सुरुवात गर्दा पहिलो चरणबाटै बाहिरिने अनुमान गरिएको थियो । तर, खेललाई बराबरीमा राख्दै नेपाली फुच्चे क्रिकेटरहरूले आफ्नो लडाकु स्वभाव प्रमाणित गरेका थिए । नेपाल समूहगत खेलमा मलेसिया, हङकङ र सिंगापुरसँग भिडेको थियो । समूहको दोस्रो खेल हङकङविरुद्ध स्तरीय प्रदर्शन गरेको नेपाल वर्षाका कारण विजयविमुख भए पनि बराबरीबापत राम्रो अंक बटुल्न सफल भयो । मलेसियाविरुद्ध ९ अंक पाएको नेपालले हङकङसँग १० बोनस अंक पाएको थियो । सिंगापुरविरुद्ध अझ तिखारिएको प्रदर्शन गरेको नेपालले बराबरी खेले पनि बहुमूल्य १३ बोनस अंक जोड्ने क्रममा आफूलाई समूहको उपविजेता घोषित गर्दै सेमिफाइनलको यात्रा तय गरेको थियो । मलेसियाले हङकङ र सिंगापुरलाई हराउँदै ५५ बोनस अंकका साथ समूह विजेताको रूपमा आफ्नो दाबेदारीलाई सशक्त पारे पनि घरेलु टोली मलेसिया सेमिफाइनलमा अर्को समूहको उपविजेता टोली युएईबाट पछारिन पुगेको थियो ।

नेपालले सेमिफाइनलमा समूह 'बी'को विजेता बहराइनलाई बराबरीमा रोक्दै राम्रो बोनस अंकका साथ फाइनलको यात्रा तय गर्‍यो । नेपालले सेमिफाइनलमा १४ अंक र बहराइनले ७ अंकमात्र जोड्न सफल भयो । उपाधिको दाबेदार युएईलाई फाइनलमा फेरि बराबरीमा रोक्दै नेपालले अंकको आधारमा ऐतिहासिक उपलब्धि चुम्यो । फाइनलमा नेपालले युएईको आठ अंकको तुलनामा त्योभन्दा दोब्बर १६ अंक बटुलेको थियो । फाइनलमा नेपालले ३ सय ३ रनको विशाल विजय लक्ष्य युएईसामु राखेको थियो । पहिलो इनिङमा ७५ रनमै समेटिएको युएई फलोअन जोगाउन अक्षम भएको थियो । यस खेलमा युएईलाई पुनः ब्याटिङको निम्तो दिने आशा गरिए पनि प्रशिक्षक रोए डायसले सुरक्षित नीति अपनाउँदै आफ्ना फुच्चे क्रिकेटरहरूलाई नै ब्याटिङ गर्न लगाएका थिए ।

'म कुनै किसिमको जोखिम उठाउन चाहँदैनथेँ । पहिलो इनिङमा विशाल रन बनाएपछि बोनस अंकको आधारमा हामी धेरै माथि परिसकेका थियौँ', आफ्नो प्रशिक्षकत्वमा नेपालले जितेको थुप्रै अन्तर्राष्ट्रिय उपाधिमा यो सफलतालाई उत्कृष्ट मानेका डायस भन्छन् । 'कुनै पनि प्रतियोगिताको अनुभव नै नबटुलेका खेलाडीले यस्तो कठिन उपाधि जित्नु भनेको चमत्कार नै हो । तर, योभन्दा पनि नेपाली खेलाडीले अन्तर्राष्ट्रियस्तरमै आफूलाई प्रमाणित गरेका छन्', उनको कथन छ ।

नेपालले गत वर्ष युएईमा भएको युथ-१५ एसिसीकपको फाइनलमा अफगानिस्तानलाई हराएर उपाधि जितेको थियो । त्यति बेला नेपाली खेलाडीको उमेरलाई लिएर विवाद उठेको थियो । 'त्यसैले यसपालि हामीले कलिला खेलाडी चयन गरेका थियौँ', आफूले छनोट गरेका फुच्चे र अनुभवहीन खेलाडीको सफलताबाट दंग छनोट समितिका प्रमुख विजय शर्मा भन्छन् । एसियाली क्रिकेट महासंघ (एसिसी)ले उमेरलाई विशेष ध्यान दिए पनि यसपालिको प्रतियोगितामा पनि अफगानिस्तान, मलेसिया र हङकङ विशुद्ध रहन सकेनन् । एसिसीले अफगानिस्तानका नौजना खेलाडीको उमेर परीक्षण गर्नुका साथै दुईजनालाई खेल्न रोक लगाएको थियो । यसैगरी मलेसियाको राष्ट्रिय टोलीबाट प्रतिनिधित्व गरिसकेका २ खेलाडी समावेश थिए भने भर्खरै नेपालमा भएको युथ-१९ एसिसीकपमा हङकङको टोलीमा समावेश रहेका एक खेलाडी पनि सम्मिलित थिए ।

'सबै टोलीलाई हेर्दा नेपाल र युएईले मात्र उमेरलाई बढी ध्यान दिएको देखिन्थ्यो', प्रतियोगिताको समाचार संकलनका लागि मलेसिया गएका खेल पत्रकार देवेन्द्र सुवेदी भन्छन् । उनका अनुसार यो प्रतियोगिताबाट नेपालले सुवेन्दु पाण्डे र कृष्ण कार्कीको रूपमा दुई होनहार युवा खेलाडी पाएको छ । नेपालगन्जका सुवेन्दु प्रतियोगिताकै उत्कृष्ट ब्याट्सम्यान घोषित भएका थिए । मलेसियासँग पहिलो खेल नखेलेका सुवेन्दुले ४ खेलमा ३ अर्धशतकको सहयोगले २ सय ३९ रन बनाएका थिए । उनी युएईसँगको फाइनलमा दुवै इनिङमा ५१ र ८२ रन बनाएर 'म्यान अफ द म्याच' पनि घोषित भएका थिए । वीरगन्जका अर्का युवा खेलाडी कृष्ण कार्कीले ५ खेलमा २० विकेट लिएका थिए । नेपाल प्रतियोगिताको अनुशासित टोली पनि भएको थियो । प्रतियोगितामा कप्तान पृथु बास्कोटा, विवेक दली, प्रदीप ऐर, रोचक भट्ट, सुरेन्द्र चन्दले स्तरीय प्रदर्शन गरेका थिए ।

■ **नवीन अर्याल/काठमाडौं**



# उलटफेरको संकेत

**बहुप्रतीक्षित** अठारौं विश्वकप फुटबल प्रतियोगिता सुरु भएको एक साता बित्दा युरोप र दक्षिण अमेरिकी राष्ट्रहरूले सानदार सुरुवात गरेका छन्। ३२ वर्षपछि विश्वकपमा फर्किएको अस्ट्रेलियाले पहिलो खेलमै जहाँ आफ्नो दह्रो उपस्थिति देखाएको छ, अफ्रिकी राष्ट्रहरूले फेरि एकपल्ट प्रशंसा लुटेका छन्। एसियाली राष्ट्रहरूमा दक्षिण कोरियाबाहेक अन्य कुनै पनि राष्ट्रले गतिलो सुरुवात गर्न सकेनन्।

यसपालि पनि विश्वकपको दाबेदार मानिएको ब्राजिलले विजयी सुरुवात गरेको छ। छैटौंपल्ट विश्वकप जित्ने सपना बोकेर जर्मनी पुगेको ब्राजिलले संघर्षपूर्ण पहिलो खेलमा क्रोएसियालाई १-० गोलले हरायो। सन् १९९४ को विश्वकप ब्राजिललाई दिलाइसकेका अनुभवी प्रशिक्षक कार्लोस अल्बर्टो परेइराको नेतृत्वमा फेरि उत्रिएको ब्राजिली टोलीमा तीनपल्टको फिफा वर्ष खेलाडी र चालू विश्वकपको सर्वाधिक गोलकर्ता रोनाल्डो, विश्वकपमा सबैभन्दा धेरै उपस्थिति जनाउने इतिहासलाई आत्मसात गरेका कप्तान काफु, फिफा वर्ष खेलाडी रोनाल्डिन्होजस्ता चर्चित अनुहार भए पनि ब्राजिलले सुरुवात भने गतिलो लिएन। तर, यही प्रदर्शनलाई आँकेर ब्राजिललाई कमजोर मान्ने धृष्टता अरू टोलीले गरेका छैनन्। ब्राजिलले १ हजार ४ सय ७१ दिनअघि दक्षिण कोरियाको उल्सानमा टर्कीलाई २-१ ले पराजित गरेयता विश्वकपमा कीर्तिमानी आठौं जित हासिल गरिसकेको छ।

विश्वकप जित्ने अभियानमा ब्राजिलसँगै समानरूपले आफ्नो दाबेदारी प्रस्तुत गरेको अर्को दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिनाले पनि विजयी सुरुवात गरेको छ। समूह 'सी'अन्तर्गत विश्वकपकै सबैभन्दा कडा समूह 'ग्रुप अफ डेथ'मा समावेश अर्जेन्टिनाले विश्व फुटबलमा उदाउँदै गरेको नयाँ अफ्रिकी राष्ट्र आइभरी कोस्टलाई २-१ ले पराजित गर्‍यो। यही समूहमा युरोपको अर्को शक्ति राष्ट्र नेदरल्यान्डले विश्वकपमा पहिलोपल्ट समावेश भएको सर्वियालाई १-० ले पराजित गर्दै आफ्नो बलियो उपस्थिति जनाएको छ।


दक्षिणकोरियाविरुद्ध गोल गरेपछि चिरपरिचित अन्दाजमा खुशी व्यक्त गर्दै टोगोका खेलाडीहरू

विश्वविजेता अन्य टोलीको हकमा सन् १९६६ मा आफ्नै घरेलु मैदानमा पहिलोपल्ट विश्वकप जितेको इङ्ल्यान्ड, तीनपल्ट विश्वकप जितिसकेको आयोजक जर्मनी, तीनपल्टकै विश्वविजेता इटालीले विजयी सुरुवात गरे पनि सन् १९९८ को विश्वकप विजेता फ्रान्सले निराशाजनक सुरुवात गरेको छ। फ्रान्सलाई पहिलो खेलमै स्विजरल्यान्डले गोलरहित बराबरीमा रोक्दै समूह 'जी'मा अप्ठेरो पार्ने छाँट देखाएको छ। फ्रान्स सन् २००२ को विश्वकपमा एक गोल पनि नगर्दै पहिलो चरणबाटै बाहिरिन पुगेको थियो। सो विश्वकपमा पहिलोपल्ट समावेश सेनेगलसँग समेत फ्रान्स पराजित भएको थियो।

विश्वकपमा सहभागी ३२ राष्ट्रको समूह चरणअन्तर्गतको पहिलो १६ खेललाई हेर्दा यसपालि पनि केही स्तब्ध नतिजा आउने सम्भावना बढेर गएको छ। चेक गणराज्य, आइभोरी कोस्ट, त्रिनिडाड एन्ड टोबागो, सर्विया, अंगोला, अस्ट्रेलिया, टोगो र युक्रेनजस्ता राष्ट्रले समूह चरणको खेलमा प्रभाव पार्ने छाँट देखाएका छन्।

## समीकरण

### समूह 'ए'को

पोल्यान्डमा जन्मिएका प्रभावशाली स्ट्राइकर लुकास पोडोलस्की र मिरोस्लाभ कोल्सको दह्रो उपस्थितिका कारण विश्वकपको उद्घाटन खेलमै कोस्टारिकालाई ४-२ गोलले हराएको आयोजक जर्मनी यति बेला झन् बलियो देखिएको छ। जर्गन क्लिन्सम्यानको प्रशिक्षकत्वमा उत्रिएको जर्मनी दोस्रो चरणमा सहजै प्रवेश गर्ने आशा गरिए पनि दक्षिण अमेरिकी राष्ट्र इक्वेडरसँग दुर्भाग्यपूर्ण २-० गोलको पराजय व्यहोरेको पोल्यान्डको सम्भावना कमजोर बन्न पुगेको छ।

### समूह 'बी'

विश्वकपमा पहिलोपल्ट समावेश भएको उत्तर अमेरिकी राष्ट्र त्रिनिडाड एन्ड टोबाकोले पहिलो खेलमै युरोपको बलियो स्विडेनलाई गोलरहित बराबरीमा रोकेपछि यो समूहको समीकरण बिथोलिने सम्भावना बढेको छ। यसअघि इङ्ल्यान्ड र स्विडेनलाई समूह 'बी'बाट अन्तिम १६ मा छनोट हुने राष्ट्रको रूपमा हेरिएको थियो। तर, पूर्व विश्वविजेता इङ्ल्यान्ड दक्षिण अमेरिकी राष्ट्र पाराग्वेसँग १-० ले मात्र विजय हुनु (पाराग्वेको आफ्नै आत्मघाती गोलका कारण)ले पनि यो समूहलाई झन् बढी रोचक बनाएको छ। स्विडेन ३६ वर्षको अन्तरालमा इङ्ल्यान्डसँग भएको ११ भिडन्तमा अपराजित रहँदै आइरहेको छ।

### समूह 'सी'

ग्रुप अफ डेथको संज्ञा पाएको यो समूहमा अर्जेन्टिना र नेदरल्यान्डले विजयी सुरुवात गरे पनि पहिलोपल्ट विश्वकप खेलिरहेका अफ्रिकाको बलियो आइभोरी कोस्ट र युरोपको सर्वियाको गतिलो प्रदर्शनका कारण दोस्रो चरणमा प्रवेश पाउने राष्ट्रका लागि कडा प्रतिस्पर्धा हुने देखिएको छ। अर्जेन्टिनाले आफ्नो



अठारौं विश्वकपअन्तर्गत पहिलो चरणको १६ खेल सम्पन्न भइसकेका छन् । सबै राष्ट्रले एक-एक खेल खेलिसकेका छन् । १६ खेल सम्पन्न हुँदा ३९ गोल भइसकेका छन्, जसमा इङल्यान्डविरुद्ध पाराग्वेका कप्तान कार्लोस गामाराले आफ्नै गोल पोस्टमा आत्मघाती गोल गरेका थिए । बाँकी २० देशका ३२ खेलाडीले विपक्षी टोलीविरुद्ध गोल गरिसकेका छन् । आयोजक जर्मनीका फिलिप लाहमले विश्वकप सुरु भएको ६ मिनेटमै पहिलो गोल गरेका थिए भने स्पेनका डेभिड भिला यसपालिको विश्वकपमा पेनाल्टी प्रहारमार्फत गोल गर्ने पहिलो खेलाडी बन्न पुगेका छन् ।

**२ गोल गर्ने खेलाडीहरू** : टिम काहिल (अस्ट्रेलिया), मिरोस्लाभ क्लोस (जर्मनी), टोमस रोसिस्की (चेक गणराज्य), ब्राभो ओमार (मेक्सिको), पाउलो वान्चुप (कोस्टारिका), डेभिड भिला (स्पेन)

**१ गोल गर्ने खेलाडीहरू** : जोन अलोइसी (अस्ट्रेलिया), जिन्हा (मेक्सिको), अगस्टिन डेलगाडो र कार्लोस टेनोरिओ (इक्वेडर), भिन्सेन्जो इक्विन्टा र आन्द्रेइ पिर्लो (इटाली), यान कोलर (चेक गणराज्य), आन जुंग ह्वान र ली चुन सू (दक्षिण कोरिया), हर्नान क्रेस्पो र जाभियर साभिओला (अर्जेन्टिना), डिडियर ड्रोग्बा (आइभोरी कोस्ट), टोर्सटेन फ्रिङ्स र फिलिप लाहम (जर्मनी), याभा गुल मोहम्मद (इरान), काका (ब्राजिल), मोहम्मद कादेर (टोगो ), सुनसुकी नाकामोरा (जापान), पाउलेटा (पोर्चुगल), आर्जेन रोबेन (नेदरल्याण्ड), फर्नान्डो टोरेस र जाभिओलन्सो (स्पेन), जइद जजिरी र राधी जाइदी (ट्युनेसिया), यासेर अल खातानी र सामी अल जावेर (साउदी अरेबिया)



टोमस रोसिस्की

पहिलो खेलमा आइभोरी कोस्टलाई २-१ ले पराजित गरेर महत्त्वपूर्ण तीन अंक बटुले पनि आइभोरी कोस्टले कुनै पनि बेला ठूलो उलटफेर गर्न सक्ने क्षमता देखाएको छ । युरोपको बलियो फुटबल क्लबबाट व्यवसायिक फुटबल खेल्ने खेलाडीहरूले भरिपूर्ण भएको आइभोरी कोस्टमा युरोपको अभागी टोली मानिने नेदरल्यान्डलाई रोक्ने क्षमता पनि देखिएको छ । नेदरल्यान्ड आफ्नो पहिलो खेलमा सर्बियासँग १-० को झिनो अन्तरले विजयी भयो । युरोपकै चर्चित विङ्गर आर्जेन रोबेनले खेल सुरु भएको १८ मिनेटमै अग्रता दिलाए पनि सर्बियाले बाँकी ७२ मिनेटसम्म पूर्व युरोपियन विजेता डच टोलीलाई रोकेर राखेको थियो ।

## समूह 'डी'

यो समूहमा एसियाको बलियो राष्ट्र इरान सहभागी भए पनि पहिलो खेलमै मेक्सिकोविरुद्ध ३-१ गोलको पराजयले उसको दोस्रो चरण प्रवेशको सम्भावनालाई गम्भीर धक्का लागेको छ । युरोकपको उपविजेता पोर्चुगलले पहिलोपल्ट विश्वकपमा प्रवेश पाएको अफ्रिकी राष्ट्र अंगोलासँग कठिन १-० को विजय हात पारेको छ । यो समूहमा पोर्चुगालको दोस्रो चरणको सम्भावना बलियो देखिए पनि विश्वकपको नवप्रवेशी टोली अंगोलाको प्रभावशाली प्रदर्शनका कारण मेक्सिकोलाई माथिल्लो चरणमा उक्लिन कडा संघर्ष गर्नु पर्ने देखिएको छ । मेक्सिकोसँगको फितलो प्रदर्शनका कारण इरानको सम्भावनामा आघात पुगे पनि दोस्रो चरण प्रवेशको सम्भावना पूरै समाप्तचाहिँ भइसकेको छैन ।

## समूह 'इ'

तीनपल्टको विश्व च्याम्पियन इटाली र पछिल्लो समय युरोपेली फुटबलमा उदाउँदै गरेको चेक गणराज्यको बलियो उपस्थितिका कारण यो समूहमा ठूलै उलटफेरको सम्भावना निकै कम छ । त्यसमाथि पनि दुवै युरोपेली राष्ट्रले आफ्नो पहिलो खेलमा गतिलो विजय हात पारिसकेका छन् । इटालीले पहिलो खेलमा विश्वकपको नवआगन्तुक अफ्रिकी राष्ट्र घानालाई २-० ले हराइसकेको छ भने पूर्व चेकोस्लाभियाबाट टुक्रिएर नयाँ राष्ट्रको मान्यता पाएको चेकले लामो समयदेखि विश्वकपमा सहभागी हुँदै आइरहेको अमेरिकालाई नराम्ररी ३-० को नतिजाले हराइसकेको छ । चेकको यो पहिलो विश्वकप सहभागिता भए पनि यो देशले २ वर्षअघि पोर्चुगलमा भएको युरोकपमा तहल्का मचाइसकेको छ । चेकले युरोकपमा सेमिफाइनलको यात्रा तय गरेको थियो । हाल फिफा वरीयतामा विश्व च्याम्पियन ब्राजिलपछि दोस्रो स्थानमा रहेको चेकले यो विश्वकपमा लामै यात्रा तय गर्ने छाँट देखिइसकेको छ ।

## समूह 'एफ'

पाँचपल्टको विश्व च्याम्पियन ब्राजिल, युरोपको उदाउँदो क्रोएसिया, ३२ वर्षपछि विश्वकपमा फर्किएको अस्ट्रेलिया र एसियाको जापान सम्मिलित यो समूहमा ब्राजिल र अस्ट्रेलियाले विजयी सुरुवात गरेका छन् । ब्राजिलले संघर्षमय खेलमा क्रोएसियालाई १-० ले हराएपछि विश्व च्याम्पियन टोलीको विदेशी सञ्चारमाध्यमहरूले आलोचनामात्र गरेका छैनन्, क्रोएसियालाई दोस्रो चरणमा प्रवेश पाउने बलियो टोलीको उपमा दिएका छन् । तर, तीन दशकपछि चामत्कारिक प्रशिक्षक गुस हिडिन्कको नेतृत्वमा उत्रिएको अस्ट्रेलियाले एक गोलले पछाडि परेको अवस्थालाई उल्टाउँदै जापानविरुद्ध अन्तिम आठ मिनेटमा तीन गोल फर्काउँदै ऐतिहासिक जित दर्ता गराएको छ । पछिल्लो कन्फिडरेसन कपमा ब्राजिललाई २-२ गोलको बराबरीमा रोकेर विश्वकपमा ठूलै उलटफेर गर्ने आशा देखाएको जापानका खेलाडीहरू अस्ट्रेलियाविरुद्धको खेलमा शारीरिक रूपमा निकै कमजोर देखिएका थिए । क्रोएसियाको स्तरीय प्रदर्शन, अस्ट्रेलियाको प्रभावशाली प्रदर्शनका कारण यो समूहमा ब्राजिलबाहेक यी दुईमध्ये कुनै एक टोली दोस्रो चरणमा प्रवेश गर्ने सम्भावना छ ।

## समूह 'जी'

पूर्व विश्व च्याम्पियन फ्रान्सलाई पहिलो खेलमै स्विजरल्यान्डले गोलरहित बराबरीमा रोकेपछि यो समूहमा एसियाको बलियो राष्ट्र दक्षिण कोरियाको दोस्रो चरण प्रवेशको सम्भावना बलियो बन्न पुगेको छ । गत विश्वकपमा सेमिफाइनलसम्म पुगेको कोरियाले आफ्नो पहिलो खेलमा विश्वकपको नवप्रवेशी अफ्रिकी राष्ट्र टोगोलाई २-१ गोलले पराजित गर्दै महत्त्वपूर्ण तीन अंक जोडिसकेको छ । स्विजरल्यान्डविरूद्धको खेलमा देखिएको फ्रान्सको फितलो प्रदर्शनले यो समूहमा टोगोको दोस्रो चरण प्रवेशको सम्भावनालाई पनि बलियो बनाएको छ । कोरियाविरुद्धको खेलमा टोगोले प्रभावशाली प्रदर्शन गर्ने क्रममा गोल अग्रता लिएको थियो ।

## समूह 'एच'

युरोपको अभागी देशको रूपमा चिनिने स्पेनले ४-० गोल अन्तरले विश्वकपको नवप्रवेशी युक्रेनलाई हराउँदै यसपालिको विश्वकपमा आफू उपाधिको हकदार रहेको प्रमाणित गर्न खोजेको छ । स्पेनसँगको खेलको मध्यमा केही राम्रो प्रदर्शन गरे पनि युक्रेन सुरुवातमै खान पुगेको दुई गोलको कारण अन्तिमसम्म सम्हालिन पाएन । तर, यो टोलीमा पनि दोस्रो चरणमा प्रवेश पाउने प्रशस्त सम्भावना देखापरेका छन् । यही समूहमा समावेश अफ्रिकी राष्ट्र ट्युनेसिया र एसियाको साउदी अरेबियाबीचको खेल २-२ गोलको बराबरीमा समाप्त हुनुले पनि युक्रेनको सम्भावनालाई जीवितै राखेको छ । यति मात्र होइन, अफ्रिका र एसियाली राष्ट्रबीचको नतिजाले विश्वकपको दोस्रो चरणमा प्रवेश पाउने युक्रेन, ट्युनेसिया र साउदी अरब, तीनै देशको सम्भावनालाई खुला राखेको छ । ■

# वैचारिक कविताहरू




**पछिल्लो पुस्ताका** अधिकांश कविमा वैचारिक अस्पष्टता छ, म के लेख्दै छु भन्ने कुराको समेत भेउ छैन उनीहरूलाई । वैचारिक स्पष्टतासाथ सामाजिक विषयमा कलम चलाउने कविहरू औंलामा गन्न सकिन्छ । यति हुँदाहुँदै पनि दर्जनौं कविता कृति छापेर आफूलाई अब्बल दर्जाको कवि ठान्ने प्रवृत्ति यथावत् छ । अहिले बजारमा कविताको नाममा आएका अधिकांश रचना आफैमा दिग्भ्रमित छन्, न वैचारिक पक्ष नै सबल छ, न कलात्मकता । केही कविलाई भ्रम छ, बिम्ब- प्रतीकले सुन्दर कविता बन्छ भन्ने । तर, शब्दजाल अनि बिम्वप्रतीकको जलपले मात्र सही कविता सिर्जना हुन सक्दैन, यदि वैचारिक पक्ष कमजोर छ भने ।

तर, करिब डेढ दशकदेखि सिर्जना यात्रामा लागेका कविद्वय पदम गौतम र चंकी श्रेष्ठका दुई काव्यकृतिले युगीन यथार्थ, सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको सशक्तरूपमा चित्रण गरेका छन् । गौतमको 'रगतको शयनकक्षमा' र श्रेष्ठको 'कायाकल्प' नामक कविता किताब पढ्दा लाग्छ - काव्यिक चेतनाको हिसाबले कविद्वय अग्रस्थानमा छन् । अन्याय, अत्याचार, शोषण, पाखण्ड, धोका, बेइमानजस्ता सामाजिक कुकृतिविरुद्ध सशक्त आवाज छ, कवितामा । सामाजिक विकृति, विसंगतिमाथि प्रहार छ अनि जीवनका शाश्वत पक्षको खोजी । कवि गौतमको दाँजोमा श्रेष्ठको प्रस्तुति आक्रमक छ, भलै गन्तव्य उही भए पनि ।

कवि श्रेष्ठ सिर्जनाको उद्देश्यबारे भन्छन्, 'मानद्रेषी व्यवस्था र पाखण्डलाई कसरी धराशायी पार्न सकिन्छ ? कविता लेख्दा म यही सोचिरहेको हुन्छु ।'

साहित्यले आम जनसरोकारका विषय उठान गर्न नसकेको ठम्याइ छ, कवि गौतमको । उनी भन्छन्, 'हामी सर्जकहरूले अब रचना कुन स्तरका जनताका लागि भन्ने प्रश्नको उत्तर दिनुपर्ने भएको छ ।'


वास्तवमा, कवितामा खरो विचार ओकल्छन् श्रेष्ठ, सामाजिक पाखण्डविरुद्ध । सामाजिक अन्याय र अत्याचारविरुद्ध नांगिनुलाई पनि एउटा हतियारका रूपमा चित्रण गरेका छन् उनले । मणिपुरमा सैनिकले एउटी क्रान्तिकारी महिलाको सामूहिक बलात्कार हत्या गरे । त्यसको विरोधमा त्यहाँका युवतीले नांगो जुलुस निकालेर आततायी सैनिकलाई चुनौती दिँदै भने, 'सक्छौ भने हामीलाई पनि बलात्कार गर ।' यस्तै सामाजिक बेथिति समेटिएको कवि श्रेष्ठको 'हतियार' कविता बेजोड छ ।

***जब निर्दोष अफगानी नागरिक बस्तीमा***  
***मानवीय संहिताविरुद्ध भइरहेको थियो भारी बमवर्षा***  
***नांगिएर प्रदर्शन गर्दै कालो झन्डा***  
***कोसियाली एक किशोरीले बेलायती राजकुमारलाई सोधिन्–***  
***नांगी आइमाई र तिम्रो देशबीच को बढी नांगो छ राजकुमार ?***

कवि श्रेष्ठको सिर्जनाको क्षितिज साँगुरो छैन । उनले कवितामा अन्तर्राष्ट्रिय घटनाक्रमलाई दृष्टान्तको रूपमा प्रस्तुत गर्दै मानवमाथिका अत्याचारको पर्दाफास गरेका छन् । फौजी दमनविरुद्ध सत्याग्रह छेडेकी इरोम शर्मिलाको कथावस्तुमा 'कायाकल्प'मा उतारिएको छ भने अमेरिकी युवती रासेल कोरी, जो बुल्डोजरको पेलाइबाट मारिएकी थिइन्, उनको स्मरण पोखेका छन् 'अन्धाको रंग'मा । कवि श्रेष्ठका 'क्रान्तिको पाठशाला', 'म यो स्वतन्त्र भूमिको कैदी', 'हतियारनिर्माता', 'आत्माको हत्याविरुद्धमा' 'अब सत्यलाई पनि...'लगायत कवितामा समाजको सक्क्ली अनुहार उदांगो भएको छ । समालोचक नेत्र एटम भन्छन्, 'समसामयिक विषयवस्तुलाई बिम्वका रूपमा समेटेर वैचारिकता प्रस्तुत गर्ने भएकाले चंकीका कविता सशक्त छन् र यी पछिसम्म दीर्घजीवी बन्न सक्छन् ।

अहिले समाज वास्तवमै प्रतिगमनकारी भएर उल्टो दिशामा हिँडेको छ । सामाजिक मूल्य मान्यता विघटित भएका छन्, न्यायिक संरचना क्षतविक्षत छन्, निर्दोषलाई हतकडी लगाउन उद्दत न्यायाधीशबाट न्यायको अपेक्षा गर्नु बेकार छ । कवि गौतमको 'न्यायालय'ले सामाजिक निरंकुशताको चित्रण गरी जसको शक्ति उसको भक्ति उखान चरितार्थ भएकोतर्फ इंगित गरेको छ ।

आधुनिकताले मानव जीवनमा धेरै परिवर्तन ल्याएको छ । तर, मानिस उति नै अन्योलपूर्ण जीवन




बाँचिरहेको छ, कष्ट झन् थपिइरहेछ जीवनमा । आधुनिक सुविधा सम्पन्न भए पनि बैचैनी छ मानिसमा । पाखण्डतर्फको यात्रा द्रुतगतिमा बढिरहेको छ, त्यसैले धेरै सवाल यक्ष प्रश्न बनेर उभिएका छन् । यथार्थमा भन्ने हो भने यो आधुनिकताप्रतिको व्यंग्य हो ।

***यस बेला हामी यस्तो चौबाटोमा छौं***  
***जहाँको समय कसैलाई थाहा छैन***  
***समय स्वयं पनि***  
***समयबारे अनभिज्ञ छ***  
***यस बेला समय***  
***स्वयं घन्टाघर खोजिरहेछ***  
***कति बज्यो होला ?***  
***अब उज्यालो हुन्छ कि अँध्यारो ?***

कवि गौतमका 'थुक्क साला काठमाडौं', 'रातो नदी र देश', 'बागमती अब तँ बग्नुपर्छ', 'बाँदरको कथा'लगायत कविता सशक्त छन् । कवि गौतमका कविताको विशेषता भनेको वैचारिक स्पष्टता हुँदाहुँदै पनि कोमलता पनि हो । कवि विमल निभा गौतमको कविताबारे भन्छन्, 'पदम अहिलेका सचेत कवि हुन्, कलात्मक सुझबुझका साथ उनी कलम चलाउँछन् र उनलाई म के लेख्दै छु भन्ने पुरापुर ज्ञान छ ।'

समग्रमा भन्नुपर्दा कवितामा स्तरीय किताबको खडेरी लागेका बेला तन्नेरी कविद्वय गौतम र श्रेष्ठका कविताले सही मूल्यमान्यताको पक्षमा वकालत गर्दै न्यायपूर्ण सामाजिक भावना ओकलेका छन् ।

■ **छत्र कार्की**



# दशमलवपछिको एउटा जिन्दगी

■ बाबुराम लामिछाने

**अपहरण मुक्त** हुने कुरा चाल पाएर कुलरत्न एकछिन त हक्क न बक्क भए । 'मर्न तयार भइरहेका बेला कहाँ जिउने कुरा आयो यो' भनेजस्तो विरोधाभास भाव उनमा जागृत भयो । 'तँ नाथेलाई के मार्नु' भनेर बाघले छोडिदिएको स्याल जस्तै हुन पुगे उनी । उनको चेतनामा तेजाब परे जस्तै भयो । अन्तरात्मा हुइँय्याँ हुइँय्याँ गर्न थाल्यो ।

'ओह ! कस्तो कठिन परीक्षाको घडी आयो अब मेरो जीवनमा ! अपहृत भएदेखि नै सम्भावित मृत्युको निकट निकट रहेर एकप्रकारले जीवनको आशा मारिसकेको, निथ्रिइसकेको, निचोरिइसकेको म जस्तोले फेरि जीवनमा फर्केर मान्छेको भूमिका निर्वाह गर्नु पर्ने भयो । आकृतिमा मान्छे तर प्रकृतिमा अर्कै हुनु पर्ने भयो । शरीरभरि दौडने रगतमा, मन-मस्तिष्क र संवेदनशीलतामा जति बेला पनि आफ्नै कायरताको चिच्याहट मैले सुन्नु पर्ने भयो । आफैलाई बलात् थिच्नु पर्ने भयो । स्वाधीनता अकल्पनीय रुपमा गुमाउनु पर्ने भयो । सारा अपमान घुटुघुटु निल्दै जीवनको श्वेत वस्त्रलाई सीमान्तमा पुगेर मैलो र झुत्रो पार्नु पर्ने भयो अब मैले !'

यस्तो सोचाइमा उनिँदै त्यतै कतै अल्झिरहेकै बेला आफूलाई ढाकिरहेको लौह प्रकारको डब्बाको बिर्को उघारिएको देखे उनले । त्यहाँबाट एक टुक्रा आकाश दृष्टिगोचर भयो । चौपाया उठे जस्तै उठे । कसैले प्रायोजित प्रकारको लाममा लगेर उभ्यायो । कसैले उनलाई माला लगाइदियो । कसैले उनलाई अबीर लगाइदियो । स्याललाई माला र अबीर लगाइदिएको जस्तो लाग्यो उनलाई । झिलिक्क झिलिक्क फोटो उतारेको दृश्य आँखामा पर्न आयो । रंग लाग्यो उनलाई । कसैले उनीसँग हात मिलायो । कम्ब्याट ड्रेस र हातहतियारले सुसज्जित मानिससँग हात मिलाउँदा कुनै यन्त्रसँग हात मिलाए जस्तो भान भयो । लामो सास फेरे । कसैले उनको जिम्मा लिएर कागज गरिदिएको थाहा लाग्यो । मनमा अनेक तरंग उठे । अचम्म मान्दै, जसले जे अह्राउँछ त्यही गर्दै जाँदा अन्ततः उनले आफूलाई काठमाडौंको कुनै एउटा अस्पतालमा ल्याइपुऱ्याइएको चाल पाए । जहाँ पत्नी अलका, छोरा नक्षत्र, छोरी उपमा र केही शुभचिन्तकहरू आकुलतापूर्वक उनको प्रतीक्षामा खडा देखिए ।

ती सबका आँखामा भदौरे नारायणी खतराको अन्तिम चिन्हभन्दा केही तल जुन बगिरहेको थियो- कल्लोल गर्दै, त्यसलाई उनले मनन गरे । आफूलाई संयमित राख्न खोज्दाखोज्दै पनि कुनै खोलो जस्तै हुत्तिँदै उनी त्यहाँ मिसिन पुगे । कयौं डुबुल्की लगाए । नक्षत्र र उपमालाई एउटा एउटा कोखिलोमा च्यापेर पत्नी अलकाको हात समाए र हिँड्न थाले । सजल आँखाले अरूलाई हेर्दै । अवसाद, कल्मष केही पखालिए जस्तो भयो । मिलनले उनलाई सजीवताको नवीन अनुभव गरायो । उनले भने, 'भेट भयो त !'

भदौरे नारायणी झन कल्लोल गर्दै बग्न थालेको सुने उनले ।

त्यही कल्लोल, तिनै परिजनहरूलाई अघि पछि लगाउँदै अस्पतालमा प्रवेश गर्दै गए । मान्छेहरूको घुइँचोबीच मुस्किलले यता उति गर्दै जाँदा मान्छेको भीडमा एउटा स्याल पसे जस्तै भान भयो उनलाई । कसैले 'स्याल ! स्याल !!' भनिहाल्छ कि जस्तो भएर अनुहार लुकाउन गाह्रो भयो । जसोतसो परीक्षणको काम सम्पन्न भयो । डाक्टरले भने, 'तपाईंलाई ठिक छ, त्यस्तो केही भएको छैन कुलरत्नजी ।' आवाज सुनेर उनी झस्के । अप्रत्यासित जस्तो । उनले भने, 'म ठिक छु ? मलाई केही भएको छैन ?'

यसरी कति दिनपछि उनको बोली फुट्यो । आफूखुसी बोल्न पाए र आफूलाई केही नभएको नवीन प्रकारको जानकारी पनि उनलाई मिल्यो ।

उनको भावभंगिमा देखेर डाक्टर झट्ट त अलि असमञ्ज परे जस्ता भए । केही संयमित तर तीखो नजरले डाक्टरले उनलाई हेरे । र, त्यहीं

उभिएकी अलकालाई इंगित गर्दै भने, 'लानु भए हुन्छ।' त यस किसिमका विधिविधान पश्चात् उनलाई गृहप्रवेश गराइयो।

ससंभ्रम पाइला उचाल्दै कुनै नौलो जीवभैंm घरभित्र छिरे उनी। बैठक कक्ष कम शयन कक्षमा पुग्दा त्यहाँको ऐनाले उनको मुखाकृति स्पष्ट देखाइदियो। आफूलाई देखेर झट्ट त उनी तर्से। यति बेरसम्म जसोतसो लुकाइराखेको भित्री रुप प्रकट हुन्छ कि जस्तो भयो। त्यसलाई कुनै गोपनीयतालाई झैं आफूमै समेट्तै सोफामा संकोचपूर्वक बसे। परिजन, इष्टमित्र र शुभचिन्तकद्वारा उनी घेरिए। उनको यथोचित खातिर हुन थाल्यो। अपहरणको दुःख र रिहाइको सुख आदानप्रदान हुँदै गयो। उनको संसार त्यत्रो ठूलो पनि थिएन। जत्रो थियो त्यो उनकै आकारप्रकारको थियो। त्यसमा थप भएका थिए विभिन्न मिडियाका केही संचारकर्मीहरू। सबैका अनुहारमा अनेक प्रश्न र कौतुहल थिए। तिनको समन गर्न खोज्दा रेबिजको भ्याक्सिन प्राप्त गरे जस्तै भयो उनलाई। तैपनि आफूलाई टकटक्याउँदा जे निस्क्यो, जे देखाउन मिल्यो त्यो उनले संक्षेपमा राखिदिए।

यसरी, यिनै-यस्तै रंगमा रंगमगिँदै साँझमा र साँझ पनि केही छिप्पिएको अलि सामसुम अवस्थामा आइपुगे उनी। नबसी नहुने केही आगन्तुकलाई कोठाचोटामा थान्कोमान्को लगाएपछि उनी, पत्नी अलका र सन्तानद्वय त्यही कोठामा एक-अर्काका सिरानी र शरणागत भएर आ-आफ्ना तापमान सुस्त सुस्त उतार्न थाले तिनले। छाला काडेर नुनचुक लगाए जस्तो जुन मानसिकता थियो त्यसलाई परस्परको सान्निध्य र आत्मीयताले पखालपुखुल र पुछपाछ गर्दै आआफ्नो निजत्वमा ती क्रमशः फर्कंदै आउन थाले। त्राण पाए जस्तै भएकोले एकै छिनमा निदाएर लामो लामो सास फेर्न थाले। मानौं आफूमा भरिएको अशान्तिको सास तिनले फेरिरहेका होउन्। र, सोधिरहेका होऊन्, 'मान्छेका जीवनसित हुने यस्ता खेलवाड कहिलेसम्म जारी रहन्छन् ?'

भोलिपल्ट बिहानको उज्यालो त्यसरी नै आयो र कुलरत्न ब्यूँझे, जसरी कहाँ के भयो भन्दै टाढा गएका मान्छेहरू घरमा आउँछन्। र, अनुरागले यताउता नियाल्न थाल्छन्। यस्तै स्पृहणीय मनस्थिति लिएर उनी उठे, प्रातःक्रियामा अल्झँदै यता उति दृष्टिपात गर्दै गए। कति दिनदेखि नकाटेका दाह्रीले जुम्सो देखाउँछ भन्ठानेर दाह्री काटे। नुहाईवरी ताजा भई सोफामा बसे, तर उनी त्यसरी ताजा हुन सकेनन्। खुल्न सकेनन्। त्यसरी उघ्रन सकेनन्। भित्र कहीं केही गडेर रहे जस्तो, बिझाइरहे जस्तो भयो उनलाई। छोरा नक्षत्र, छोरी उपमा, पत्नी अलका र केही आफन्तसँगै बसेर चिया सुरुप सुरुप पार्न र ताजा अखबारमा आँखा डुलाउन लागी परे। फोटो समेत राखेर अखबारले उनीबारे खबर छापेका थिए। रंग मान्दै सबैले आफूलाई त्यहाँ अल्झाउन थाले।

अपहरणमा परेदेखि उनको बारेमा अखबारमा छापिएका कुरा एकत्रित गरेर नक्षत्र र उपमाले जुन एउटा फायल नै खडा गरेका थिए त्यो उनका सामु राखिदिए तिनले। ती दुवै उनको दायाँबायाँ आएर बसे। उनले पाना पल्टाउँदै, हेर्दै गए। नक्षत्र र उपमाले बीचबीचमा किशोरवयजनित खुसीका चुट्की बजाउँदै गए। समाचार हुन सकेको गौरव मिश्रित भावना अनजानमै तिनमा प्रकट भएर आयो। उनी पनि त्यसमा सरिक हुँदै गए।

एवं रीतले, केही नभए जस्तो आश्वस्त भएर, रंग मान्दै गर्दा उनका चार पाँच दिन व्यतीत भए। छैटौं दिन घरमा कोही नभएको बेला उनलाई एकदमै न्यास्रो लागेर आयो। गहिरो एकान्तले चिल्दै ल्यायो। आफूलाई छल्न र समय क्षेपण गर्न तिनै अखबारका टुक्रा पनि मन बहलाउने सामग्री हुन पुगे। तिनलाई ओल्टाउँदै, पल्टाउँदै हेर्दै गर्दा 'मुक्त गर्न आग्रह' भन्ने शब्दावलीमा उनको अलि बढ्तै ध्यान गयो। विभिन्न संघ, संस्था, संगठन, व्यक्तिहरूले त्यस्तो आग्रह गरेका थिए। तिनलाई आभार, धन्यवाद जस्तो केही कुरा व्यक्त गर्न पर्दैन उनले ? उनी सोचमग्न भए। उनले आफूलाई आद्योपान्त नियाले र छामे। तर आफूमा त्यस्तो आभार, धन्यवाद, कृतज्ञताको भाव केही फेला पारेनन्। त्यसको गन्धसम्म पनि आएन उनलाई। 'के अपहरणको एउटै घटनाले सर्वस्व भयो - टाट पल्टियो मेरो ? फूलमा सुगन्ध जस्तै चेतनशीलतामा व्याप्त हुनु पर्ने, पत्रपत्रबाट गन्ध आउनु पर्ने त्यत्रो कुरा मलाई थाहासम्म भएन ! के भएको यो ? परिवारको एक ढिका आँसु र एक सुस्केरा जति पनि थिएन त त्यो ?'

उनमा जीवनप्रति जुन अनुराग देखा पर्न थालेको थियो त्यो फिका भएर आयो। जति उत्साहित हुन खोजे पनि उनी उत्साहित हुन सकेनन्। 'ओह ! फेरि यिनै वञ्चनामा रुमलिँदै जिउनु पर्ने भयो, आशा, अभिलाषाको धज्जी उडाउँदै, आफ्नै पराजयको उत्सवमा सरिक हुनु पर्ने भयो, रंग मान्नु पर्ने भयो अब !' भन्नेखालको दमित चेतना हुलहुल्ती प्रकट हुँदै आयो। एकैछिनमा उनी त्यसैमा आकण्ठ डुब्न पुगे।

तटमा कतै निस्कनझैं बसेको ठाउँबाट उठे। उनलाई उकुमुकुस भएर आयो। झ्यालमा गएर अर्को खापा पनि उघारे। क्षितिजसम्म आँखा तन्काए। पहाड तुँवालोले ढाकेको थियो। मध्यान्हको सूर्यको राप रोषपूर्ण थियो। कहीं आँखा अड्याउने त्यस्तो सुरुचिपूर्ण ठाउँ थिएन। मन बहलाउने त्यस्तो कुनै दृश्य थिएन। खुम्चिएको उनको मन झनै खुम्चुङ्ग भयो। आफैमा खुम्चिँदै कोठामा टहल्न थाले। कोठै कत्रो थियो र ! फेरि उही ऐना सामु खडा भए। जति हेरे पनि कसको मन कति झिल्सिएको छ काँचको टुक्राले के देखाउन सक्थ्यो र ! तर पनि रंगरोगन लाए जस्ता भएर सोफामा आई बसे। फेरि त्यही फायल, तिनै कुरा ओल्टाई पल्टाई हेर्न थाले।

त्यसमा अल्झँदा अल्झँदै उनका आँखामा फेरि त्यो स्याल देखा पर्‍यो- 'तँ नाथेलाई के मार्नु' भनेर बाघले छोडिदिएको त्यही स्याल ! मुख थुनेर अँठ्याइराखेको, लुकाइराखेको स्याललाई अहिले कोही नभएको बेला पारेर नियाल्न थाले उनले। स्यालप्रति उनमा सहानुभूति जागेर आयो। जस्तै परे पनि

उनी सोचमग्न भए। उनले आफूलाई आद्योपान्त नियाले र छामे। तर आफूमा त्यस्तो आभार, धन्यवाद, कृतज्ञताको भाव केही फेला पारेनन्। त्यसको गन्धसम्म पनि आएन उनलाई। 'के अपहरणको एउटै घटनाले सर्वस्व भयो टाट पल्टियो मेरो ? फूलमा सुगन्ध जस्तै चेतनशीलतामा व्याप्त हुनु पर्ने, पत्रपत्रबाट गन्ध आउनु पर्ने त्यत्रो कुरा मलाई थाहासम्म भएन ! के भएको यो ?

सहने, उदरपूर्ति र प्राणरक्षाको चिन्ता बोकेर भौंतारिइरहने स्यालको जियाइ-रुवाइ र उनीबीच के भिन्नता थियो र। भ्रम होला भन्ठानेर आफूलाई कतै आश्वस्त पारिराखेका थिए, तर त्यो त उनको यथार्थ भएर पो आँखामा आइदियो फेरि !

यस्तो यथार्थबोधले उनमा पराजयको भाव झनै उम्लेर आयो। 'मान्छे हुँ' भनेर दाबी गर्ने जुन उनको बँचेको चेतना थियो त्यो तिरोहित भयो। जुन कारणले मर्न तयार भएका थिए त्यो नै उनीसँग रहेन। 'सम्पूर्णरुपले मेरो तेजोवध भइसकेछ !' भने आफैसित। सब स्मृति जस्तो आँखामा आउन थाल्यो : एउटा मानव आकृति, त्यहाँ तरंगित हुने चेतनशीलता, अहिंसाको चाहना, स्वतन्त्रताको आग्रह, यी सबलाई पोको पार्ने मान्छेको छाती, जसलाई उनले जहाँ जाँदा पनि अघि सार्ने गर्थे। त्यो नै सायद बैरी भयो।

'त्यो कहीं प्रकट भएको भए के अहिले उनी यहाँ हुन्थे ? यो 'हुनु' नै पर्याप्त हो ? के यही सन्तोष र पूर्वस्मृतिमा अल्झँदै मान्छेको छालामा स्याल पोको पारेर जिउनु अब उनले ? धन्यवाद, आभार जे जे भन्नु पर्ने हो, जहाँ पनि हत्त न पत्त अघि सर्ने यही कायरतालाई भन्नु अब उनले ? आफ्नो रक्षामा उभिन नसकेको भनेर मान्छेको छालामा जे जति अल्झेको छ, त्यसलाई लात हानेर जिउनु अब उनले ?'

सम्झँदै, सोच्दै ल्याउँदा उनमा एकाएक के के उम्लेर आयो। फायलमा संकलित कागज एक एक गर्दै च्यात्दै र फाल्दै गर्न थाले। यस्तैमा अलका ढोकामा उभिन आइपुगिन्। आउँदा आउँदै ढोकाबाट यो सब देखेर 'के गर्नुभएको यस्तो ?' भन्दै फायल खोस्न पुगिन्। नक्षत्र र उपमा पनि उनको पछिपछि आइपुगेर ट्वाल्ल पर्दै रित्तो फायल, कागजका टुत्रा र आफ्ना पितालाई हेर्न थाले।

यी सबलाई देख्ता र अन्य शुभचिन्तकलाई सम्झँदा पराजयको पीडाले कुलरत्न झनै कोपरिए। उनको अन्तरात्मा उसरी नै हुँइय्याँ हुँइय्याँ गर्न थाल्यो। ■

# सालीन सौन्दर्य

**हजार सपना** देखेर ती सबै सपनाले एक-एक आत्महत्या गरेको मिस ललितपुर-२००४ अनु श्रेष्ठलाई मन पर्दैन। त्यसैले उनी भक्तराज आचार्यले गाएको 'हजार सपनाहरूको माया लागेर आउँछ' जसैगरी हत्या हुने सपना देख्दिनन्। बरु देखेका थोरै सपनालाई विपनामा बदल्ने उनको लक्ष्य रहन्छ सधैं।

सानैदेखि उनी नाच्थिन्, स्कुलका कार्यक्रमतिर। ललितपुर सेकेन्डरी बोर्डिङका शिक्षक-शिक्षिका उनको नाच हेरेर मक्ख पर्थे। त्यही बेला उनी सोच्थिन्, यसरी नै धेरै मान्छेलाई मक्ख पार्न पाए ! उनको रुचि नृत्यपछि रेडियो कार्यक्रममा बोल्नु थियो। एसएलसीपछि खाली समयमा रेडियोमा कसरी बोलेर श्रोतालाई मक्ख पार्ने भन्ने कला सिक्दै गर्दा थाहा पाइन्, मिस ललितपुर हुँदैछ। आफूलाई चिनाउने यस्तो राम्रो ठाउँ अरू कुन हुन सक्थ्यो ! नभन्दै त्यसमा उनी विजयी मात्र भइनन्, त्यही कारणले उनलाई विभिन्न ऱ्याम्प मोडलिङका लागि प्रस्ताव आउन थाले।

अब केही दिनभित्रै मिस नेपाल २००६ को सहभागिताको लागि घोषणा हुँदै छ। मिस ललितपुर भइसकेकी अनु यसमा भाग लिँदै छैनन्, तर आफूजस्तै केही गरौं भनेर अवसरको खोजी गरिरहेकाका लागि यसले एउटा मञ्च दिनेछ भनेर उनी खुसी भएकी। उनी आफू मिस ललितपुर भए पनि धेरै सम्भावनाका ढोका खुलिसकेका कारण यस्ता सौन्दर्य प्रतियोगिताको औचित्य गहन देख्छिन्।

हुन पनि प्रसादी एकेडेमीमा ११ कक्षा पढ्दा पढ्दै मिस ललितपुर भएपछि दुई वर्षभन्दा कम समयमै उनले आधा दर्जन म्युजिक भिडियो, चारवटा ऱ्याम्प मोडलिङको अवसर र तीनवटा आकर्षक टिभी विज्ञापनमा काम गर्ने अवसर पाइसकिन्। यदि पढाइ बाधक नहुँदो हो त टेलिसिरियल र चलचित्रका लागि पाइरहेको अवसर स्वीकार गर्ने थिइन्। पिनाकल एकेडेमीमा बिबिए प्रथम वर्षकी छात्रा अनुलाई सुमन श्रेष्ठको म्युजिक भिडियो 'बाधा परुन् जति नै...' बाट नै चिनेका थिए दर्शकले, तर पछिल्लो समयमा आनन्द कार्कीको 'सम्झीसम्झी रुनुभन्दा..' र जुना प्रसाईंको 'नदेखेको भए हुन्थ्यो...' भिडियोले उनलाई चर्चामा उभ्याइदिएको छ।

२०४३ साल ६ महिना ६ गतेका दिन बिहान ६ बजेर ६ मिनेटमा नै जन्मिएकी अनु घरायसी सहयोगका कारण यस क्षेत्रमा आउन सजिलो भएको बताउँछिन्। यस क्षेत्र बाहिरबाट हेर्दा जति बदनाम देखिन्छ, त्यस्तो आफूले नपाएको अनुको धारणा छ, 'मैले जति जनासँग यस क्षेत्रमा काम गरेँ, सबै कामप्रति प्रतिबद्ध 'प्रोफेसनल' नै पाएँ। बाहिर हल्ला भए जति 'शोषण' र 'काम नलाग्ने' ठाउँचाहिँ होइन रहेछ।'

त्यसो त उनले पछिसम्म कला क्षेत्रलाई निरन्तरता दिनेबारे सोचिसकेकी छैनन्। किन त ? 'यो क्षेत्र रहरले लाग्नेहरूका लागि ठिकै हो। तर, यसैमा लागेर जीवन धान्न सक्ने स्थिति अझै बनिसकेको छैन', अनुको अनुभव छ। त्यसैले उनको अहिले प्राथमिकतामा पढाइ नै छ।

एक्काइसौँ शताब्दीमा जिउने तर अठारौँ शताब्दीको मानसिकता पाल्नेहरूप्रति अनु पनि उति उदार छैनन्। पूजा प्रधानको 'स्विमसुट' फोटो छापिएपछि नेपालमा साहसी नारी जन्मिएको उनको धारणा बनेको छ। 'भद्दा देखिनु हुँदैन', भद्र सौन्दर्यकी पक्षपाती उनी भन्छिन्, 'त्यही काम र त्यही सौन्दर्य विदेशीहरूको हुँदा हामी नै प्रशंसा गर्छौं, र हामीले नै त्यो काम गर्दा हाम्रो अनेकथरि आलोचना हुन्छ।'

के उनी त्यसो भए 'स्विमसुट'का लागि राजी छिन् त ? 'म मानसिक रूपमा तयार छु, तर सँगै घरका परिवार राजी भए भने अहिलेको समयमा यो ठूलो कुरा कदापि होइन', उनको दृढ आवाज थियो।

■ अच्युत कोइराला/काठमाडौं





# एन्जेलिना पुत्रीको कमाइ

**ब्राड पिट र एन्जेलिना जोलीकी** नवजात पुत्री भरखरै केही दिनकी भइन् । तर, थाहा छ उनले आफ्नो पहिलो तस्वीर खिचाएर कति कमाइन् ? ५० लाख डलर ! अपत्यारिलो लाग्छ तर साँचो यही हो ! उनको पहिलो तस्वीर सार्वजनिक हुँदा पिट र एन्जेलिनाले कमाए- ५० लाख डलर । तर, यो रकम उनीहरूले एउटा च्यारिटीलाई दिने भएका छन् ।

हलिउडकर्मीले सामाजिक सेवाका लागि रकम बटुल्नु र खर्च गर्नु केही नौलो होइन । एन्जेलिना र रिचर्ड गेरेजस्ता कलाकारले सार्वजनिक जानकारीमा नल्याई पनि यस्ता थुप्रै काम गरिसकेका छन् । एन्जेलिनाले त दुईजना अनाथहरूलाई अहिले पनि धर्मपुत्र-पुत्री बनाएर पालिरहेकी छन् । उसो त हालै क्याटी होम्सबाट एक पुत्री जन्माएका टम क्रुजले पनि दुई बालबालिकालाई धर्मपुत्र-पुत्रीका रूपमा माया बाँडिरहेकै छन् ।

हलिउड मात्र होइन, वलिउड कलाकार सुस्मिता सेन र रविना टन्डन पनि यस मामलामा निकै अगाडि छन् । हुनत आमिर खान र विवेक ओवरायजस्ता भारतीय कलाकारहरू पनि बेलाबेला च्यारिटी क्रियाकलापमा व्यस्त रहेको समाचार आइरहेका हुन्छन् । तर, उनीहरू भने च्यारिटीभन्दा पनि प्रचारप्रसारमा बढी व्यस्त रहने आरोप सञ्चारकर्मीहरूले लगाउँदै आएका छन् ।

तर, बलिउडमै पनि यस्ता कलाकारहरूको कमी छैन, जो च्यारिटी क्रियाकलापमा त व्यस्त रहन्छ तर यसको जानकारी सार्वजनिक गर्न चासो दिँदैनन् । राहुल बोस एकजना यस्तै अभिनेता हुन् । 'मलाई त आफूले गरेका सामाजिक कामहरूबारे बताउँदै हिँड्न लाज लाग्छ', राहुल भन्छन् । ■




# 'कुँडियो मन'



**'अदालतले नै प्रकाश निर्दोष हो भन्दा पनि मेरा गीत सञ्चारमाध्यमले बजाउने आट गर्दैनन्, सञ्चारमाध्यमहरूको यो संकुचित मानसिकता देख्दा मेरो मन कुँडिन्छ ।'**

**कसैले गल्ती गर्छ भने** उसले कानुनबमोजिक सजाय पाउँछ । तर, गल्तीसँगै एउटा कलाकारमा रहेको सिर्जनशीलता, कलाकारिता र क्षमतालाई कुनै पनि सञ्चारमाध्यमले पक्षपात गर्न मिल्दैन । हाँस्य गायक तथा कलाकार प्रकाश ओझाले यही नियति भोगे उनले जेल बस्दाको अवधिभर । र, अहिले पनि आफ्ना लोकप्रिय गीतलाई सञ्चारमाध्यमले प्रसारण नगरेर अन्याय गरेको गुनासो छ, उनको ।

सुनसरी जिल्ला अदालतले उनलाई दुई साताअघि नै निर्दोष सावित गर्दै सफाइ दिइसकेको छ, तैपनि उनका गीत सञ्चारमाध्यममा बजेका छैनन्, अहिले उनलाई यही पिरलो छ । प्रकाश गत दुई साताअगाडि रिहा भएका हुन् । रिहा हुँदा नहुँदै राजधानी आएर आफ्नो कला सार्वजनिक गर्न तम्सेका छन्, उनी । पहिलेको गीत कुनै पनि सञ्चारमाध्यमले नबजाइदिएपछि अदालतले निर्दोष मानेर सफाइ दिए पनि सञ्चारमाध्यमले आफूलाई अझै अपहेलना गरेको गुनासो छ, उनको । 'अदालतले नै प्रकाश निर्दोष हो भन्दा पनि मेरा गीत सञ्चारमाध्यमले बजाउने आँट गर्दैनन्, सञ्चारमाध्यमहरूको यो संकुचित मानसिकता देख्दा मेरो मन कुँडिन्छ,' उनी भन्छन् ।

जेलमा बस्दा पनि उनले आफूमा रहेको गायन क्षमतालाई भने कहिल्यै बिट मारेनन् । जेलभित्र रहेकाहरूलाई मनोरञ्जन दिनसमेत उनी यो अवधिमा तल्लीन रहे । 'सातामा एक दिन विराटनगर जेलभित्र सांगीतिक कार्यक्रम गर्थें, सबैको मायाले मलाई विनाकसुरको सजाय भोग्न केही मद्दत पुऱ्याएको थियो ।'

जेल बस्दा पनि आफूलाई माया गर्ने श्रोतालाई भेट्दै फुर्सद भएन उनलाई । आफूलाई भेट्न आउने प्रशंसकहरूको सूची पनि बनाएर राख्न भ्याए, जसमा ४१ सयको नाम टिपेर राखेका छन्, उनले ।


तर आफूमाथि लागेको आरोपमा अदालतले फैसला नै नगर्दै आफ्ना गीतलाई सञ्चारमाध्यमले कारबाही गरेकोमा साह्रै आफ्नो मन दुखेको बताए, उनले । उनको गुनासो छ, 'मसँगै मेरा सिर्जनालाई पनि सबै सञ्चारमाध्यमले जेलमा हाले, अहिले म निर्दोष भनेर अदालतले सफाइ दिइसक्दा पनि कसैले मेरा गीतलाई बजाउने आँट गरेका छैनन् ।

लगातार पन्ध्र महिना जेल बस्दा सबैको मुखमा झुन्डिने आफ्ना गीतहरूलाई श्रोताबाट टाढा राख्दाको पीडाबाहेक अरू कसैप्रति केही गुनासो छैन, उनलाई । 'गल्ती गरेको भए प्रकाशले सजाय भोग्थ्यो उसको गीतलाई किन सजाय दिइयो ? यो मेरा लागि मात्र होइन मलाई मन पराउने मेरा श्रोतालाई समेत अन्याय भएको मैले ठानेको छु ।'

जेलबाट छुट्दा छुट्दै उनी आफ्नो नयाँ गीति क्यासेट '४ सय ७७' लाई बाहिर ल्याउन रेकर्डिङका लागि दौडधुपमा लागी परेका छन् । आफू जेल बस्दाको समयावधिलाई नै उनले क्यासेटको नामकरण गरेका हुन् । 'यो क्यासेटमा मैले जेल बस्दा नै बनाएका गीतहरू छन्, ४ सय ७७ दिन जेल बस्दाखेरि निस्किएका सिर्जनालाई नै मैले यो क्यासेटमार्फत बाहिर ल्याएको छु । त्यसैले यसको नाम पनि ४ सय ७७ राखेको हुँ ।'

■ ज्योति देवकोटा/काठमाडौं



# जनआन्दोलनका मणि



तेजबहादुर बस्नेत

**जनआन्दोलन तातेका** बेला सर्वसाधारणलाई सडकमा ओर्लिन उनले वाचन गरेका कविताले थप ऊर्जा थपे । आन्दोलनताका मणि काफ्ले कीर्तिपुरवासीबीच जनताका कवि बने । कीर्तिपुरका स्थानीयहरूबीच पनि उनको छवि मणिमै परिणत भयो । उनकै कविता सुन्नका लागि पनि स्थानीयहरू भोलिपल्ट कर्फ्यु उल्लंघन गर्दै बाटोमा ओइरिन थाले ।

जुरुक्क उफार्न सक्ने शब्द, तुरुन्तै समाचारलाई कवितामा वाचन गर्न सक्ने क्षमता र उनको जोसिलो आवाज आन्दोलनकारीहरूका लागि मोहनी सावित भयो । लगातार ६ घन्टासम्म उनले मुलुकको समाचार कवितामार्फत माइक समाएर सुनाएका थिए ।

जन अधिकारका लागि उनले कवितामार्फत सर्वसाधारणलाई तताउँदै गर्दा म्युजिक नेपालले उनलाई अफर गऱ्यो, 'यिनै कविताहरूलाई क्यासेटमार्फत बाहिर ल्याएर सबैलाई सुनाउँदा कसो होला ?' उनले तुरुन्तै स्वीकार गरे । तिनै कविताहरूको सँगालो गत साता सार्वजनिक भएको छ, कीर्तिपुरमा । 'मेरो मानसपटलमा गणतन्त्र कस्तो छ, त्यसैको वयान गरेको छु यी कविताहरूमा', काफ्ले बताउँछन् ।

आन्दोलनलाई ऊर्जा दिन उनले वाचन गरेका कविताहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए कीर्तिपुरमा । जनसमुदायलाई कविता सुनाएर नियन्त्रण गर्न सकिन्छ कि भनेर माइक समाउँदै स्टेजमा आएका उनले त्यो बेलाको विशाल भीडलाई यसरी नियन्त्रणमा राख्न सक्छु भन्नेसम्म सोचेका थिएनन् । अहिले उनका तिनै कविताहरूलाई म्युजिक नेपालले सार्वजनिक गर्दा उनी झनै हौसिएका छन् । 'जनताको गणतन्त्र कस्तो हुन्छ ? यसलाई मैले कवितामार्फत समेटेको छ', त्रिभुवन विश्वविद्यालय क्याम्पसमा एमए प्रथम वर्ष अंग्रेजीका विद्यार्थी मणिले हौसिँदै भने । ■



भास्कर ओझा

# अधिकारीको नयाँ जिम्मेवारी

**सरकारले** राष्ट्रियसभा सदस्य (कांग्रेस) राधेश्याम अधिकारीलाई सरकारले मिडिया आयोगको अध्यक्ष बनाएको छ । जेठ २९ मा संचारसम्बन्धी कानुन र नीतिमा समसामयिक परिमार्जन, सरकारी सूचना प्रवाह प्रणालीमा सुधार तथा समग्र मिडियाको पुनर्संरचना कसरी गर्ने भनेर सुझाव लिन अधिकारी आयोग गठन गरिएको हो ।

पेसाले कानुनव्यवसायी अधिकारीको विशेष गरी सरकारी संचारमाध्यमको नीति निर्माणमा लामो अनुभव छ । प्रजातन्त्र पुनःस्थापनापछिको अन्तरिम सरकारको पालामा उनी गोरखापत्र संस्थानको संचालक समितिका सदस्य थिए भने एक वर्ष अघिसम्म प्रेस काउन्सिलको सदस्य । काउन्सिलमै भएका बेला उनलाई पत्रकार आचारसंहिता समितिको संयोजकको जिम्मा पनि दिइएको थियो ।

सरकारले आफूखुसी मनोनीत गरेको आयोगका सदस्यहरूबीच समन्वय गरेर एकीकृत नीति नियम बनाउने काममा प्रशस्त जटिलता छन् । त्यस्तै नेपालको पत्रकारितामा बलियो र प्रभावकारी बन्दै गएको निजी क्षेत्रको पेसागत विकास, व्यवसायिक पत्रकारिता र ठूलो संख्याका श्रमजीवी पत्रकारका माग सबैलाई सम्बोधन हुने खालका नीति सुझाउने काम चानचुने छैन । नयाँ जिम्मेवारीबारे अधिकारी भन्छन्, 'सूचनाको हक प्राप्त गर्ने जनता हुन्, तिनै जनताको सूचनाको हकलाई केन्द्रविन्दु बनाएर काम गर्नेछु ।' ■




हरेक शुक्रबार
समयको बार
भृकुटी प्रकाशन प्रा. लि.
BHRIKUTI PUBLICATION (P) LTD.
P.O. Box: 1452, Lazimpart, Kathmandu, Nepal. Tel: 4443888, Fax: 4411912



युवराज घिमिरे

## शून्य समय

# प्रधानमन्त्रीय शासनको मूल्यमा सभामुखीय शासन पद्धतिको प्रयास

> स्वभाविक रूपमा प्रश्न उठ्छ– के सदनको सर्वोच्चतापछि सभामुखीय पद्धतिमा जाने यो निर्णयका लागि कांग्रेस र अर्को ठूलो दल नेकपा एमालेबीचको शीतयुद्ध जिम्मेवार त छैन ? सभामुख सुवास नेम्वाङको नियतलाई शंका गर्ने ठाउँ देखिँदैन अहिले नै, तर नियमावलीले उनलाई संसद्प्रति उत्तरदायी सरकार र त्यसका प्रमुखभन्दा बढी शक्तिशाली बनाएको छ ।

**जनआन्दोलन २०६२–६३** पछि जनताका नाममा एउटा खतरनाक राजनीतिक प्रयोग भएको छ, मुलुकमा । नेपालले २०४६ यता अपनाउँदै आएको संसदीय व्यवस्थाअन्तर्गतको प्रधानमन्त्रीय पद्धति नभएर विश्वमै कहीँ नभएको प्रयोग हुन लागेको छ, यहाँ । अर्को शब्दमा भन्ने हो भने प्रधानमन्त्रीय शासन व्यवस्थाविरुद्ध एउटा अर्को समानान्तर व्यवस्थाको जग हालिएको छ अहिले, जसको सर्वेसर्वा सभामुख हुनेछन् । निरंकुश प्रतिनिधिसभाका अध्यक्षका रूपमा मात्र हैन, हालैको संसद् नियमावलीबाट स्थायी प्रकृतिका कार्यकारी अधिकारसमेत सभामुखको हात लागेको छ ।

वास्तवमा सभामुखले प्रधानमन्त्री र राजा दुवैभन्दा बढी विशेषाधिकार पनि हासिल गरेका छन् । अर्थात् लाग्छ, अब नेपालका चक्रवर्ती सभामुखको उदय हुनेछ । हालै घोषित नियमावलीअनुसार सभामुखको आचरणसम्बन्धी विधिवत् रूपमा ल्याइएको प्रस्तावबाहेक अन्य कुनै किसिमले सभामुखबारे टीकाटिप्पणी गर्न पाइनेछैन । र, यो निश्चय पनि संसदीय मान्यता र परम्पराअनुरूपको नियमावली हो । सभामुख सदनको अभिभावक र मर्यादा तथा नियमहरूको संरक्षक पनि हो । त्यसैले उसको मर्यादाप्रति सामूहिकरूपमा सदन संवेदनशील हुनु आवश्यक हुन्छ ।

तर, प्रतिनिधिसभाले आन्दोलनका नाममा पुनर्जीवित हुनेबित्तिकै घोषणामा राजाका निर्णय र आचरणबारे अदालतमा प्रश्न गर्न सकिने बन्दोबस्त गरेको छ । र, प्रतिनिधिसभा नियमावलीमा संवैधानिक या सेरेमोनियल कुनै पनि राजतन्त्रलाई त्यस्तो उन्मुक्ति दिइएको छैन । प्रश्न स्वतः उठ्छ के सभामुखलाई राजाको पुरानो उन्मुक्ति हस्तान्तरण गरिएको हो जनताको आन्दोलनका नाममा ।

माघ १९ गतेको शाही कदमपश्चात् र जनआन्दोलनको सुरुवातभन्दा निकै पहिले सर्वोच्च अदालतका केही न्यायाधीशहरूले विषम परिस्थितिमा पनि कसरी न्यायपालिकाले आफ्नो विवेक र गौरव अनि वैयक्तिक स्वतन्त्रता तथा मर्यादा कायम राख्न सक्छ, त्यसको अनुपम उदाहरण प्रस्तुत गरेका थिए । तीमध्येका अग्रणी अनुपराज शर्माको चुनौतीपूर्ण नैतिक अडानपछि प्रतिनिधिसभाको निरंकुशता केही मात्रामै भए पनि दच्किए जस्तो देखियो । प्रतिनिधिसभामा न्यायाधीशले शपथ ग्रहण गरेर व्यवस्थापिकाको चरणमा न्यायपालिका लम्पसार पर्नुपर्ने र त्यसका कारण न्यायपालिकाको स्वतन्त्रतामा पुग्ने कुठाराघातबाट मुलुक बचेको छ । तर, त्यसले प्रतिनिधिसभाको विवेकमा प्रश्न उठाउने ठाउँ दिई नै रहनेछ, आउँदा केही दिनसम्म ।

न्यायपालिकामाथि प्रतिनिधिसभाको ग्रहण लाग्न नसके पनि कार्यपालिकाको अधिकारमा प्रतिनिधिसभा र खासगरी सभामुखको छायाँ परेको स्पष्ट देखिन्छ, नयाँ नियमावलीपछि । अर्थात् विनाजवाफदेहिता सभामुखले कार्यकारी अधिकारलाई प्रभावित गर्नेछन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला यसबारे सचेत नहुनु उनको लाचारी हो या समझदारीको अभाव, यो भविष्यले निर्धारित गर्नेछ ।

प्रतिनिधिसभाले व्यवस्था गरेको विशेष समितिमार्फत सभामुखले कार्यकारीको सीमाभित्र रहेका महत्त्वपूर्ण र संवेदनशील विषयमा हस्तक्षेप गर्न सक्नेछन्, अब उप्रान्त । उदाहरणका लागि सुरक्षा विशेष समितिलाई लिऊँ जसको अध्यक्षता सभामुखले गर्नेछन् । सेना परिचालनसम्बन्धी निर्णय अब मन्त्रिपरिषद्ले स्वतन्त्ररूपमा (संसद्द्वारा अनुमोदनका सर्तमा नभएर) सभामुखको अध्यक्षताको समितिले गर्नेछ ।

त्यस्तै संवैधानिक परिषद्, न्यायपरिषद् तथा कुटनीतिक (राजदूत) नियुक्तिका लागि पनि अब उप्रान्त संसदीय सुनुवाइ विशेष समितिले गर्ने व्यवस्था गरिएको छ । त्यसमा चाखलाग्दो विषय के छ भने पूर्ति गरिनुपर्ने पद संख्याको तीन गुणासम्म नामका साथ प्रस्तावित व्यक्तिहरूबाट समितिले आवश्यक संख्यामा नियुक्ति गर्नेछ । अमेरिकी सिनेटले कार्यकारीद्वारा गरिएको नियुक्तिलाई अनुमोदन वा खारेज गर्न सक्छ । तर यहाँ त्यस्तो व्यवस्था नभएर विशेष समितिले नै 'नियुक्ति' दिने विशेष व्यवस्था गरिएको छ । अझ अचम्मको कुरा संसदले व्यवस्था गरेको आचार समितिको कार्यक्षेत्र आफै परिभाषित गर्ने अधिकार पनि स्वयंले लिएको छ ।

स्वभाविक रूपमा प्रश्न उठ्छ– के सदनको सर्वोच्चतापछि सभामुखीय पद्धतिमा जाने यो निर्णयका लागि कांग्रेस अर्को ठूलो दल नेकपा एमालेबीचको शीतयुद्ध जिम्मेवार त छैन ? एमाले नेता सुवास नेम्वाङको नियतलाई शंका गर्ने ठाउँ देखिँदैन अहिले नै, तर नियमावलीले सभामुखका रूपमा उनलाई संसद्प्रति उत्तरदायी सरकार र त्यसका प्रमुखभन्दा बढी शक्तिशाली बनाएको छ ।

नियमावलीले सभामुखलाई तीन सातासम्मका लागि प्रतिनिधिसभा सत्र स्थगित गर्ने अधिकार पनि प्रदान गरेको छ । यस्तो तजबिजी अधिकारले सभामुखलाई सरकारको विरुद्ध या समर्थनमा निर्णायक भूमिका वा राजनीति खेल्ने अवसर दिनेछ । अर्थात् सभामुख अब केवल व्यवस्थापिकाका अध्यक्ष तथा संरक्षक मात्र हैन, मुलुकको राजनीतिक तथा कार्यकारी शक्तिका एउटा निर्णायक स्रोत पनि बनेका छन् ।

जनआन्दोलनको नाममा संसदीय व्यवस्थालाई यति विकृत बनाइँदा तत्काल सभामुख नेम्वाङ वा उनको दल एमालेलाई राजनीतिक 'मस्सल' प्राप्त होला । तर, त्यसले निम्त्याउने परिणाम खतरनाक हुन सक्छ । निरंकुश राजतन्त्रको विकल्पका रूपमा संसदीय 'तानाशाही'को कल्पना अहिलेसम्म कसैले गरेको छैन र त्यसलाई भविष्यमा पनि कसैले स्वीकार गर्नेछैन । ■